शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

वर्ष ३२ अंक २९९ काठमाडौं | ६ पुस २०८१ शनिबार पौष कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११४५ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, December 21, 2024 | पृष्ठ ८+४ | १० रुपैयाँ

एनपीएलको पहिलो उपाधि आज

उपाधि जित्ने टिमले १ करोड १० लाख रुपैयाँ हात पार्ने, नेपाली खेलकुद इतिहासमा अहिलेसम्मकै सबैभन्दा ठूलो पुरस्कार राशि

तस्बिर : क्यान

विश्व सम्पदामा सूचीकृत पाटन दरबार स्क्वायर क्षेत्रमा रहेको कृष्ण मन्दिर परिसरमा शुक्रबार एनपीएल ट्रफीका साथ फाइनलका प्रतिस्पर्धी कप्तानद्वय सुदूरपश्चिम रोयल्सका दीपेन्द्रसिंह ऐरी र जनकपुर बोल्ट्सका आसिफ शेख ।

फाइनल यात्रा

सुदूरपश्चिम रोयल्स

- लिग चरण
  - विराटनगर किंग्सविरुद्ध ९० रनको जित
  - काठमान्डु गुर्खाजविरुद्ध ७३ रनको जित
  - लुम्बिनी लायन्सविरुद्ध ४५ रनको जित
  - चितवन राइनोजसँग ३३ रनले पराजित
  - जनकपुर बोल्ट्सविरुद्ध ७२ रनको जित
  - पोखरा एभेन्जर्सविरुद्ध ५ रनको जित
  - कर्णाली याक्सविरुद्ध ६ विकेटको जित
- क्वालिफायर-१
  - जनकपुर बोल्ट्सविरुद्ध ८ विकेटको जित

जनकपुर बोल्ट्स

- लिग चरण
  - विराटनगरविरुद्ध ८ विकेटको जित
  - कर्णाली याक्सविरुद्ध ८ विकेटको जित
  - पोखरा एभेन्जर्सविरुद्ध ७ विकेटको जित
  - लुम्बिनी लायन्सविरुद्ध १ रनको जित
  - सुदूरपश्चिम रोयल्ससँग ७२ रनले पराजित
  - काठमान्डु गुर्खाजविरुद्ध ५ विकेटको जित
  - चितवन राइनोजसँग ३२ रनले पराजित
- क्वालिफायर-१
  - सुदूरपश्चिम रोयल्ससँग ८ विकेटले पराजित
- क्वालिफायर-२
  - कर्णाली याक्सविरुद्ध २ विकेटको जित

हिमेश (काठमाडौं)

आम नेपालीमाझ क्रिकेटबारे कौतूहल मात्र होइन, मिठो लत बसाल्दै नेपाली प्रिमियर लिग (एनपीएल) आज शनिबार सकिँदै छ । एनपीएलकै कारण कम्तीमा तीन साता नेपाली खेलकुद क्रिकेटमय रह्यो । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमै गएर लाखौंले प्रत्यक्ष खेल हेरे । त्योभन्दा धेरैगुणा बढीले टेलिभिजन र अन्य माध्यमबाट एनपीएलको मज्जा लिए । कोही कसैसँगको भेटमा पनि चर्चा यही फ्रेन्चाइज क्रिकेट एनपीएलको रह्यो । नेपाली घरेलु क्रिकेट इतिहासमै यो अहिलेसम्मकै ठूलो खेल पनि हो ।

मुख्य प्रश्नको उत्तर पाउन भने अझै बाँकी छ । एनपीएलको पहिलो च्याम्पियन कुन टिम होला त ? फाइनलमा भिड्दै छन्, सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स । यी दुईलाई सुरुदेखि नै उत्कृष्ट टिम मानिँदै आएको थियो । त्यसैले फाइनल पूर्णतः रोमाञ्चक, सनसनीपूर्ण र प्रतिस्पर्धात्मक हुने अनुमान छ । उपाधि जित्ने टिमले १ करोड १० लाख रुपैयाँ हात पार्नेछ । नेपाली खेलकुद इतिहासमा यो अहिलेसम्मकै सबैभन्दा ठूलो पुरस्कार राशि हो । दोस्रो हुनेको भागमा जानेछ ५१ लाख रुपैयाँ ।

पुरस्कार राशि

विजेता : १ करोड १० लाख

उपविजेता : ५१ लाख

तेस्रो : २५ लाख

चौथो : १५ लाख

उत्कृष्ट खेलाडी : कार

प्रतियोगितामै उत्कृष्ट हुने नेपाली खेलाडी को हुनेछन् त भन्ने जिज्ञासा पनि व्यापक छ । किनभने उत्कृष्ट एक खेलाडीले कार पुरस्कार जित्नेछन् । यस पुरस्कारका प्रमुख प्रत्याशीले नै फाइनल खेल्ने हुँदा सबैको ध्यान व्यक्तिगत प्रदर्शनमा पनि जानेछ । एनपीएलमा दर्शकको 'क्रेज' कस्तो छ भने फाइनल खेलका लागि बिहीबार अनलाइनमा टिकट बिक्री खुलाएको केही बेरमै सबै 'सोल्डआउट' भएको थियो । उद्घाटन खेलका लागि पनि तीन दिनअघि नै सबै टिकट बिक्री भएको थियो । यसबीचका खेलमा पनि त्रिवि क्रिकेट मैदानमा दर्शक ओरिएका थिए ।

आठ टिम सहभागी एनपीएलको लिग चरण सकिँदा सुदूरपश्चिम र जनकपुर नै शीर्ष दुई स्थानमा थिए । जनकपुर सुरुवाती केही चरणका खेलपछि पहिलो स्थानमा थियो । पछि उसलाई सुदूरपश्चिमले उछिनेको हो । लिग चरणमै धेरैले यिनै दुई टिम फाइनल पुग्ने अनुमान गरेका थिए । मार्की खेलाडी दीपेन्द्रसिंह ऐरीको नेतृत्वमा उत्रेको सुदूरपश्चिमले लिग चरणमा एउटा खेल मात्र गुमाएको थियो, जुन चितवन राइनोजसँगको थियो । आसिफ शेख मार्की र अनिल शाह कप्तान रहेको जनकपुरले लिग चरणका ७ मध्ये ५ खेल जितेको थियो । **बाँकी पृष्ठ ३**

जीबी राईविरुद्ध सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा पनि मुद्दा

राईविरुद्ध सहकारी ठगीसहित संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐनविरुद्धको कसुरमा १५ वर्षसम्म कैद र साढे २ अर्ब बिगो दाबी

दीपक परियार (पोखरा)

पोखराको सूर्यदर्शनसहितका सहकारी ठगीका मुख्य योजनाकार गीतेन्द्रबाबु (जीबी) राईलाई १५ वर्षसम्म कैद र साढे २ अर्ब रुपैयाँ बिगो मागदाबी गर्दै शुक्रबार कास्की जिल्ला अदालतमा पूरक मुद्दा दायर भएको छ । जिल्ला सरकारी वकिल कार्यालयले राईसहित सूर्यदर्शन सहकारी ठगीका सुरुआती १९ प्रतिवादीलाई थप कसुर र बिगो कायम गर्दै पूरक अभियोगपत्र दर्ता गरेको हो । सूर्यदर्शन सहकारीका बचत अपचलनकर्ताबाट मात्रै १ अर्ब ५१ करोड ४० लाख १९ हजार १९४ बिगो मागदाबी गरिएको छ ।

सहकारीपीडितले २०८० भदौ २२ मा सूर्यदर्शन सहकारीका संरक्षक एवं पूर्वअध्यक्ष जीबी राई, वर्तमान अध्यक्ष थानबहादुर बुढा, उपाध्यक्ष कैलाशकुमार दर्लामी, सचिव धीरजकुमार दास, कोषाध्यक्ष कुमार रस्तेल, सदस्य हेमन्त अधिकारी र प्रमोद भट्टराईविरुद्ध जाहेरी दिएका थिए । पोखरा महानगरपालिकाले सहकारीको वित्तीय विश्लेषण प्रतिवेदन तयार पारेपछि प्रहरीले थप १२ जनामाथि अनुसन्धान थालेको थियो ।

सहकारीको पूर्वसञ्चालक समितिमा रहेका भूपेन्द्र राई, अनुज नकर्मी, शिवबहादुर गुरुङ, भवीश्वर अर्याल, आइस्मा गुरुङ, कविता तामाङ, सागर केसी, ललिता तामाङ, दिनेश रोक्का, सृष्टि मानन्धर, बुद्धि गुरुङ र सुरज श्रेष्ठसमेत गरी १९ जनालाई प्रतिवादी बनाएर जिल्ला सरकारी वकिल कार्यालयले २०८० असोज १८ मा सहकारी ठगीसम्बन्धी कसुरमा मुद्दा दर्ता गरेको थियो । त्यतिबेला १ अर्ब ११ करोड १९ लाख ४३ हजार बिगो मागदाबी गरिएको थियो ।

गीतेन्द्रबाबु (जीबी) राई

शुक्रबार भने सहकारी ठगीमा बिगो बढाएर संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा समेत मुद्दा चलाइएको हो । कास्की जिल्ला अदालतका निमित्त श्रेस्तेदार ख्यामनारायण लामिछानेले १९ अभियुक्तमध्ये १६ जनाका हकमा सहकारी ठगीको दफा र बिगो दाबी थप भएको जानकारी दिए । 'जीबी राईका हकमा सहकारीको दफा थप, बिगो थप, संगठित अपराधको दफासहित सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐनअनुसारको दफा थपसहित पूरक अभियोग प्राप्त भएको छ,' उनले भने ।

जिल्ला सरकारी वकिल कार्यालयकी न्यायाधिवक्ता कमला काफ्लेले अपचलनकर्ताबाट असुल गरी बचतकर्तालाई दिलाउन मुद्दा दर्ता गरिएको बताइन् । 'पुरानो अभियोगलाई प्रमाणित गर्न थप दाबी गरेर मुद्दालाई पूर्णता दिएका छौं,' उनले भनिन्, 'ककसले कति अपचलन गरेको छ, कति बिगो भर्नुपर्ने हो, अभियोगपत्रमा छ ।' यो प्रकरण सहकारी ठगी मात्रै नभएर संगठित अपराध, राष्ट्र बैंक ऐनविरुद्धको कसुर र सम्पत्ति शुद्धीकरण पनि जोडिएको उनले बताइन् ।

पूरक अभियोगमा सबैभन्दा धेरै बिगो र सजायको मागदाबी जीबी राईका नाममा छ । उनका लागि सम्पत्ति शुद्धीकरणमा करिब एक अर्ब ८६ करोड ७३ लाख बिगो कायम गरिएको छ ।

त्यसमध्ये सहकारी ठगीतर्फ सामूहिक र व्यक्तिगत बिगो गरी ४६ करोड ६८ लाख र राष्ट्र बैंक ऐनअन्तर्गत सामूहिक जिम्मेवारीतर्फ १८ करोड ४८ लाख ८ हजार छ । सामूहिक बिगोतर्फ सहकारीको १७ करोड ३२ लाख, गोर्खा मिडिया नेटवर्कको २ करोड ५० लाख, नेचर हर्ब्सको ३ करोड ८७ लाख, नेचर नेस्टको ४ करोड ४५ लाख, जीबी ग्रुपबाट २ करोड ६० लाख, स्प्रिङउडको १ करोड ४७ लाख, गोर्खा ग्रुप मल्टीको १ करोड ११ लाख र एस एन्ड बी कम्पनीको ३० लाख बिगो कायम छ । राईलाई सहकारी ठगीमा ६ देखि ८ वर्षसम्म कैद, संगठित अपराधमा थप ५० प्रतिशत सजाय, राष्ट्र बैंक ऐन २०५८ बमोजिम ३ वर्षसम्म कैद र सम्पत्ति शुद्धीकरण कसुरमा २ देखि १५ वर्षसम्म कैद र बिगोको दोब्बर जरिवाना मागदाबी गरिएको छ । **बाँकी पृष्ठ ३**



'कृषि क्रान्तिबाट समाजवाद' को बाटोमा नेकपा

नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले तराईमा धान र पहाडमा सिमी, कोदो, फलफूल उत्पादन गर्नुका साथै मोरङ र कपिलवस्तुमा गाईपालन, काठमाडौंमा गार्मेन्ट तथा हार्पिक र फिनेल उद्योग सञ्चालन गरिरहेको छ

गंगा बीसी (काठमाडौं)

नेत्रविक्रम चन्दले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले राजनीतिक अभियान र कृषि उत्पादनलाई सँगसँगै अघि बढाउने निर्णय गरको छ । नेकपाले कृषि उत्पादनमा आत्मनिर्भर हुने भन्दै 'नयाँ आर्थिक मार्ग' को नयाँ प्रस्ताव पनि पारित गरेको छ । यसअघि सामूहिक रूपमा कृषि सहकारी, पशुपालन र गार्मेन्ट उद्योग सुरु गरेको नेकपाको केन्द्रीय समिति बैठकले कृषिमा उत्पादनको विशेष प्रस्ताव पारित गरेको हो । महासचिव चन्दको राजनीतिक प्रस्तावमा आर्थिक उत्पादनको विषय प्रमुखताका साथ उठाइएको छ । कपिलवस्तुको शिवगढीस्थित केन्द्रीय कार्यालयमा भएको केन्द्रीय समितिमा राजनीतिक र आर्थिक क्रान्ति सँगसँगै अघि बढाउनुपर्ने प्रस्ताव पारित भएको छ ।

२०७७ फागुनमा शान्तिपूर्ण राजनीतिमा आएपछि नेकपाले कपिलवस्तुलगायत केही जिल्लामा भाडामा जग्गा लिएर सामूहिक खेती सुरु गर्दै आएको छ । त्यसअघि नेकपाले भूमिगत रहेर विद्रोहको अभ्यास गरे पनि असफल भएको थियो । पार्टी, नेता-कार्यकर्तालाई आत्मनिर्भर बनाउने आर्थिक अभियान सोचेभन्दा प्रभावकारी र परिणाममुखी देखिएको नेकपाको दाबी छ । उसले प्रचारात्मक रूपले मात्र नभई परिणामका दृष्टिले समेत अरूले अनुमान गर्ने स्तरभन्दा धेरै सफल भएको जनाएको छ । 'यो समयमा पार्टीको पहिचान र प्रतिष्ठा नै उत्पादन बन्न पुगेको छ' चन्दले प्रतिवेदनमा भनेका छन्, 'यो नेकपा र नेता कार्यकर्ताका लागि सुखद अनुभूति हो ।'

आर्थिक मोर्चाले राजनीतिलाई डोऱ्याउन उत्पादनमा जोड दिने महासचिव चन्दले जनाएका छन् । 'समयले आर्थिक मोर्चाबाट राजनीतिक कमान्ड गर्नुपर्ने आवश्यकता बनेको छ । क्रान्तिमा पैदा भएको उतारलाई चढावतिर, रक्षात्मकतालाई आक्रामकतातिर, पराजयलाई विजयतिर बढाउन अर्थ सम्बन्धमा नयाँ विकास अझै आवश्यक बनेको छ' चन्दको राजनीतिक प्रस्तावमा भनिएको छ, 'नेकपाले यो बुझेर पनि आर्थिक विषयमा दीर्घकालिक महत्त्वका संश्लेषण गर्दै अगाडि बढिरहेको छ । परिणाम पनि सकारात्मक आइरहेका छन् ।' नेकपा नेता सन्तोष बुढाले आर्थिक उत्पादनलाई मुख्य जोड दिएको बताए । 'केन्द्रीय समितिले आर्थिक उत्पादनलाई बढाउने महत्त्वपूर्ण निर्णय गरेको छ' उनले भने ।

नेकपाले हिमाल, पहाड र तराईमा १ सय २० बिघामा धान, दाल, तेलजन्य तथा फलफूल खेती सुरु गरेको जनाएको छ । 'असारदेखि भएको उत्पादन गत वर्षभन्दा माथि पुगेको छ । १२० बिघामा धान खेती र पहाडमा सिमी, कोदो, फलफूल उत्पादन गरियो । यसबाट दुई हजार क्विन्टल धानलगायत खाद्यान्न, दलहन र फलफूल उत्पादन भएको छ,' राजनीतिक प्रतिवेदनमा उल्लेख छ, 'नेकपाको उत्पादन कार्य नेपालको कम्युनिस्ट आन्दोलनको सन्दर्भमा नयाँ भइरहेको छ र विगतमा केही प्रयत्नहरू भएको पाइन्छ तर ती आन्दोलनका रूपमा उठ्न सकेनन्, न त टिक्न नै सके ।' माओवादी सशस्त्र युद्धका बेला रोल्पा, रुकुममा सामूहिक खेती गरे पनि शान्ति प्रक्रियामा आएसँगै बन्द भइसकेको छ । माओवादीको २०६९ माघमा भएको हेटौंडा महाधिवेशनले उत्पादन बिग्रेड घोषणा गरे पनि कार्यान्वयनमा ल्याउन सकेको थिएन ।

चन्दले उत्पादन सुरु गरेपछि सफल परिणाम पाइएको उल्लेख गर्दै राजनीतिक रूपमा सकारात्मक सन्देश गएको दाबी गरेका छन् । 'यसले पार्टीको ओज, गरिमा र सारतत्त्वलाई नयाँ उचाइमा पुऱ्याएको छ । हाम्रो उत्पादन अभियानमा कैयौं व्यवसायी, बुद्धिजीवी, कर्मचारी र पार्टी प्रतिनिधिहरूको सकारात्मक सहयोग रहेको छ' प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनअनुसार मोरङ र कलिपवस्तुमा भएको गाईपालनले आम्दानी दिन सुरु गरेको छ । उत्पादनका क्षेत्रमा नयाँ प्रयोग गर्दै दुईवटा गाईपालन मोरङ र कपिलवस्तुमा सुरु गरेको र कपिलवस्तु गाई फार्मले २ लाख आम्दानी गरी केन्द्रीय कार्यालयमा पठाएको विवरण छ । त्यस्तै काठमाडौं उपत्यका क्षेत्रमा स्थापना भएको हार्पिक तथा फिनेल उद्योगले आम्दानी दिन थालेको छ ।

'नेकपाले आर्थिक क्षेत्रमा आत्मनिर्भरताको विचार लागू गरेपछि पार्टीलाई मात्र होइन देशलाई नै प्रभावित पारेको छ' चन्दले भनेका छन्, 'सबै क्षेत्रमा रहेका सकारात्मक सोच भएका नागरिकले सक्दो सहयोग गरिरहेका छन् । सबै शक्तिलाई युद्धस्तरमा परिचालित गर्ने हो भने कसैले अनुमान नगरेको परिणाम हासिल गर्न सकिन्छ ।'

'श्रमबाट समृद्धिका लागि उत्पादन'

नेकपाले सुरु गरेको उत्पादन कार्यले नयाँ समाजवादी आर्थिक सम्बन्ध विस्तार गर्ने र त्यसले समाजवादको आधार तयार गर्ने जनाएको छ । 'हामीले अनुसरण गरेको उत्पादन कार्य केवल नेकपालाई आत्मनिर्भर गराउनुसँग मात्र पनि सम्बन्धित छैन' प्रतिवेदन भन्छ, 'यसको दीर्घकालिक सम्बन्ध, पुरानो आर्थिक आधारलाई भत्काउने र समाजवादी प्रकारको आर्थिक सम्बन्धको निर्माण गर्ने र आम नागरिकलाई श्रमबाट समृद्धि ल्याउन सकिन्छ भन्ने विश्वास दिनेसँग पनि छ । तसर्थ यसको महत्त्वलाई विशेष रूपले ग्रहण गर्नुपर्छ ।'

आर्थिक उत्पादनलाई नयाँ ढंगले परिमार्जन गरी अघि बढेमा मात्र सफल हुने नेकपाको विश्लेषण छ । पुरानो तरिकाले राजनीतिक र आर्थिक क्रान्ति पूरा नहुने भएकाले सामूहिक उत्पादनमा जोड दिएको छ । 'आर्थिक क्षेत्रमा विकास गरेको एकीकृत स्वामित्वको मौलिक दृष्टिकोण तथा व्यवहारमा लागू गरेको आत्मनिर्भरतालाई नयाँ उचाइ दिन आवश्यक छ । यसका लागि आर्थिक कार्य र व्यवहारमा नयाँ र फरक मार्ग अपनाउन जरुरी छ' प्रतिवेदनमा महासचिव चन्द लेख्छन्, 'यसलाई एकीकृत स्वामित्व, सामूहिक उत्पादन र व्यक्तिगत उत्तरदायित्वको नयाँ मार्ग भन्नु उचित हुन्छ । यसले पार्टीभित्र समाजवादको प्रयोगलाई व्यक्त गर्नेछ भने उत्पादनले आत्मनिर्भरता र समृद्धितिर बढाउनेछ ।'

नेताका आर्थिक जीवनको लेखाजोखा आवश्यक

नेपालका कम्युनिस्ट पार्टीका नेता धनी र पार्टी गरिब हुने अवस्था देखिँदै आएको छ । आर्थिक उत्पादनलाई पार्टीसँग जोड्न नसक्दा नेताहरू धनी हुने प्रवृत्ति बढ्दै गएको सन्दर्भमा पार्टी र नेताको आर्थिक उत्पादनलाई महत्त्वका साथ हेर्नुपर्ने बताइएको छ । 'हरेक नेताले आफ्नो निजी आर्थिक कार्य र पार्टीको आर्थिक कार्यलाई तालमेलमा राख्न सिक्नु हो । नेताका आर्थिक जीवन कसरी चलेको छ या नेताले गर्ने कार्यबाट पार्टीको आर्थिक कार्यलाई कसरी मद्दत पुगेको छ भन्ने विषय ज्यादै महत्त्वको छ' चन्दले राजनीतिक प्रतिवेदनमा लेखेका छन्, 'यो मिलाउन सकिएन भने समाजवाद फेरि पनि उत्पादनबिनाको वितरणको कुहिरोमा हराउनेछ ।'

नेकपाले उत्पादनमा मौलिक विशेषता अपनाएर नेता कार्यकर्ताको सहभागिताले सफलता पाएको दाबी गरेको छ । 'यो योजनाबाट थप विकास गर्दै पार्टीबाट नेता कार्यकर्तालाई होइन, नेता कार्यकर्ताको उत्पादन पार्टीलाई भन्ने विचार र नीति प्रयोग गर्नु हो ।' उसले पार्टीको उत्पादन गर्ने नीतिलाई कडाइपूर्वक लागू गर्ने प्रस्ताव पनि पारित गरेको छ । 'यो नीति प्रयोग गऱ्यो भने आफूलाई चाहिनेभन्दा कैयौं गुणा बढी उत्पादन गर्न सकिन्छ र पार्टीलाई पनि सबल बनाउनेछ । केन्द्रीय समिति, प्रतिनिधि समितिसम्म उत्पादनमा अनिवार्य सहभागी बन्नुपर्छ' चन्दले भनेका छन्, 'नेता र कार्यकर्ता एकीकृत स्वामित्वबाट सामूहिक स्वामित्वतिर र जनता निजी स्वामित्वबाट एकीकृत स्वामित्वतिर अगाडि बढ्ने विधि अवलम्बन गर्न सकिन्छ । यसो गर्न सक्दा कम्युनिस्ट आन्दोलनले नै युगान्तकारी मार्ग निर्माण गर्नेछ ।'

केन्द्रीय नेतालाई आफ्नै उत्पादनको पोसाक

नेकपाको केन्द्रीय समिति बैठकमा सबै सदस्यले आफ्नै गार्मेन्टमा तयार गरिएको 'युनिफर्म' लगाएका थिए । कपिलवस्तुको शिवगढीमा हालै भएको बैठकमा १ सय ४५ जना केन्द्रीय सदस्य चिटिक्क परेको कालो कोट, पाइन्ट र कमिज लगाएर बैठकमा सहभागी भएका थिए । शिवगढी केन्द्रीय कार्यालयमा स्थापना भएको गार्मेन्टमा सिलाएका पोसाक उपलब्ध गराइएको नेता सुदर्शन मंगोलले बताए । 'नेताहरूको पोसाकमा एकरूपता देखियोस् भनेर आफ्नै गार्मेन्टमा उत्पादन भएका कपडा लगाएका हौं' उनले भने, 'कपडा किनेर आफ्नै उद्योगले सिलाउँदा सस्तो र राम्रो पनि हुने भयो ।'

नेकपाले केन्द्रीय कार्यालय रहेको शिवगढीमा करिब १० लाख लगानीमा गार्मेन्ट स्थापना गरेको छ । काठमाडौंको कपुरधारामा पनि पार्टीले अर्को गार्मेन्ट स्थापना गरी पार्टीका नेता तथा कार्यकर्तालाई आवश्यक पर्ने कोट, पाइन्ट, कमिज र ट्र्याक सुट सिलाउँदै आएको मंगोलले बताए । साथै, नेकपाले खेती लगाउने मौसममा सबै केन्द्रीय सदस्यहरू एक महिना राजनीतिक कार्यक्रम रोकेर उत्पादनमा केन्द्रित भइरहेको बताएको छ ।

पूर्वमाओवादी नेता लोकेन्द्र विष्ट पनि ड्रागन खेती, कालोधान उत्पादन क्षेत्रमा लागेका थिए । उनी उत्पादन नगरी मुलुक अघि बढ्न नसक्ने उल्लेख गर्दै जनताको हितमा समाजवादतिर जानुपर्ने बताउँछन् । नेकपाले सुरु गरेको उत्पादन अभियानले राम्रो सन्देश दिएको उल्लेख गर्दै त्यसलाई टिकाउने आधार स्पष्ट हुनुपर्ने विष्टले बताए । 'उनीहरूले जे उत्पादन गरिरहेका छन्, त्यो राम्रो हो । टिकाउ हुन्छ कि हुन्न भन्ने प्रश्न हो' उनले थपे, 'केही समय स्टन्टबाजी भयो भने उत्पादन अभियान सफल हुने देखिँदैन । जनतालाई सँगै लिएर गए भने सफल हुन सम्भावना छ ।' आर्थिक उत्पादनलाई जनताको पक्षमा हुने राजनीतिक कार्यदिशासँग जोडे मात्र सफल हुने उनको भनाइ छ । भने, 'साँच्चै गरिखान्छौं भन्ने हो भने जनताको पक्षमा राजनीति र आर्थिक उत्पादनलाई जोडेर समाजवादको बाटोमा अघि बढ्नुपर्छ ।'

'राजनीतिक र कृषि उत्पादन सँगसँगै लगेका छौं'

● **सन्तोष बुढा**
स्थायी समिति सदस्य, नेकपा

नेकपाले कृषि उत्पादनमा जोड दिएको हो कि प्रचार मात्र हो ?

हामीले राजनीतिक र कृषि उत्पादन सँगसँगै लगेका छौं । यो साँच्चै आत्मनिर्भर हुने बाटो हो भनेर कृषि उत्पादनमा लागेका हौं । प्रचार मात्र होइन, तपाईं खेती भएको क्षेत्रमा आएर हेर्न सक्नुहुन्छ ।

कसरी खेती गर्नुभएको छ ?

१ सय २० बिघा जग्गा भाडामा लिएर खेती भइरहेको छ । अब तराईमा थप एक सय बिघा भाडामा लिँदै छौं । सरकारको बाँझो जमिन नराख्ने नीति छ । त्यसलाई कार्यान्वयन गर्दै बाँझो जमिनलाई उपयोग गर्नेछौं ।

सार्वजनिक र व्यक्तिको जग्गा कब्जा गरेर खेतीपाती गरेको भनिन्छ नि ?

हामीले कसैको जमिन कब्जा गरेर खेती गरेका छैनौं । ५, १० वर्षका लागि भाडामा लिएर खेती गरिरहेका छौं । जनयुद्धका बेला छोडेको केही जग्गामा जनताले खेती गरेका होलान् । त्यो कब्जा गरेको भन्न मिल्दैन ।

केन्द्रीय सदस्यलाई एउटै युनिफर्म किन ?

एकरूपता आओस् भनेर पनि हो । आफ्नै गार्मेन्टमा सिलाएको सेट सस्तो पऱ्यो । कोट, सर्ट र पाइन्ट जम्मा छ हजार मात्र हो । बैठकमा केन्द्रीय सदस्य समान देखिनुपर्छ भनेर एउटै युनिफर्म बनाएका हौं ।

नेकपाले सहकारी पनि चलाएको छ ?

काठमाडौं, कपिलवस्तुलगायत जिल्लामा सहकारी पनि चलाएका छौं । त्यस्तै कपिलवस्तुमा सामुदायिक अस्पताल बनाउँदै छौं । त्यसबाट जनताले सुलभ स्वास्थ्य सेवा पाउनेछन् ।

आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

मेष मनमा दोधार हुँदा अनपेक्षित तनाव हुन सक्छ । सकारात्मक सोचले आफूलाई पेस गर्नुपर्ने बेला छ । कुनै कुनै कुरालाई समयकै भरमा छोड्नु उचित हुनेछ ।

वृष अनपेक्षित रही आफ्नो प्राथमिकतामा ध्यान दिन सके बेस होला । समय सान्दर्भिकतामा रही आफ्नो प्रस्तुति दिनुपर्ने बेला छ । कसैका कुरामा बढी गम्भीर नहुनु नै उचित हुनेछ ।

मिथुन पारिवारिक भेटघाट गर्ने मौका जुट्नेछ । आफ्ना कुरा एकअर्कासित साझा गर्न पाउँदा मनको बोझ घट्ला । कुनै कुराको आकस्मिक लाभ हुन सक्छ ।

कर्कट मनोरञ्जनात्मक क्रियाकलापमा मन आकृष्ट हुन सक्छ । समयलाई आफूअनुरूप चलाउन खोजिनेछ । समग्रमा दिन राम्रै रहनेछ ।

सिंह मनपर्दो खानपानमा मन रमाउनेछ । योजनानुसार काममा सफल हुँदै गइनेछ । सोचेजसरी काम गर्न पाउँदा मन प्रसन्न रहनेछ ।

कन्या राम्रै सोचले गरेको काममा पनि अपजस पाइन सक्छ । कुनै पनि कुरा गर्नु र बोल्नुअघि राम्ररी सोच्नुपर्नेछ । अनपेक्षित रूपमा सकारात्मक सोचमा अग्रसर हुनसके मन शान्त रहला ।

तुला कुनै पनि कामलाई नसोचेकै बेस होला । आर्थिक लेनदेनको काममा सजग रहनुपर्ने बेला छ । सम्बन्धित व्यक्तिसित मात्रै तत्तत् कुरा गर्नु उचित रहला ।

वृश्चिक आफू सम्बन्धित कामकुरामा संलग्न हुन पाउँदा मन हर्षित रहनेछ । कुनै कुराले मनलाई उत्साहित एवं खुसी बनाउनेछ । कुनै कुराको सोचले नै मन तनावरहित हुन सक्छ ।

धनु ससाना कुरामा पनि आफैं खट्नुपर्दा व्यस्त भइनेछ । सकेसम्म कामको बाँडफाँट गर्न खोजिनेछ । आफ्नो अनुकूलताको आफैंले ख्याल गर्न सके मन खुसी रहला

मकर पुनर्ताजगीका लागि केही समय छुट्याउनु उचित होला । प्रतिक्रियात्मक कार्य गर्दा राम्ररी सोच्नुपर्नेछ । खुराफाती विचारका व्यक्तिसित तर्किनुमै भलाइ हुनेछ ।

कुम्भ विभिन्न कुराले गर्दा मन उत्साहित रहनेछ । मनको बोझ हट्न गई शान्ति मिल्नेछ । जोसुकैले जेसुकै भने/गरे पनि खासै फरक पर्ने छैन ।

मीन व्यक्तिगत कामका लागि समय निस्कनेछ । कुनै जमघटमा सहभागी हुने मौका मिल्नेछ । समय परिस्थिति विचारेर आफ्नो उपस्थिति जनाइनेछ ।

वर्गीकृत विज्ञापन

घर जग्गा

बुढानिलकण्ठ हातीगौडामा १५आनाजग्गा ५५लाखको अहिले आनाको ५०लाखमा उत्तरपूर्वी मोहडा १६फिटेबाटो, 9709711113

सामाखुशी मेनबजारबाट १कित्ताभित्र ०-१३-३-०जग्गा ९८४१७४९८६१

बारा जिल्ला निजगढ बडहर्वामा आकर्षक घडेरीहरू सस्तो मुल्यमा बिक्रि ९७०२४५०२२, ९८४९७०२४०५

पेप्सीकोलामा चारआना जग्गा बिक्रिमा 9841206019

नखिपोटमा २.५ घर बिक्रीमा २,२०,००,०००/- ९८५१०६६१३७

गुहेश्वरी प्लानिङमा २०'बाटोमा ०-४-२-० जग्गा 9802031524

सिनामंगल, कालीमाटिडोलमा ९आनामा बनेको रेसिडेन्स, म्यानपावर, अफिस तथा होटेलकोलागि उपयुक्तघर बिक्रि तथा सानोघरसंग सट्टापट्टागर्न ईच्छुकव्यक्तिले सम्पर्क गर्नहोला 9810231918

साँखु जर्सिङपौवामा तेह्रफुटे बाटोमा ३-८-३-० आनाको दशजाने जग्गा तुरुन्त लिनेलाई आनाको ५,०००,००, 9869122490

दहचोकमा प्रतिआना २१.५लाख र १२लाख तथा झ्लपोखरीमा प्रतिआना २६लाखको घडेरीबिक्रीमा, ९८५११६०२२८, ९८६११७५४००

सम्पर्क

लोन धितोफुकुवा Bank Balance 9845272414

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

सस्तोमा Bank Deposit धितोफुकुवा ९८४१०००००६५

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

रिसेपनिस्ट तथा कम्प्युटर अपरेटर, ९७४९४११३४५

विविध बिक्रीमा

तीनकुनेमा चलिरहेको किराना सस्तोमा ९८१५३२५१२२

चलिरहेको पाउरोटी कारखाना बिक्रीमा ९८५११३८४३०

निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगल सेफ्टीट्यांकी जामखोल्ने सस्तोमा 9860053516

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9840540700

ढलमंगल सेफ्टीट्यांकी जामखोल्ने सस्तोमा 9849519040

ढलमंगल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००।- ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ९८४१२१२२४४ ९८४१४८८८१३२, ०१५१९८२४०१

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माणपनि, 9841559659, 9843052042

भाडामा

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिने, 9851071590

बालाजुमा ५ कोठाको घर सहित जग्गा भाडामा ९८५१३३९४४४

काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

३०००० वाफलमा एकफ्ल्याट, warehouse 9851021083

विराटनगर नजिकै बुढीगंगा-४ स्थित गोदाम प्रयोजनको लागि २३०० वर्गफिट तथा १५ कोठे भवन भाडामा सम्पर्क ९८५२०२८१२३

नयाबानेश्वर शान्तिनगर गेट नजीकै अफिसको लागी फ्ल्याट भाडामा, ९८५१०२९७६९

चाहियो

अनुभवी कुक, हेल्पर हरिसिद्धि ९८६९३४४३८७

Salesmen +Light Driver चाहियो 9851173073 /9843565077

इण्डियन तन्दुरीकुक मसाल्ची हेल्पर 9843105084

Preprimary -3 grade teachers Balkot 9851016059

Jems Skating Club House मा १८ वर्ष माथिको महिला कामदार चाहियो तलब १२०००/- बोनससहित १७०००/- बनस्थली ९८५१०७०६२५

रेडियोलाई उद्घोषकहरू चाहियो नयाँलाई तालिमदिई अवसर ९८५११८४५५२

फास्टफुड कुकचाहियो बनस्थली, 9841268918, 9841480525

दरबारमार्गको रेष्टुरेन्टलाई कुक, वेट्रेस, मसल्ची 9860898856

सानेपा स्थित घरमा घरायसी कामको लागि घरमै बसी काम गर्ने वा आउने जाने गर्ने एक महिला चाहियो टेलिफोन ९८५१०६९४९५

स्कुलमा टिचर, दिदि पाटन, ९८४१७३३७४३

अस्पतालको लागी पार्टनर चाहियो 9851411019

ठमेलको मोबाईल पसलमा लेडिज-स्टाप, 9851018311

अनुभवी तन्दुरीकुक हेल्पर भाडामाज्ने 9843332870

रेष्टुरेन्टको लागि अनुभवी कुक चाहियो ९८०२३७१८२०

मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्यांकी ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

डलमंगाल जामखोल्ने सेफटीटंयाकी तान्ने 9808849489

भर्ना

Private SEE, +2, BA/MA 9841206019

उपचार

शिघ्रस्खलन रोक्न स्प्रे हजारपचास ९८४१९८१९७६

बिहावारी

शिक्षित ३३देखि ४०बर्षको वरचाहियो shivaparbati43@gmail.com

संक्रमणकालीन न्यायको पर्खाइमा द्वन्द्वपीडित

द्वन्द्वकालमा अंगभंग भएकालाई औषधि उपचार गराउन र पति गुमाएका महिलालाई छोराछोरी हुर्काउन गाह्रो

रूपा गहतराज (नेपालगन्ज)

बाँकेको कोहलपुर-५ की ७० वर्षीया चन्द्रकला अधिकारीका भाइ ईश्वरी सुवेदी बेपत्ता भएको २२ वर्ष भयो तर भाइ फर्केर आउने आस उनले मारेकी छैनन् । भन्छिन्, 'तर आशा गर्दागर्दै मर्ने बेला हुन लाग्यो ।'

ईश्वरीलाई २०५९ वैशाख १४ मा सेनाले लगेको थियो । त्यति बेला उनको उमेर २९ वर्ष थियो । चन्द्रकला भाइ खोज्न प्रहरीकहाँ गइन्, सेनाको राझा चिसापानी ब्यारेक पुगिन् तर फेला पारिनन् । भाइबारे अहिलेसम्म कुनै खबर पाएकी छैनन् । घरमा कुखुरा, भैंसी पाल्दै खेतीपाती गर्ने भाइलाई सेनाले लगेर बेपत्ता पारेको चन्द्रकलाको दाबी छ । सेनाले उनको जेठा छोरा देवीप्रसादलाई कुटपिट गरेर घाइते बनाएको थियो । अहिलेसम्म पनि उनी औषधि खाइरहेका छन् ।

बैजनाथ-४, बानियाभारकी पवित्रा सुनारका पति बासुदेवलाई २०६१ असार २९ मा तत्कालीन विद्रोही माओवादीले लगेका थिए । पछि बासुदेवको शव भेटियो । 'के दोष थियो, किन लगियो, अझै पनि केही थाहा छैन,' पवित्राले भनिन् । उनका अनुसार बासुदेव टाँगा चलाउँथे, पवित्राको चियानास्ताको पसल थियो । पवित्रा ३७ वर्षकै उमेरमा एकल भइन् । एक छोरा र तीन छोरीलाई उनी एक्लैले हुर्काउनुपर्ने भयो । छोराछोरीकै लागि भनेर रोजगारीका लागि विदेश पनि पुगिन् । नेपाल फर्केर अरूको घरको जुठो भाँडा माझ्दै छोराछोरी हुर्काइन् ।

कोहलपुरको सुकुम्बासी टोलमा बस्ने कली परियारको पीडा पनि उस्तै छ । २०६१ सालमा पति बेपत्ता भएको सुनेदेखि उनी बेचैन छिन् । पतिको अवस्थाबारे उनले थप केही खबर पाएकी छैनन् । यही बीचमा उनी यस्तरी थला परिन् कि आफैं हिँडडुल गर्न पनि सक्दिनन्, उनलाई बैसाखीको सहारा चाहिन्छ । नसासम्बन्धी बिरामी भएकाले औषधिमा मासिक ८-९ हजार रुपैयाँ खर्च हुन्छ । कलीले एक छोरा र एक छोरीलाई निकै दुःखले हुर्काइन् । 'सरकारसँग ठूलो कुनै माग छैन, अंगभंग भएको शरीरलाई मल्हम लगाउन कम्तीमा पनि निःशुल्क औषधि गरिदिए पुग्छ । मर्ने त मरेर गए,' उनले भनिन्, 'घरमा कमाउने कोही छैन, सरकारबाट सहयोग पाइँदैन । घरको एक जनालाई रोजगारीको व्यवस्था गरिदिए परिवार चलाउन सजिलो हुन्थ्यो ।'

बाँकेको राप्तीसोनारी-४ का रामरतन चौधरी पनि बैसाखीको सहाराबिना हिँड्न सक्दैनन् । सशस्त्र द्वन्द्वको समयमा तत्कालीन विद्रोही पक्षले अपहरण गरी कुटपिट गर्दा उनका दुवै खुट्टा भाँचिएका हुन् । त्यो बेला चौधरी साबिक फत्तेपुर गाविसमा प्राविधिक सेवामा कार्यरत थिए । तर अहिले उनी कुनै काम गर्न सक्दैनन् । २०५७ फागुन ३ मा विद्रोही पक्षले कुटपिट गरी बुबाको हत्या गरेको उनले सुनाए । 'बिनाकारण निर्मम तरिकाले यातना दिइयो, मर्‍यो भनेर मलाई फालेका थिए,' चौधरीले भने, 'बैसाखीको सहाराले अलिअलि हिँडडुल गर्न सक्छु । औषधि उपचार गर्न पैसा छैन । कम्तीमा निःशुल्क औषधि उपचारको व्यवस्था गरिदिए ठूलो राहत हुन्थ्यो ।'

द्वन्द्वपीडितलाई सरकारी कार्यालयमा सेवामा प्राथमिकता दिनुपर्ने र कर छुटको व्यवस्था गरिदिनुपर्ने पनि चौधरीले बताए । उनले थपे, 'उच्च शिक्षासम्म हाम्रा छोराछोरीलाई निःशुल्क पढाइको व्यवस्था गरिदिनुपर्छ, कुनै पेसा-व्यवसाय गर्न इच्छुक द्वन्द्वपीडितलाई बिनाधितो ऋणको व्यवस्था गर्नुपर्छ ।'

द्वन्द्वपीडित सञ्जाल बाँकेका अध्यक्ष देवबहादुर डीसीले अब बितेको कुरा फर्केर नआए पनि बाँचेकाहरूलाई न्याय दिनुपर्ने बताए । द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल बाँकेकी अध्यक्ष चन्द्रकला उप्रेती बेपत्ता छानबिन र सत्य निरूपण आयोग पीडितमैत्री हुनुपर्ने बताउँछिन् । सशस्त्र द्वन्द्वकालमा उप्रेतीका पतिलाई राज्य पक्षले बेपत्ता बनाएको थियो । उनले २१ वर्षसम्म श्रीमान्‌को प्रतीक्षा गरेकी थिइन् । एक वर्षअघि मात्रै उनले कुशको शव बनाएर श्रीमान्‌को दाहसंस्कार गरिन् । 'दाहसंस्कार त गरियो तर राज्यसँग न्याय पाउने लडाइँ जारी छ,' उप्रेतीले भनिन्, 'उजुरी दिने कतिपय पीडित र साक्षी बसेका व्यक्तिको मृत्युसमेत भइसक्यो, कहिले हो हामीले न्याय पाउने ?'

संक्रमणकालीन न्याय निरूपण प्रक्रिया लामो समयदेखि रोकिएको छ । बेपत्ता छानबिन र सत्य निरूपण आयोगले उजुरी संकलनको काम मात्र गरेका छन् । द्वन्द्वपीडित तथा अन्तर्राष्ट्रिय समुदायले राखेको चासो र सर्वोच्च अदालतले दिएको आदेशबमोजिम दुवै आयोगसम्बन्धी ऐन भर्खरै संशोधन गरिएको छ । ऐन संशोधनपछि दुवै आयोगमा पदपूर्ति गर्ने प्रक्रिया पनि अघि बढेको छ । अधिकारकर्मी प्रकाश उपाध्याय आयोगमा पीडितको न्यायलाई प्राथमिकतामा राख्ने व्यक्ति चयन गर्नुपर्ने बताउँछन् । 'संक्रमणकालीन न्यायको क्षेत्रमा क्रियाशील, विषयवस्तु बुझेको र पीडितको भावना बुझ्न सक्ने व्यक्ति ल्याउन सके मात्र आयोग प्रभावकारी बन्छ,' उनले भने । अधिवक्ता वसन्त गौतमले राज्यबाट न्यायिक उपचार छिटो र छरितो हुन नसक्दा पीडितलाई थप पीडा भएको बताए । ऐन संशोधनपछि भने द्वन्द्वपीडितमा न्याय पाउने आशा पलाएको उनको भनाइ छ ।

नेपाल विश्वविद्यालयको कुलपतिमा लोहनी

नवनियुक्त कुलपति लोहनी एसियाली विकास बैंकका पूर्वउपाध्यक्ष हुन्

सुदीप कैनी (काठमाडौं)

विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने अभ्यास रहँदै आएकामा नेपाल विश्वविद्यालयमा भने प्राज्ञिक क्षेत्रबाटै कुलपति चयन गरिएको छ । संरक्षण परिषद्को काठमाडौंमा सम्पन्न पहिलो बैठकले विन्दुनाथ लोहनीलाई कुलपति चयन गरेको हो ।

नेपाल विश्वविद्यालय ऐन २०८१ मा सर्वोच्च शासकीय निकायका रूपमा संरक्षण परिषद् (बोर्ड अफ ट्रस्टी) रहने व्यवस्था छ । प्रधानमन्त्री र शिक्षामन्त्रीबाहेकबाट कुलपति हुने व्यवस्थासहित गत असोजमा ऐन बनेको थियो, जसमा संरक्षण परिषद्का मनोनीत सदस्यमध्येबाट कुलपति चयन हुने व्यवस्था छ । त्यही व्यवस्थाअनुसार लोहनीलाई चार वर्षका लागि कुलपति चयन गरिएको विश्वविद्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

ऐनमा प्राज्ञिक व्यक्तिकै नेतृत्वमा संरक्षक परिषद् रहने व्यवस्था छ । अहिले सञ्चालनमा रहेका त्रिभुवनसहितका विश्वविद्यालयमा सर्वोच्च निकायका रूपमा सभा रहने र त्यसको अध्यक्षता कुलपतिका रूपमा प्रधानमन्त्रीले गर्ने प्रावधान छ । नेपाल विश्वविद्यालयको कुनै पनि निकायमा प्रधानमन्त्री र मन्त्री रहँदैनन् । अन्य विश्वविद्यालयलाई पनि यही मोडलमा सञ्चालन गर्नुपर्ने शिक्षाविद्ले बताउँदै आएका छन् । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले पनि सरकारलाई सोही सुझाव दिएको थियो ।

शैक्षिक विकास तथा उन्नयनको क्षेत्रमा उत्कृष्ट योगदान गरेका शिक्षाविद्, नेपाल विश्वविद्यालय स्थापना वा सञ्चालनमा योगदान गरेका प्राज्ञिक व्यक्ति, उद्योगपति, रोजगारदाता र किसान एक/एक जना, दाता र सार्वजनिक प्रशासन, व्यवस्थापन, प्राज्ञिक अनुसन्धानको क्षेत्रमा योगदान गरेका व्यक्ति नेपाल विश्वविद्यालयको परिषद् सदस्य मनोनीत हुने व्यवस्था छ । उपकुलपति, शिक्षा मन्त्रालयका सचिव, विश्वविद्यालय अनुदान आयोगका सचिव, प्रदेशस्थित शिक्षा हेर्ने मन्त्रालयका सचिव, विश्वविद्यालय रहेका स्थानीय तहको प्रमुख र रजिस्ट्रार संरक्षक परिषद्को सदस्य रहनेछन् ।

नवनियुक्त कुलपति लोहनी एसियाली विकास बैंक (एडीबी) का पूर्वउपाध्यक्ष हुन् । उनले सन् १९७० मा भारतको बिरला इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक अध्ययन पूरा गरेका थिए । उनले सन् १९७४ मा अमेरिकाको नर्थ क्यारोलिना विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङमा स्नातकोत्तर र सन् १९७७ मा एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (एआईटी), बैंककबाट वातावरणीय प्रविधि र व्यवस्थापन विषयमा विद्यावारिधि गरेका छन् । नेपाल सरकारको निजामती सेवाबाट पेसागत जीवन सुरु गरेका लोहनी एआईटीमा प्राध्यापकसमेत भए भने एसियाली विकास बैंकमा विभिन्न महत्त्वपूर्ण पदमा ३० वर्ष काम गरे ।

नेपाल विश्वविद्यालय स्थापना र सञ्चालनको तयारीमा छ । यो विश्वविद्यालय नवलपरासी क्षेत्रमा सञ्चालन गर्ने तयारी छ ।

लुम्बिनी प्रदेशमा कर्मचारी भर्ना प्रक्रिया स्थगित

घनश्याम गौतम (बुटवल)

लुम्बिनी प्रदेश लोक सेवा आयोगले अघि बढाएको कर्मचारी भर्ना प्रक्रिया स्थगन गर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ । अन्तरिम आदेशपछि सञ्चालन भइरहेका परीक्षा र उत्तरपुस्तिका जाँचलगायतका कर्मचारी भर्नासम्बन्धी कार्य स्थगन गरिएका छन् ।

प्रदेश लोक सेवा आयोगले प्रदेश सरकारको सिफारिसका आधारमा प्राविधिकतर्फ चौथो तहदेखि उपसचिव तहसम्मका ७ प्रकारका विज्ञापनमार्फत कर्मचारी भर्ना गर्ने प्रक्रिया अघि बढाएको थियो । आयोगले भदौ २८ मा कर्मचारी भर्नाका लागि आवेदन माग गरेको थियो । तर प्रदेश मन्त्रालय र अन्य विभिन्न तहमा कार्यरत कर्मचारीले नै खुला प्रतिस्पर्धाबाट कर्मचारी भर्नामा रोक लगाउन माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिक्त पदको ३० प्रतिशतलाई खुलामा नराखी बढुवाबाट पदपूर्ति गर्नुपर्ने उनीहरूको माग छ ।

सर्वोच्चले रिटको प्रारम्भिक सुनुवाइ गर्दै मंगलबार पदपूर्ति प्रक्रिया तत्काललाई लागि रोक्न अन्तरिम आदेश दिएको हो । प्रदेश लोक सेवा आयोगका उपसचिव राजेन्द्रप्रसाद पन्थीका अनुसार अन्तरिम आदेशपछि सिँचाइतर्फ उपसचिवका लागि लिखित परीक्षा भएर उत्तरपुस्तिका कोडिङ र उत्तरपुस्तिका जाँच गर्ने काम रोकिएको छ । सिभिल समूह, हाइवे (सडक) समूह, पशु चिकित्सक, वन समूहलगायतको परीक्षा स्थगन गरिएको छ ।

वडाध्यक्षलाई विद्यालय व्यवस्थापन समिति अध्यक्ष बन्न रोक

कान्तिपुर संवाददाता (काठमाडौं)

सर्वोच्च अदालतले वडाध्यक्ष र सदस्यलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न रोक लगाएको छ । जनप्रतिनिधि एउटा विद्यालयको अध्यक्ष बन्नेभन्दा पनि वडाभित्रका सबै विद्यालयको अनुगमन र शैक्षिक व्यवस्थापनमा जिम्मेवार हुनुपर्ने सर्वोच्चले जनाएको छ ।

एउटै व्यक्ति अनुगमनकर्ता र अनुगमित दुवै हुन सक्दैन : सर्वोच्च

काठमाडौं महानगरपालिकासहित केही स्थानीय तहले कानुन बनाएरै वडाध्यक्ष वा निजले तोकेको सदस्यलाई व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी दिँदै आएका थिए । काठमाडौं महानगरपालिकाले स्थानीय शिक्षा ऐन २०७५ लाई २०८० मा संशोधन गर्दै सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य विद्यालय व्यवस्थापन समिति अध्यक्ष रहने व्यवस्था गरेको थियो । उक्त निर्णय बदरको माग राख्दै १७ विद्यालयका व्यवस्थापन समिति अध्यक्ष २०८० भदौमा सर्वोच्च गएका थिए । त्यतिबेलै रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले काममा फर्कन उनीहरूलाई आदेश दिएको थियो । बर्खास्त गर्नुअघि सुनुवाइ र सफाइको मौका दिनुपर्ने अदालतको तर्क थियो ।

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको रिटमा अन्तिम सुनुवाइ गर्दै प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मीको संवैधानिक इजलासले वडाध्यक्षलगायत जनप्रतिनिधि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न नसक्ने फैसला गत साउन १६ मा गरेको थियो । फैसलाको पूर्णपाठ मंगलबार सार्वजनिक भएको हो ।

संविधानले माध्यमिक शिक्षासम्मको अधिकार स्थानीय तहलाई दिएको छ । सर्वोच्चले उक्त फैसलामा स्थानीय तहको एकल अधिकार क्षेत्रको कानुन बनाउँदा संघीय कानुन प्रतिकूल हुन नहुने व्याख्या गरेको छ । 'स्थानीय तहको एकल अधिकारसम्बन्धी विषयमा पनि सीमा रहन्छ । यो अधिकार निरपेक्ष नभई संघीय र प्रादेशिक कानुनको अधीनमा रहन्छ । संविधानले परिकल्पना गरेको संघीयता सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहन्छ । यसैले स्थानीय तहले कानुन बनाउँदा यी सिद्धान्तहरूको पालना गर्नुपर्छ,' फैसलाको पूर्णपाठमा भनिएको छ ।

निर्वाचित वडाध्यक्ष विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्न नहुने तर्क गर्दै सर्वोच्चले भनेको छ, 'सुशासनको एक महत्त्वपूर्ण आधार कार्य पृथकीकरणको सिद्धान्त हो । एउटै व्यक्ति अनुगमनकर्ता र अनुगमित दुवै हुन सक्दैन । यसले कर्तव्य र स्वार्थबीच द्वन्द्व सिर्जना गर्छ । प्रभावकारी अनुगमन हुन सक्दैन ।' वडाध्यक्षले विद्यालयको अनुगमन, मूल्यांकन, स्थानीय शिक्षा समिति गठन, परीक्षा सञ्चालन, अनुगमनलगायतका काम गर्नुपर्ने भएकाले मुख्य कामबाट विचलित हुन नहुनेसमेत फैसलामा उल्लेख छ ।

स्थानीय तहले कानुन बनाउँदा सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने पनि सर्वोच्चको फैसलामा औंल्याइएको छ । स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले यसले लोकतन्त्रको असल अभ्यास गर्नुपर्ने सर्वोच्चले भनेको छ । काठमाडौं महानगरपालिकाले भने विद्यालय व्यवस्थापन समितिको नेतृत्व वडाध्यक्ष वा सदस्यले गर्दा प्रभावकारी हुने भन्दै नगरसभाले उक्त व्यवस्था गरेको जवाफ सर्वोच्चलाई दिएको थियो ।

जीबी राईविरुद्ध सम्पत्ति...

पूरक अभियोग लगाइएका १९ मध्ये कैलाशकुमार दर्लामी, कुमार रस्तेल, प्रमोद भट्टराई, अनुज नकर्मी, शिवबहादुर गुरुङ र भवीश्वर अर्याल कास्की कारागारमा पुर्पक्षका लागि थुनामा छन् । जीबी राईसहित १३ जना फरार छन् । रास्वपा सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्धक निर्देशक रवि लामिछाने, पूर्वउपाध्यक्ष छविलाल जोशीसहित अन्य नयाँका हकमा अदालतमा मुद्दा लान बाँकी छ ।

सहकारीका पीडितले २०८० माघ २२ मा रवि लामिछाने, ज्ञानबहादुर बम्जन, नेत्रपाणी बाँस्तोला, दीपेश पुन मगर र १४ वटा कम्पनीविरुद्ध पूरक जाहेरी दिएका थिए । पोखरा महानगरपालिकाले पुनः अर्को वित्तीय विश्लेषण तयार गरी गत वैशाख २६ मा प्रहरीलाई प्रतिवेदन बुझाएको थियो । प्रहरीले गत असारमा सहकारीको अपचलनमा पूर्वसञ्चालक समितिमा रहेका थप २५ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेर अनुसन्धान थालेको थियो । त्यतिबेलै बागलुङको ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपालीविरुद्ध पनि पक्राउ पुर्जी जारी भएको थियो । बागलुङ र पोखरामा रहेको इमेज सहकारीको बचत अपचलनको अभियोगमा उनी पुर्पक्षका लागि बागलुङ कारागारमा थुनामा छन् । उनी सूर्यदर्शनको पूर्वउपाध्यक्षसमेत हुन् ।

असारमा पक्राउ पुर्जी जारी गरिएका २५ जनामध्ये ओमप्रकाश गुरुङ बुटवलको सुप्रिम सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि रूपन्देही कारागारमा छन् । सूर्यदर्शनसँगै जोडिएका लीलाबहादुर गुरुङ नख्खु कारागारमा पुर्पक्षमा छन् । उनीविरुद्ध ललितपुरको कल्याण उपकार सहकारीको बचत अपचलनको अभियोगमा पनि मुद्दा चलिरहेको छ । यसरी प्रहरीले प्रतिवादी बनाउनुपर्ने भनेकामध्ये ९ जना पुर्पक्षका लागि पहिले नै विभिन्न जिल्लाका कारागारमा रहेका हुन् ।

सूर्यदर्शन सहकारीको बचत अपचलनमा कास्की प्रहरी र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) समेतको टोलीले अनुसन्धान गरेको थियो । लामिछानेले गृहमन्त्री भएका बेला संसदीय समितिमा प्रहरी महानिरीक्षक वसन्त कुँवरलाई आफूविरुद्ध कतै उजुरबाजुर नरहेको भन्न लगाएका थिए । महान्यायाधिवक्ताको कार्यालयबाट समेत पत्र लेखाएर आफूविरुद्ध कतै उजुरी नरहेको दाबी गरेका थिए । तर लामिछाने सहकारी ठगीमा संलग्न रहेको प्रमाण सार्वजनिक हुँदै गएपछि संसदीय छानबिन समितिको माग गर्दै कांग्रेसले संसद्समेत अवरुद्ध गरेको थियो ।

लामो रस्साकसीपछि एमाले सांसद सूर्य थापा नेतृत्वको संसदीय छानबिन विशेष समिति गठन गरिएको थियो । समितिले प्रतिवेदन तयार गरी भदौ ३१ मा प्रतिनिधिसभामा बुझाएको थियो । सहकारीको रकम कानुनविपरीत गोर्खा मिडियामा लगेर अपचलन गरेको निष्कर्ष निकाल्दै समितिले गोर्खा मिडियाका अध्यक्ष जीबी, सदस्य कुमार रस्तेल, तत्कालीन प्रबन्ध निर्देशक लामिछाने र पूर्वउपाध्यक्ष सञ्चालक छविराज जोशीलाई कारबाही सिफारिस गरेको थियो ।

सरकारले उक्त प्रतिवेदन स्वीकृत गरेर कार्यान्वयनमा लाने निर्णय गरेपछि गत असोज ६ मा जोशी र कात्तिक २ मा लामिछाने पक्राउ परेका थिए । सूर्यदर्शन ठगीसँग जोडिएका लीला पछाईं, रामबहादुर खनाल र कृष्णबहादुर गुरुङसमेत गरी पाँच जना कास्की प्रहरीको हिरासतमा छन् । उनीहरू विरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा १५ वर्षसम्म कैद र बिगोको मागदाबी गर्नुपर्ने रायसहित प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाइसकेको छ ।

पहिलेका र थप गरी ५१ जनालाई प्रतिवादी बनाउनुपर्ने राय प्रहरीको छ । उनीहरूबाट डेढ अर्ब रुपैयाँ बिगो असुल गर्नुपर्ने प्रहरीले प्रतिवेदनमा उल्लेख गरेको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा अधिकतम ९० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न पाइने कानुनी प्रावधान छ । उक्त हदम्याद शुक्रबार राति सकिएको छ । जिल्ला न्यायाधिवक्ता काफ्लेले लामिछानेलगायतका हकमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा आइतबार अभियोगपत्र लैजाने तयारी रहेको बताइन् । 'हाम्रो समय सीमाभित्र जसरी पनि मुद्दा अदालत टेकाउँछौं,' उनले भनिन् ।

लामिछानेका हकमा सहकारी ठगीमा ४ देखि ६ वर्षसम्म कैद, संगठित अपराधमा थप ५० प्रतिशत सजाय र सम्पत्ति शुद्धीकरणमा २ देखि १५ वर्ष कैद र बिगोको दोब्बर जरिवाना लगाउनुपर्ने राय प्रहरी अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । प्रहरीले सहकारी ठगीअन्तर्गत सामूहिक बिगो १ करोड ६२ लाख ६५ हजार, व्यक्तिगत बिगो १ करोड ७५ लाखसहित सम्पत्ति शुद्धीकरणमा २७ करोड ८९ लाख ४४ हजार रुपैयाँ बिगो कायम गर्नुपर्ने राय अनुसन्धान प्रतिवेदनमा उल्लेख गरेको छ ।

हाजिर जमानीमा छुटे प्रसाईं

काठमाडौं (कास)- संगठित अपराध र आपराधिक लाभसम्बन्धी कसुरमा पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईं हाजिर जमानीमा छुटेका छन् । उनी सर्वोच्च अदालतको आदेशमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को हिरासतबाट मुक्त भएका हुन् ।

छिनछिनमा औषधि खाइरहनुपर्ने र पूर्ण आराम गर्नुपर्ने अवस्थाका क्यान्सरका रोगी बाबुलाई रिहा गरिपाऊँ भनी प्रसाईंका छोरा नीराजनले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता गरेका थिए । त्यसमाथि सुनुवाइ गर्दै न्यायाधीश सुनील पोखरेलको एकल इजलासले बिहीबार प्रसाईंलाई थुन्नुको लिखित कारणसहित २४ घण्टाभित्र अदालतमा उपस्थित गराउन प्रहरीलाई आदेश गरेको थियो । त्यसबमोजिम उनलाई प्रहरीले शुक्रबार अदालतमा उपस्थित गराएको थियो । अदालतको आदेशपछि प्रसाईंलाई छाड्नू भनेर सर्वोच्चले प्रहरीलाई पत्र दिएको थियो । अदालतको कागज बुझेपछि प्रक्रिया पूरा गरेर साँझ ६ बजे प्रसाईंलाई हाजिर जमानीमा छाडिएको सीआईबीका प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिए ।

एनपीएलको पहिलो उपाधि...

हारेका दुई खेलमध्ये एउटा सुदूरपश्चिमविरुद्ध नै रह्यो । चितवन त्यस्तो टिम रह्यो, जसले सुदूरपश्चिम र जनकपुर दुवैलाई हराएको थियो ।

प्रतियोगिताको पहिलो क्वालिफायरमा सुदूरपश्चिमले जनकपुरलाई पराजित गरेको थियो । त्यस खेलमा सुदूरपश्चिमको जित अन्तर रह्यो, ८ विकेट । जनकपुरले पहिले ब्याटिङ गर्दै ९ विकेटको क्षतिमा १ सय ३९ रन बनाएको थियो ।

त्यसमा जनकपुरका लागि जिम्मी निसमले सर्वाधिक ४५ रन बनाएका थिए । त्यसपछि शुभ कंशाकारको २६ रनको योगदान रह्यो । जवाफमा सुदूरपश्चिमले २ विकेट गुमाएर सजिलै १ सय ४१ रन बनायो । टोलीले १८.३ ओभरमै लक्ष्य पूरा गरेको थियो । सुदूरपश्चिमबाट विनोद भण्डारीले नटआउट रही ५८ रन बनाए । उनले सैफ जैबसँग पहिलो विकेटका लागि ५६ रनको साझेदारी गरेका थिए ।

फाइनल प्रवेशका लागि जनकपुरले दोस्रो क्वालिफायरमा कर्णाली याक्सलाई पन्छाएको थियो । त्यस खेलमा कर्णालीले पहिले ब्याटिङ गर्दै ९ विकेटमा १ सय १८ रन बनाएको थियो । जवाफमा जनकपुरले ८ विकेट गुमाएर १ सय १९ रन बनाएको थियो । जनकपुरले एक ओभरको खेल अगाडि नै २ विकेटको जित आत्मसात् गर्‍यो ।

फाइनललाई धेरैले एनपीएलको 'एल क्लासिको' को संज्ञा दिएका छन् । स्पेनी फुटबलमा जति बेला दुई चरम प्रतिद्वन्द्वी टिम रियल म्याड्रिड र बार्सिलोना आपसमा भिड्ने गर्छन्, त्यसलाई 'एल क्लासिको' भन्ने गरिन्छ । त्यसैलाई पछ्याएर विश्व खेलकुदमा जति पनि दुई ठूला टिम आपसमा खेल्ने गर्छन्, त्यसलाई यही नामले चिनाउन गरिन्छ- 'एल क्लासिको' । सुदूरपश्चिम र जनकपुर यसपल्टको प्रतियोगिताका प्रमुख दुई ठूला टिम साबित भएका हुनाले पनि यिनीहरूको भिडन्तले यही नाम पाएको छ ।

फाइनलको पूर्वसन्ध्यामा मिडियासँग कुराकानी गर्ने क्रममा दुवै टोलीका कप्तान संयमित देखिए । दुवैले कुनै प्रकारको ठूल्ठूला दाबी गरेनन् । बरू दुवैले एकअर्काप्रति सम्मान दिएर 'माइन्ड गेम' खेल्ने प्रयास गरे । सुदूरपश्चिमका दीपेन्द्रसिंह ऐरीले जनकपुरलाई कुनै पनि हालतमा सहज नलिने बताए । 'हामीले जनकपुरलाई यसअघि दुईपटक हराइसकेका छौं । तर यस्तो भनिरहँदा फाइनलमा हामीले सहज रूपमा लिनुहुन्न, जनकपुर निकै बलियो टिम हो,' उनले भने ।

सुदूरपश्चिमले लिग चरणमा जनकपुरलाई सजिलै ७२ रनले हराएको थियो । त्यसमा सुदूरपश्चिमले पहिले ब्याटिङ गर्दै ९ विकेट गुमाएर १ सय २३ रन मात्र बनाएको थियो । ओपनर विनोदले सर्वाधिक ३३ रन जोडेका थिए । यस्तै सैफले २१ रनको योगदान गरेका थिए । तर यही स्कोर पनि जनकपुरका लागि चुनौतीपूर्ण साबित बन्यो । जनकपुर ५१ रनमात्र बनाई अलआउट हुनपुग्यो । जोसुआ ट्रोम्पको १३ रन नै सर्वाधिक ठूलो व्यक्तिगत स्कोर रह्यो । उनी नै दोहोरो अंक छुने एकमात्र ब्याटर रहे । 'हामी लिग चरण र क्वालिफायरमा जनकपुरविरुद्ध जुन मनसाय लिएर मैदानमा उत्रिएका थियौं, त्यही मनोभावना लिएर फाइनलमा पनि खेल्नेछौं । फाइनलको दबाब नलिएर आफ्नो शतप्रतिशत दिनेछौं,' दीपेन्द्रले भनेका छन् ।

जनकपुरका नियमित कप्तान अनिल घाइते भएपछि कप्तानी सम्हालेका आसिफले पनि फाइनलमा विगत बिर्सेर उत्कृष्ट प्रदर्शन गर्ने बताए । उनको भनाइ थियो, 'बदला लिने भावना छैन । हामी आफ्नै राम्रो क्रिकेट खेल्न चाहन्छौं । सुदूरपश्चिमविरुद्ध दुई खेलमा हार बेहोरेको भए पनि आत्तिएका छैनौं । ती पछिल्ला दुई खेलमा हाम्रो ब्याटिङ चल्न सकेको थिएन । हामीसँग अनुभवी र युवा ब्याटर दुवै छन् । फाइनलमा ब्याटिङमा सुधार गर्दै राम्रो प्रदर्शन गर्ने सोचेका छौं ।'

फाइनलमा त्रिवि मैदानको पिचले कस्तो व्यवहार गर्नेछ, त्यसमा नतिजा धेरै हदसम्म निर्भर हुनेछ । त्यसैले पनि टस कसले जित्ने हो, फाइनलमा त्यसको निर्णायक प्रभाव हुन सक्नेछ । अहिलेसम्म पिच ब्याटरका लागि कठिन साबित भएको छ । यसमा बल सजिलै ब्याटसम्म पुग्ने गरेको छैन । धेरै ब्याटरले पिच सहज नभएको बताउँदै आएका छन् । उनीहरूले रनका लागि संघर्ष गर्नुपरेको छ । यस्तोमा बलरहरू फाइनलमै पनि ब्याटरमाथि हावी हुन सक्नेछन् ।

अन्तर्राष्ट्रिय मैथिली सम्मेलन सुरु

सिरहा (कास)- सिरहा सदरमुकाममा ३५ औं अन्तर्राष्ट्रिय मैथिली सम्मेलन तथा सिरहा साहित्य संगम सुरु भएको छ। सिरहास्थित चन्द्र नमुना माविको प्रांगणमा शुक्रबारदेखि कार्यक्रम सुरु भएको हो। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई तथा मानवअधिकारवादी नेता कृष्ण पहाडीलगायतले शुक्रबार कार्यक्रमको उद्घाटन गरेका हुन्। कार्यक्रममा नेपाल तथा भारतका विशिष्ट अतिथिहरू सहभागी छन्। कार्यक्रम चार दिनसम्म चल्नेछ।

शुक्रबार र शनिबार सिरहामा तथा आइतबार र सोमबार गोलबजारस्थित अतिथि सदनमा कार्यक्रम हुने कार्यक्रम संयोजक रामरिझन यादवले जानकारी दिए। कार्यक्रममा मैथिली भाषाको विकास र विस्तारसहित सिरहाको आर्थिक, राजनीतिक, सामाजिक, स्वास्थ्य, शिक्षा, कृषि, वैदेशिक रोजगारलगायतका विषयवस्तुमाथि बहस तथा संवाद हुनेछ।

हार्दिक समवेदना



जन्मः २०३१/०३/२०

स्वर्गारोहणः २०८१/०८/२४

स्व. विनय पण्डित

यस मदन आश्रित स्मृति प्रतिष्ठानका कार्य समिति सदस्य एवम् मदन आश्रित मेमोरियल पोलिटेक्निक इन्ष्टिच्युटका सञ्चालक समिति सदस्य **स्व. विनय पण्डित**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

प्रदीप नेपाल
अध्यक्ष
मदन आश्रित स्मृति प्रतिष्ठान एवं
मदन आश्रित मेमोरियल पोलिटेक्निक इन्ष्टिच्युट परिवार
कागेश्वरी मनोहरा-८, गोठाटार, काठमाण्डौ।

हार्दिक श्रद्धाञ्जली



जन्मः २०३१/०३/२०

स्वर्गारोहणः २०८१/०८/२४

स्व. विनय पण्डित

कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष **विनय पण्डित**को मिति २०८१ साल मार्ग २४ गते सोमवारका दिन अल्पायुमै भएको असामयिक निधनले हामी स्तव्ध र मर्माहत भएका छौं। आज उहाँको १३ औं दिनको पुण्य तिथिको अवसरमा उहाँको आत्माले चिरशान्ति प्राप्त गरोस भनि उहाँ प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं।

यस दु:खद घडीमा शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरुन भनि ईश्वरसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

कस्तुरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार
कागेश्वरी मनोहरा न.पा ८, गोठाटार

घातक छ ब्युटी र बडी फिल्टर



'आफूलाई कमजोरीको लेन्सबाट मात्र हेर्नेका लागि समाजबाट भ्यालिडेसन पाउने टुलजस्ता बनेका छ फिल्टर, यसको प्रयोगपछि वास्तविक रूप अझ मन पर्न छोड्छ, आत्मस्वीकारोक्ति झन् घट्छ'

प्रविना पौडेल (काठमाडौं)

केही दिनअघि मात्र टिकटकले १३ देखि १८ वर्षका प्रयोगकर्ताका लागि 'ब्युटी फिल्टर' र 'बडी फिल्टर' मा नियन्त्रण गर्ने घोषणा गऱ्यो। बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यलाई ध्यानमा राखेर यस्तो नीति अवलम्बन गर्न लागिएको टिकटकको प्यारेन्ट कम्पनी, बाइटडान्सले जनाएको छ। किशोरकिशोरीहरू यस्ता फिल्टर प्रयोग गर्दाको असरबारे जानकार नभएकाले कम्पनीले नै प्रयोगमा रोक लगाउन लागेको बताइएको हो।

यस्तो नियन्त्रणले टिकटक प्रयोगकर्ताले भिडियोमा आँखा ठूला बनाउने, ओठको मोटाइ बढाउने, छाला चिल्लो देखाउने, छालाको रङ बदल्ने, अनुहारको बनोट नै फेरबदल गर्ने र मेकअप गरिएको जस्तो अनुहार बनाउने 'ब्युटी फिल्टर' प्रयोग गर्न नपाउने भएका हुन्। टिकटक वा अन्य फिल्टरका लागि प्रयोग गरिने एपहरूले पार्ने मानसिक असरबारे प्रयोगकर्ताको ठूलो समूह अनविज्ञ देखिन्छ। नियन्त्रण गर्न लागिएको 'बोल्ड ग्लामर फिल्टर' को टिकटक भिडियोमा प्रयोग हालसम्म २६ करोड ४० लाखभन्दा बढी भएको तथ्यांकले देखाउँछ। तर, यसरी फिल्टर प्रयोग गर्दा प्रयोगकर्तामा कस्तो असर पर्छ त? ब्युटी र बडी फिल्टरले मानसिक स्वास्थ्यमा पार्ने नकारात्मक प्रभावबारे 'सिटी युनिभर्सिटी अफ लन्डन' का केही अनुसन्धानकर्ताले सन् २०२० मा अध्ययन गरेका हुन्। अध्ययनले छालाको रंग गोरो बनाउने, छाला चम्किलो बनाउने, दाँत सेतो बनाउने, शरीर पातलो देखाउने, चिउँडोको आकार मिलाउने, नाक सानो बनाउने, आँखा, ओठ ठूलो देखाउनेजस्ता फिल्टरको अत्यधिक प्रयोग हुने गरेको उल्लेख गरेको छ।

> **टिकटकलगायतमा छालाको रङ गोरो बनाउने, छाला चम्काउने, दाँत सेतो बनाउने, शरीर पातलो देखाउने, चिउँडो मिलाउने, नाक सानो बनाउने, आँखा, ओठ ठूलो देखाउनेजस्ता फिल्टरको प्रयोग बढ्दो**

औसत २० वर्ष उमेर भएका १ सय ७५ युवतीमा गरिएको उक्त अध्ययनमा ९० प्रतिशतले आफ्नो फोटोमा फिल्टर प्रयोग गर्ने वा फोटोमा 'इडिट' गर्ने गरेको र त्यसमा पनि ९४ प्रतिशतले राम्रो देखिनुपर्ने दबाबका कारण यसो गर्ने गरेको बताएका छन्। सन् २०२१ मा पनि 'प्यारेन्टस् टुगेदर' नामक संस्थाले अमेरिकाका १३ देखि २१ वर्ष समूहका २ सय किशोरकिशोरीमा गरिएको एक सर्वेक्षणले पनि ४८ प्रतिशतले सातामा कम्तीमा एक पटक 'ब्युटी फिल्टर' प्रयोग गर्ने गरेको निष्कर्ष प्रस्तुत गरेको थियो। जसमा पाँच जनामा एक जनाले हरेक पोस्टमा यस्ता फिल्टर प्रयोग गर्ने गरेको बताएका थिए।

६३ प्रतिशत किशोरकिशोरीले आफ्नो वास्तविक अनुहारभन्दा राम्रो देखिन, ५८ प्रतिशतले आफूलाई मन नपर्ने अनुहारको भाग लुकाउन र ५२ प्रतिशतले अनुहारको बनोट नै परिवर्तन गर्न फिल्टर प्रयोग गर्ने गरिएको सर्वेक्षणले देखाएको छ। यो सर्वेक्षणले ब्युटी फिल्टरले किशोरकिशोरीको आत्मविश्वासमा नकारात्मक असर पारेको पनि उल्लेख गरेको छ। ६१ प्रतिशतले ब्युटी फिल्टर प्रयोग गर्दा आफूलाई वास्तविक जीवनमा झन् नराम्रो देख्ने गरेको बताएका छन्। 'टिकटक र स्न्यापच्याटका फिल्टरले मलाई आफू नराम्रो भएको महसुस गराउँछ', एक किशोरीले बताएकी छन्।

वास्तविक सौन्दर्यभन्दा कृत्रिम सौन्दर्यलाई महत्त्व दिइने यस्ता फिल्टरको प्रयोगले किशोरकिशोरीको दिमागमा असन्तुष्टि र दबाब सिर्जना गरिरहेको देखिन्छ। जसले उनीहरूको मानसिक स्वास्थ्यमा असर गरेको छ। 'जब म माध्यमिक विद्यालयमा थिएँ, समाजले बनाएको सुन्दरताको मापदण्डअनुसार मेरो आत्ममूल्य खोज्न थालें। म हरेक दिन फिल्टरहरू प्रयोग गर्थें र पर्फेक्ट शरीर बनाउन आफूलाई दबाब दिन्थें,' १६ देखि १७ बीचको उमेर समूहका एक किशोरले बताएका छन्, 'यो दबाबलाई सामाजिक सञ्जाल र ब्युटी फिल्टरले थप बल दियो जसले मलाई 'इटिङ डिसर्डर' नै भयो।'

सानै उमेरबाट फिल्टरको प्रयोगले शरीरप्रति नकारात्मक छवि बनाउने, आत्मविश्वासमा कमी ल्याउने र फिल्टर प्रयोग नगरिएको फोटोदेखि लाज लाग्ने गरेको उनीहरूले बताए। न्युयोर्कको 'द कट' म्यागेजिनमा जेनिफर सुलिभानको ब्युटी फिल्टरमाथिको एउटा लेखमा नर्थवेस्टर्न विश्वविद्यालयकी मनोविज्ञानकी प्राध्यापक रेनी एनगेलएनले फोटो फिल्टरहरू किशोरीहरूलाई अझ हानिकारक रहेको बताएकी छन्। एनगेलएन भन्छिन्, 'सामान्यतः हामी आफूलाई अरूसँग तुलना गर्छौं तर फिल्टरबाट आफ्नै विभिन्न रूपहरूसँग तुलना गर्छौं जुन अझ हानिकारक हो। यसले हामी जे छौं त्योभन्दा फरक हुन सक्छौं भन्ने भावना जगाउँछ। र ब्युटी स्ट्यान्डर्डमा पुग्ने बाध्यतामा धेरै समय र पैसा खर्च गराउँछ।'

त्यस्तै, बनार्ड कलेज अफ कोलम्बिया युनिभर्सिटिकी सहायक प्राध्यापक तारा वेल फिल्टरहरूले वस्तुकरणको सिकार बनाउने तर्क गर्दै भन्छिन्, 'फिल्टर प्रयोग गर्नाले आफूलाई कुनै भौतिक वस्तुको रूपमा हेरेर सुधार गरी पर्फेक्ट बनाउन खोजिन्छ। जति मानिसहरू आत्म वस्तुकरणमा संलग्न हुन्छन् उति नै उनीहरू आफ्ना भावना र संवेदना महसुस गर्न अक्षम हुन्छन्।'

बेल्जियमको जर्नल अफ चिल्ड्रेन एन्ड मिडियाले औसत उमेर १६ भएका ३ सय ३३ किशोरकिशोरीलाई लिएर गरेको एक अध्ययनमा अनुहार र शरीरमा फिल्टर प्रयोग गर्नुले कस्मेटिक सर्जरीप्रति आकर्षण बढाउने देखाएको छ। नेपालमा भने ब्युटी फिल्टरका असरबारे अध्ययनहरू गरिएका छैनन् तर अन्य देशमा भएका अध्ययनहरू यहाँ पनि सान्दर्भिक हुने मनोचिकित्सक डा. अरुणा कुँवरको तर्क छ। ब्युटी फिल्टर आएदेखि किशोरकिशोरीमा एउटा आइडियल शरीर कस्तो हुनुपर्छ भन्ने धारणा नै परिवर्तन भएको र सबैले आफूलाई नराम्रो देख्न थालेको उनी बताउँछिन्।

'फिल्टरले म राम्रो छैन, मेरो ज्यान राम्रो छैन, अनुहार राम्रो छैन भन्ने सोचको विकास गराई असन्तुष्टि जगाउँछ। यसका कारणहरूमध्ये मुख्यतः फिल्टर र यस्ता सामग्रीहरू देखिने सोसियल मिडिया प्लाटफर्म नै हुन्,' कुँवर भन्छिन्, 'आफूबारे नराम्रो महसुस गर्नेहरूले केही साता सोसियल मिडिया प्रयोग गरेनन् भने आफूबारेमा राम्रो महसुस गर्न थाल्छन्। त्यसैले नै बालबालिकालाई सोसियल मिडियामा धेरै एक्स्पोज गराउन हुँदैन।'

क्लिनिकल साइकोलोजिस्ट हसना श्रेष्ठले फिल्टर प्रयोग गर्ने कुराको पनि एउटा चक्र हुने बताउँछिन्। 'समाजमा जो व्यक्ति आफ्नो भौतिक रूपलाई स्वीकार गर्छ उसमा आत्मस्वीकारोक्ति पनि हुन्छ। तर जसले बारम्बार आफ्नो रूपलाई लिएर तुलना मात्र गर्छ, उसमा आत्मस्वीकारोक्ति पनि हुँदैन,' श्रेष्ठ भन्छिन्, 'आफूलाई कमजोरीको लेन्सबाट मात्र हेर्नेका लागि, समाजबाट भ्यालिडेसन पाउने टुलजस्तो बनेका छन्, यी फिल्टर। यसको प्रयोगपछि वास्तविक रूप अझ मन पर्न छोड्छ। आत्मस्वीकारोक्ति झन् घट्छ।' श्रेष्ठको बुझाइमा फिल्टर प्रयोग गर्नु भनेको वास्तविकताबाट पर रहनु हो। छोटो समयका लागि राम्रो जस्तो देखिने फिल्टरको प्रयोगले नराम्रो प्याटर्न विकास गर्ने उनी बताउँछिन्। 'बालबालिकाले सानैदेखि जे गर्छन्, उनीहरूको सोच त्यस्तै विकास हुन्छ। त्यसैले सानोबाटै ब्युटी फिल्टरको लेन्सबाट बच्चाहरूले आफूलाई हेर्छन् भने आफू त्यस्तै हुनुपर्छ भन्ने मान्यताको विकास हुन्छ,' श्रेष्ठले भनिन्।

मनोसामाजिक परामर्शदाता आदित्य डंगोल सुन्दरतालाई लिएर पहिल्यैदेखिको मान्यतालाई ब्युटी फिल्टरले मलजल गरेको बताउँछन्। 'ब्युटीलाई लिएर धेरै जना इनसेक्योर महसुस गर्छन्। आत्मविश्वासको कमी हुन्छ। ब्युटी फिल्टरले आफू जे छु त्यो ठीक छैन भन्ने धारणा जगाउँछ,' उनी भन्छन्, 'फेरि किशोरावस्था अरूले गरेको सिक्ने समय पनि हो, साथीहरूसहित जताततै प्रयोग गरिएको कुरा आफूले पनि प्रयोग गर्नुपर्छ भन्ने सोच्छन्।'

फिल्टरको लगातार प्रयोगले आफ्नो लुक्स परिवर्तन गर्न कस्मेटिक्स प्रयोग गर्ने बाध्यतामा धकेल्ने डंगोल बताउँछन्। भन्छन्, 'यसले एन्जाइटी, डिप्रेसन, इटिङ डिसर्डरदेखि बडी डिस्मोर्फियासम्ममा पुऱ्याउन सक्छ। जुन मानसिक रूपमा मात्र होइन, शारीरिक रूपमा पनि हानिकारक बन्न पुग्छ।'

हार्दिक श्रद्धाञ्जली

जन्मः वि.स. २००९।०४।०६

स्वर्गारोहणः वि.स. २०८१।०८।२४

स्व: मदन बहादुर बम

जनकपुर चुरोट कारखानाका तत्कालिन निर्देशक **मदन बहादुर बम** ज्यूको ७२ वर्षको उमेरमा यही २०८१ मार्ग २४ गतेका दिन भएको असामयिक निधनबाट हामी स्तब्ध तथा मर्माहत भएका छौं। आज वहांको **१३ औं दिन**को पूण्य तिथिमा दिवंगत आत्माको चीरशान्ति एवं बैकुण्ठ बासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

रमेश गुरुङ्ग (अमेरिका)
प्रभा सिंह
इन्दु कार्कि
शान्ता शाह बम (अमेरिका)
जीवन कार्कि
गिता सुब्बा
अम्बु सिंह राठौर
मैया बज्राचार्य
कुमुद राणा
अनुराग गिरी
विजय हरि शर्मा
भरत विक्रम शाह
दिवाकर राणा
जनक प्रसाद रिजाल
सुन्दर राज दलि
बिजय चन्द्र आर्य
बिनोद बहादुर थापा
सुरेशमान श्रेष्ठ
नरेश श्रेष्ठ
मोहन बहादुर कार्कि
ज्योतिराम पाण्डे
विनोद कुमार राई
निलकण्ठ बराल
सोमराज तिमल्सिना
केदार ओझा
शिवहरि गौतम
केदार मल्ल
लालबाबु शर्मा

तथा समस्त ज. चु. का. लि. परिवार।

वर्गीकृत डिस्प्ले

घर बिक्रीमा
काठमाडौं बालुवाटार वडा नं. ४ निर्मल निवास पछाडी ५ आनामा ५ तल्ले नक्सा पास भएको हाल ३ तल्ला निर्माण भएको ३ वर्ष अगाडी बनेको १४/१४ को फिल्लर भएको फिनिसिङ्ग हुन बाँकी घर जग्गाको मुल्यमा मौकाको फाइदा उठाउनुहोला।
सम्पर्कः ९८१०३०५७८८

बिक्रीमा
बिभिन्न केमिकल्सहरु जस्तैः फिटकिरी, ब्लीचिङ्ग पाउडर, क्रास्टर आयल (अण्डीको तेल), आलम, निमको तेल, तिलको तेल, कोकोनट आयल, स्प्रीट, मेथानोल आदी।
सम्पर्कः ९८५४०२११७१

आवश्यकता
विदेशी कम्पनीका लागि कामदारको आवश्यकता, नि:शुल्क आवास, खाना र उडान तत्काल,
सम्पर्कः
Earth Connect Enterprises
9709987784,
9709987785
connectearth4@gmail.com

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*

घर बिक्रिमा | गाडि बिक्रिमा | जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।

विदेशी मुद्रा

अमेरिकी डलर	१३६.४२
युरो	१४२.०१
पाउन्ड स्टर्लिङ	१७२.४१
अस्ट्रेलियन डलर	८५.२६
कतारी रियाल	३७.४३

राष्ट्र बैंकको आधारमा

सुन रू. १,४८,५००

चाँदी रू. १,७६०

। नेपाल-भारत आर्थिक सम्मेलन

'दक्षिण एसियाको आर्थिक विकासमा नेपाल-भारत साझेदारी अत्यावश्यक'

नेपाल-भारत सम्बन्धलाई आर्थिक मात्र नभई सामाजिक र सांस्कृतिक रूपमा पनि थप मजबुत बनाउनुपर्नेमा विज्ञहरूको जोड

हामीले एफडीआईसम्बद्ध नीति उदार बनाएका छौं, भारतका उद्यमीहरूलाई ऊर्जा, पूर्वाधार, कृषि, पर्यटन एवं सूचना प्रविधिमा लगानी गर्न आह्वान गर्छु

● **आरजु राणा देउवा**
परराष्ट्रमन्त्री

भारतले नेपालको जलविद्युत् क्षेत्रमा ठूला लगानी गरेको छ, अरुण तेस्रो निर्माणको अन्तिम चरणमा छ, यसले दुई देशबीच ऊर्जा सहकार्यमा थप टेवा पुग्छ

● **मन्जिबसिंह पुरी**
नेपालका लागि भारतीय पूर्वराजदूत

कार्बन व्यापारसम्बन्धमा बनेको अन्तर्राष्ट्रिय कानुन र संरचना नेपालजस्ता कार्बन उत्पादन नगर्ने मुलुकहरूको हितमा छैन

● **अच्युत वाग्ले**
रजिस्ट्रार, काठमाडौं विश्वविद्यालय

। **यज्ञ बञ्जाडे** (नयाँदिल्ली)

दक्षिण एसिया क्षेत्रको आर्थिक विकासमा भारत-नेपालबीचको साझेदारी बढ्न अत्यावश्यक रहेको विज्ञहरूले औंल्याएका छन्। दुई देशबीचको बलियो साझेदारीमार्फत दिगो विकासका लक्ष्य हासिल गर्न जलविद्युत्, पर्यटन, सूचना प्रविधि, फिनटेकलगायत क्षेत्रमा सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा उनीहरूले जोड दिए।

भारतको राजधानी नयाँदिल्लीमा शुक्रबार सम्पन्न 'नेपाल-भारत आर्थिक सम्मेलन' का वक्ताहरूले दक्षिण एसियाली क्षेत्रीय सहकार्यलाई थप सक्रिय तुल्याउँदै द्विपक्षीय साझेदारीलाई व्यवहारमा लागू गर्न ठोस कदम चाल्नुपर्ने बताए। काठमाडौं विश्वविद्यालयअन्तर्गतको नेपाल समसामयिक अध्ययन केन्द्र र भारतको फाउन्डेसन फर इकोनोमिक ग्रोथ एन्ड वेल्फर (एग्रो फाउन्डेसन) ले संयुक्त रूपमा आयोजना गरेको सम्मेलनमा नेपाल-भारत सम्बन्धलाई केवल आर्थिक मात्र नभई सामाजिक र सांस्कृतिक रूपमा पनि थप मजबुत बनाउनुपर्नेमा विज्ञहरूले जोड दिए।

सम्मेलनले नेपाल र भारतबीचको शैक्षिक तथा क्षेत्रीय सहकार्यका सम्भावना पहिचान गर्ने बताइएको छ। शैक्षिक क्षेत्रबाट अध्ययन र तथ्यांकको प्रयोग गरी नीतिगत सहकार्यमा योगदान पुर्‍याउन सकिने विज्ञहरूले जनाए।

दक्षिण एसियाको क्षेत्रीय सहकार्यका लागि नेपाल-भारत सम्बन्धलाई एक उदाहरणीय अवधारणाका रूपमा विकास गर्नुपर्ने उनीहरूको भनाइ छ। भारत-नेपाल आर्थिक सम्मेलनले दुई देशबीचको सहकार्यलाई गहिरो बनाउने अवसर प्रदान गरेकाले दुई देशबीचको आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउनुपर्नेमा उनीहरूको जोड छ। क्षेत्रीय सहकार्यलाई बलियो बनाउन दुवै देशले समान रूपले योगदान दिनुपर्छ भन्नेमा वक्ताहरूको साझा धारणा छ।

नेपालमा लगानी विस्तार गर्न भारतीय लगानीकर्ताहरूलाई परराष्ट्रमन्त्री आरजु राणा देउवाले आग्रह गरिन्। नेपालमा रहेको प्रत्यक्ष विदेशी लगानी (एफडीआई) मध्ये सबैभन्दा धेरै भारतकै रहेको र थप लगानी विस्तार गर्न उनले आग्रह गरेकी हुन्। नेपालमा राजनीतिक स्थिरता हुनुका साथै लगानीमैत्री वातावरणमा सुधार आएकाले लगानी विस्तार गर्न सहज रहेको उनको भनाइ छ।

'नेपालले विदेशी लगानीका लागि आफ्नो नीति उदार बनाएको छ। भारतका उद्यमीहरूलाई ऊर्जा उत्पादन, पूर्वाधार विकास, कृषि, पर्यटन एवं सूचना प्रविधिमा लगानी गर्न आह्वान गर्छु' परराष्ट्रमन्त्री राणाले भनिन्, 'नेपालमा लगानी सुरक्षित हुने र यसले उच्च प्रतिफल दिने आश्वासन दिन चाहन्छु।' नेपालले विदेशी लगानी आकर्षणका लागि 'बीबी माइनस' रेटिङ प्राप्त गरेको र स्वदेशी तथा विदेशी लगानीका लागि प्रोत्साहनकारी नीति लागू गरेको उनले जनाइन्।

दक्षिण एसियाली क्षेत्रीय सहकार्यमा कमी आएको र क्षेत्रीय संगठनहरू कमजोर बनेको नेपालका लागि भारतका पूर्वराजदूत लोकराज बरालको भनाइ छ। 'सार्कले कुनै ठोस उपलब्धि हासिल गर्न सकिरहेको छैन। बिमस्टेकले पनि खास प्रगति गर्न सकेको छैन। यद्यपि बिमस्टेकअन्तर्गत केही परियोजना पहिचान भए पनि अगाडि बढ्न नसकेको अवस्था छ,' उनले भने, 'नेपाल र भारतले क्षेत्रीय सहकार्यलाई बढावा दिनुपर्छ।'

दुई देशबीचको सहकार्यलाई राजनीतिभन्दा पर गएर आर्थिक र सांस्कृतिक साझेदारीमा केन्द्रित गर्नुपर्नेमा नेपालका लागि भारतीय पूर्वराजदूत मन्जिबसिंह पुरीले जोड दिए। 'नेपालका धार्मिक पर्यटकीय स्थल– जस्तै पशुपतिनाथ र मुक्तिनाथ भारतका धार्मिक पर्यटकका लागि आकर्षणका केन्द्र बन्न सक्छन्। तर नेपालले यसलाई व्यवस्थित ढंगले अघि बढाउन सकेको छैन,' उनले भने, 'भारतले नेपालको जलविद्युत् क्षेत्रमा ठूला लगानी गरिरहेको छ। अरुण तेस्रो जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छ। यसले दुई देशबीच ऊर्जा सहकार्यमा थप टेवा पुग्नेछ।' दुवै देशले जलवायु परिवर्तन न्यूनीकरण र हरित विकासका लागि सहकार्य गर्नुपर्ने आवश्यकता रहेको उनले औंल्याए।

भारतको इग्रो फाउन्डेसनका निर्देशक डा. अशोक विसनदासले यो सम्मेलन शैक्षिक उपलब्धिमा मात्र सीमित नरही क्षेत्रीय एकता र सहकार्य प्रवर्द्धन गर्न महत्त्वपूर्ण रहेको बताए। दिगो र समावेशी विकासका लागि नीतिगत तहमा सहकार्य गर्ने विषयमा सुझाव प्रदान गर्न सम्मेलनको भूमिका हुने उनको दाबी छ। द्विपक्षीय लगानी, पूर्वाधार निर्माण, व्यापार, पर्यटनलगायत क्षेत्रमा सहकार्यका सम्भावनाबारे महत्त्वपूर्ण निष्कर्ष निस्कने उनको अपेक्षा छ।

इग्रोका प्रमुख कार्यकारी डा. चरन सिंहले पनि दुई देशबीचको आर्थिक सम्मेलन पहिलो पटक आयोजना गरिएको उल्लेख गर्दै छिमेकी मुलुकसँग सहकार्य, सिक्ने र सिकाउने अभ्यासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए। सम्मेलनले शैक्षिक अनुसन्धानका क्षेत्रमा सहकार्य गर्ने महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उनको धारणा छ।

अन्तरदेशीय भुक्तानी प्रणाली र डिजिटल पूर्वाधार विकासमा सहकार्य गर्नुपर्ने भारतको वित्त मन्त्रालयका सल्लाहकार चन्चल सी सरकारको भनाइ छ। 'फाइनान्सियल इन्क्लुजन, स्टार्टअप र फिनटेक क्षेत्रका लागि दुई देशबीच सहकार्यका पर्याप्त सम्भावना छन्,' उनले भने, 'दिगो विकास लक्ष्य प्राप्तिका लागि पनि दुवै देशले धेरै काम गर्न बाँकी छ। खासगरी डिजिटल पूर्वाधार निर्माणका लागि सहकार्य आवश्यक छ। नवप्रवर्तन (स्टार्टअफ) र फिनटेकका क्षेत्रमा सहकार्यका लागि पर्याप्त सम्भावना छन्। सहकार्यका लागि भारत सधैं तयार छ।' **बाँकी पृष्ठ ६**

डीडीसीले उठाउनुपर्ने बक्यौता ३१ करोड, किसानलाई तिर्नुपर्ने ७० करोड

घोटाला गर्ने कर्मचारीबाट सवा ४ करोड रुपैयाँ, सम्पर्कविहीन आसामीबाट सवा करोड र नियमित कारोबार गरिरहेकाबाट २०७३ देखिकै २५ करोडभन्दा बढी असुल्न बाँकी

। **राजु चौधरी** (काठमाडौं)

फाइल तस्बिर

दुग्ध विकास संस्थान (डीडीसी) ले विश्वासका आधारमा फर्म तथा कम्पनीलाई आफ्ना उत्पादन उधारोमा समेत दिने गरेको छ। नियमित कारोबार गरिरहेका आधारमा उनीहरूले यस्तो उधारो पाउँछन्।

तर बीचमा केही फर्म तथा कम्पनी सम्पर्कविहीन बनिदिन्छन् भने कोहीले कारोबार टुटाइदिन्छन्। र, उनीहरूबाट बक्यौता बाँकी रहन्छ। त्यति मात्रै होइन, कर्मचारीले पनि दूधको फ्याट, एसएनएफ, डिजेल, भुसलगायत बिक्रीमा बदमासी/घोटाला गरिदिन्छन्। कर्मचारीले गरेको घोटालाबाट मात्र डीडीसीले सवा ४ करोड रुपैयाँभन्दा बढी असुल्न बाँकी छ।

कतिपय कर्मचारी अवकाशमा गइसकेका छन्। तर कर्मचारीहरूले आन्दोलन गर्ने त्रासमा डीडीसीको व्यवस्थापनले यसलाई पन्छाइरहेको छ। २०७३ देखि २०७९ सम्मको नियमित कारोबार, आसामी र कर्मचारीले गरेको बदमासीबापत लिनुपर्ने बक्यौता २०७९ सम्मकै साढे २२ करोड रुपैयाँभन्दा बढी छ। डेढ वर्षयता रकम थपिएर ३१ करोड पुगेको महाप्रबन्धक सूर्य पौडेलले जनाए।

२०७९ सालसम्म करिब २२ करोड रुपैयाँ बक्यौता थियो। त्यसपछि पनि नियमित कारोबार गर्ने पुरानै कम्पनीहरूको बक्यौता थपिएको छ। 'हामीलाई पनि मौज्दातमा रहेको सामान बिक्री गर्नुपर्ने बाध्यता थियो। त्यही भएर 'फोर्स सेल'मा गयौं,' महाप्रबन्धक पौडेलले भने, 'त्यति बेला पाँच टन लैजानेलाई उधारोमा १० टनसम्म पनि दियौं। त्यही भएर पछिल्लो डेढ-दुई वर्षमा बक्यौता बढेर करिब ३१ करोड पुगेको हो। तर नियमित कारोबार गर्नेहरूबाट ढिलोचाँडो पैसा असुल भइहाल्छ। कर्मचारीबाट पनि नियमसंगत रूपमा पैसा अल्छौं।' कारोबार गरिरहेका कम्पनीले कारोबार गर्न छोड्नु र पैसा उठाउन बाँकी हुनु सामान्य रहेको उनको दाबी छ। 'यस्तो समस्या अन्य कम्पनीको पनि हुन्छ, यो ठूलो विषय होइन,' महाप्रबन्धक पौडेलले भने, 'कर्मचारीबाट पनि उठाउनुपर्नेछ।'

२०७३ देखि २०७९ सम्म कर्मचारीबाट असुल्नुपर्ने बक्यौता ४ करोड १५ लाख रुपैयाँ छ। यस विषयमा महालेखापरीक्षकको कार्यालयले पनि पटक-पटक प्रश्न उठाउँदै आएको छ। सबैभन्दा धेरै काठमाडौं दुग्ध पदार्थ बिक्रीवितरण आयोजना लैनचौरबाट असुल्न बाँकी छ। **बाँकी पृष्ठ ६**

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

एडीबीको १ खर्ब ५ अर्ब ६१ करोड सहयोग

काठमाडौं (कास)- एसियाली विकास बैंक (एडीबी) ले विभिन्न तीन परियोजना कार्यान्वयन गर्न १ खर्ब ५ अर्ब ६१ करोड रुपैयाँ सहयोग गर्ने भएको छ। सहायता रकममध्ये ६ अर्ब ५२ करोड रुपैयाँ अनुदान हो भने बाँकी रकम सहुलियतपूर्ण ऋण हो।

दोस्रो चरणको काठमाडौं उपत्यका खानेपानी आपूर्ति सुधार परियोजना, दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग (सासेक) विद्युत् प्रसारण तथा वितरण सुदृढीकरण परियोजना तथा समावेशी विकास कार्यक्रम कार्यान्वयन गर्न उक्त ऋण एवं अनुदान उपयोग गरिने जनाइएको छ।

अर्थ मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा ऋण एवं अनुदान सहायतासम्बन्धी सम्झौतापत्रमा अर्थसचिव रामप्रसाद घिमिरे र एडीबीका देशीय निर्देशक आर्नो कोस्वाले हस्ताक्षर गरे।

उक्त अवसरमा सचिव घिमिरेले नेपालको समाजिक-आर्थिक विकासमा एडीबीबाट प्राप्त सहयोगका निम्ति कृतज्ञता व्यक्त गरे। नेपालको कृषि, प्राकृतिक स्रोत, ग्रामीण विकास, ऊर्जा, सार्वजनिक क्षेत्र व्यवस्थापन, खानेपानी, एवं सहरी पूर्वाधार निर्माणमा एडीबीले सघाउँदै आएको निर्देशक कोस्वाले बताए।

UNFPA, the United Nations Population Fund, is looking for the qualified candidates for the following position:

Job Title	:	**Programme Analyst, Gender [1 Position]**
Level	:	**NOB**
Job Opening ID	:	**22971**
Location	:	**Janakpur, Nepal**
Full/Part Time	:	**Full Time**
Fixed Term/Temporary	:	**Fixed Term**
Rotation/Non Rotational	:	**Non-rotational**
Duration	:	**1 Year Initially with the possibility of extension**
Deadline	:	**10 January 2025 by 5:30 PM NPT**

Position: The Programme Analyst - Gender leads UNFPA's work in the assigned Province on gender equality and human rights, with a special focus on gender-based violence (GBV) and harmful practices, towards accelerating the achievement of the International Conference on Population and Development (ICPD) Programme of Action (PoA), the Beijing Platform for Action, the 2030 Agenda and other global, regional and national frameworks.

S/he provides technical leadership, policy advice and management support to the UNFPA programmes in the assigned province on gender equality, women's rights, gender-based violence, and harmful practices. S/he promotes inter-linkages within the gender portfolio of projects and among other programmes in the areas of reproductive health, adolescents and youth and population dynamics, and builds capacities of staff and concerned partners at the provincial level to mainstream gender and incorporate an intersectionality lens across all programme areas in the province.

Eligibility criteria for above position: Advanced degree in Gender Studies, Human Rights, Law, Public Policy, Development Studies, or related disciplines; Minimum two years of professional experience in gender and/or human rights and GBV programme management in the public sector.

How to apply: UNFPA has established an electronic application management system. This allows applicants to create a candidate profile, which can be updated regularly and submitted for more than one vacancy. A full job description of the position can be accessed at https://nepal.unfpa.org/vacancies and only online applications using this link will be accepted.

Notice: There is no application, processing or other fee at any stage of the application process. UNFPA does not solicit or screen for information in respect of HIV or AIDS and does not discriminate on the basis of HIV/AIDS status. We provide a work environment that reflects the values of gender equality, teamwork, embracing diversity in all its forms, integrity and a healthy balance of work and life. We are committed to maintaining our balanced gender distribution and therefore encourage women to apply. We promote equal opportunities for all and apply positive discrimination to candidates from the discriminated groups, including persons with disabilities.

UNFPA has a zero-tolerance against Sexual exploitation and Abuse (SEA) and sexual harassment (SH). Everyone is responsible for preventing sexual exploitation and abuse (PSEA), and all UN personnel must adhere to the standards of conduct that preserves PSEA principles (both during work hours and outside work hours). All selected candidates will, therefore, go through a safe hiring process.

The UN is committed to ensuring inclusive and accessible participation for all, including in written tests/interviews. Please let us know, should you need reasonable accommodation for the interview/written test and we will make sure to arrange accordingly.

HELVETAS NEPAL
TRAIL-BASED TOURISM Development Project

Request for Proposal (RFP)

Baseline Study for Trail-Based Tourism Development Project (TTDP)

The Trail-based Tourism Development Project (TTDP) is a joint initiative of the Governments of Switzerland and Nepal. The goal of the project is for people in Koshi Province to increase their income and contribute to the conservation of culture with innovative and sustainable tourism offers. It focuses on four main trail routes namely Mundhum, Chiyabari, Phalgunanda and Laligurans trails spanning 29 municipalities in Koshi Province. The project will directly benefit 100,000 people of disadvantaged groups (DAGs) of which 85,000 are from discriminated groups (including women) and 18,000 are poor. Communities within three hours of walking from the trails, especially women, marginalized groups, and the economically poor, will gain opportunities for employment, capacity building, and participation in community tourism initiatives. It is expected that DAGs will increase their income by engaging in trail construction work and contribute to the conservation of culture with innovative and community tourism offerings.

The TTDP project requests proposals from consulting firms to procure consulting services to conduct a baseline study of the project. The RFP along with Terms of Reference (ToR) is made available at **https://notice.helvetasnepal.org**

An interested consulting firm that meets the requirements specified in the ToR shall submit the proposal along with the updated CV electronically to **procurement.np@helvetas.org** by **1 January 2025, 5:00 PM Nepal time.** The proposal must be signed and compiled as a PDF file for submission. Any proposal received after the given deadline will not be considered for evaluation.

Telephone inquiries will not be entertained. Helvetas Nepal reserves the right to reject any or all proposals without assigning any reasons.

HELVETAS NEPAL

VACANCY ANNOUNCEMENT

SheLeads Skills and Empowerment Project is supported by the Ursula Zindel Hilti Foundation to address systemic and legal challenges faced by young women and girls in Madhesh Province. It aims to support access to skill development and entrepreneurship opportunities, thereby addressing barriers to economic access and fostering transformative change. The project focuses on vocational skills (short-, medium-, and long-term dual VET), results-based financing, enterprise development, financial inclusion, and youth engagement in local governance projects and initiatives. This project is being implemented in three municipalities of Madhesh Province, namely Karjanha, Lahan, and Ganeshmancharnath.

Helvetas Nepal invites applications from committed and experienced Nepali citizens for the following position:

1.Position: Knowledge Management and Digitalization Specialist (1)

Job Location: Project Management Unit (PMU) Kathmandu with frequent visits to project sites
Job Duration: 3 years with the possibility of extension

Job Purpose
This position is responsible for establishing a robust knowledge management system and fostering a culture of learning, innovation, and information sharing within the SheLeads Project. The Knowledge Management and Digitalization Specialist shall focus on capturing, organizing, and disseminating project insights to support evidence-based decision-making and learning. Additionally, the position shall leverage digital tools and ICT solutions to enhance knowledge management processes, improve project outcomes, and streamline operations, including tracking and reporting mechanisms. S/he shall play a pivotal role in integrating IT and digitalization initiatives into the project, ensuring that digital solutions are effectively utilized to optimize efficiency, enhance collaboration, and support the achievement of project objectives. S/he shall also act as the Digital/IT focal person, providing technical guidance and support to the project team.

Required Education, Experience and Social competence:
Master's Degree in Information Technology, Information Management, or in any relevant discipline. Minimum of 4 years of work experience in similar field. Commitment towards gender equality, social inclusion, poverty reduction is a must.

Remuneration and Benefits: As per the rules and regulations of Helvetas Nepal.

Application Procedures: Interested candidates who meet the above requirements are requested to visit our website at **http://apply.helvetas.org.np** and submit the application through the online portal. Detailed job description is available on the website.

Any telephone enquiries/and or attempts to apply undue influence will result disqualification of candidates. Only short-listed candidates will be contacted for the selection process. Helvetas Nepal reserves the right to reject any or all applications without assigning any reasons.

Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (women, Dalit, Janajati, Madhesi/Terai, and other minority communities).
Deadline for submission of application: 4th January 2025

'दक्षिण एसियाको आर्थिक...

नेपालजस्ता मुलुकहरूका लागि कार्बन व्यापार विकसित राष्ट्रहरूको छल मात्र भएको काठमाडौं विश्वविद्यालयका रजिस्ट्रार अच्युत वाग्लेले बताए। कार्बन व्यापारसम्बन्धमा बनेको अन्तर्राष्ट्रिय कानुन र संरचना नेपालजस्ता कार्बन उत्पादन नगर्ने मुलुकहरूको हितमा नभएको उनको दाबी छ। 'अहिले कार्बन व्यापारको अन्तर्राष्ट्रिय नियम-कानुन र संचरना विकसित एवं औद्योगिक संरचना भएका मुलुकलाई निरन्तर प्रदूषण गरिहने र उनीहरूको आर्थिक वृद्धिको स्वार्थ मात्र पूर्ति गर्ने खालको छ,' उनले भने, 'विकसित मुलुकहरूले कार्बन व्यापारको अन्तर्राष्ट्रिय कानुनी संरचना र गणनाको सूत्रलाई आमूल रूपमा परिवर्तन गर्नुपर्छ, नेपालजस्तो मुलुक कार्बन व्यापारको जालझेलमा फस्नु हुँदैन।'

नेपाल र भारतबीचको समान उत्पादन र बजार संरचनालाई सहकार्यका आधार बनाउनुपर्ने प्राध्यापक महेन्द्र पी लामाको भनाइ छ। जलविद्युत् विकासलाई क्षेत्रीय बजारमा जोड्दै संयुक्त प्रसारण प्रणालीको विकास गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले नयाँ आर्थिक करिडोर पहिचान र विकासमा जोड दिए। 'सूचना प्रविधिका क्षेत्रमा नेपाल-भारतका युवा पुस्ताले प्रगति गरिरहेको छ। यसलाई अझ प्रवर्द्धन गर्न सकिन्छ,' लामाले भने।

जलविद्युत्, सूचना प्रविधि र धार्मिक पर्यटन क्षेत्र पहिचान गरिए पनि ती क्षेत्रमा पर्याप्त लगानी नभएको लगानी बोर्ड नेपालका सहसचिव प्रद्युम्नप्रसाद उपाध्यायले बताए। धार्मिक पर्यटन प्रवर्द्धनका लागि भारतका लगानीकर्तालाई होटल तथा अन्य पूर्वाधार निर्माणमा आकर्षित गर्न सकिने सम्भावना उनले औंल्याए। धार्मिक पर्यटनको राम्रो सम्भावना रहेका नेपालका क्षेत्रमा भारतका लगानीकर्ताले होटल तथा अन्य पूर्वाधार संरचनामा लगानी गर्न सक्ने सम्भावना रहेको उनले जनाए। भारतीय लगानीका अरुण तेस्रो, तल्लो अरुण, पश्चिम सेती र एसआर सिक्स, माथिल्लो कर्णाली, डाबर नेपाललगायत परियोजना नेपालमा अघि बढेको उनको भनाइ छ।

सगरमाथादेखि सागरसम्मको आपूर्ति शृंखला तयार पार्न सक्नुपर्नेमा भारतीय विदेश व्यापार संस्थानका भाइस चान्सलर प्राध्यापक राकेश मोहन जोशीले जोड दिए। वस्तुको मूल्य अभिवृद्धि निर्माण, सहज बजार पहुँच, गैरकर अवरोध हटाइनुपर्नेलगायत विषयलाई दुवै देशले महत्त्व दिनुपर्ने उनी बताउँछन्।

नेपालमा संघीयताको सुरुवातपछि नेपालमा सूत्रमा आधारित वित्तीय हस्तान्तरण प्रणाली लागू गरिएको लगानी बोर्ड नेपालका पूर्वप्रमुख कार्यकारी अधिकृत सुशील भट्टले जनाए। प्रारम्भिक चरणमा अनुदानलाई तल्लो तहसम्म प्रभावकारी रूपमा व्यवस्थापन गर्न चुनौतीपूर्ण अवस्था थियो। वेबमा आधारित आयोजना दर्ता प्रणाली र क्षेत्रगत विकास रणनीति तयार पारिनुका साथै आयोजना बैंक निर्माणको प्रक्रिया पनि चुनौतीपूर्ण रहेको उनको भनाइ छ।

नेपालमा सार्वजनिक निजी साझेदारी अवधारणामार्फत परियोजना विकास गर्न ठूलो तयारी गरिएको भट्टले उल्लेख गरे। 'ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइन दुई देशबीच विद्युत् व्यापारका लागि महत्त्वपूर्ण पूर्वाधार साबित भएको छ,' उनले भने, 'सीमाक्षेत्रमा आवश्यक पूर्वाधार निर्माण, अन्तरदेशीय आर्थिक करिडोर विकास र दोधारा-चाँदनी सुक्खा बन्दरगाह निर्माणलाई प्राथमिकतामा राख्नुपर्छ।'

नेपालको पर्यटन क्षेत्रको लगानीसम्बन्धमा नेपाल र भारतबीच निजी क्षेत्रको सहकार्य निकै राम्रो भए पनि दुई सरकारबीच सहकार्य थप प्रभावकारी र परिणामुखी बनाउनुपर्ने नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले जनाए। 'पर्यटन क्षेत्रको विकास र विस्तारका लागि सृजनशीलता र नवीनता प्रवर्द्धनका लागि नेपाल भारतबीच नतिजामूखी सहकार्य आवश्यक छ,' उनले भने, 'साहसिक गतिविधि र विवाहका लागि नेपाल एक उत्कृष्ट गन्तव्य बन्न सक्छ। नेपालको लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका ६ वटा र भारतका उत्तरप्रदेश र उत्तराखण्डका पाँचवटा राष्ट्रिय निकुञ्ज समेटेर पर्यटनको संयुक्त प्याकेजमार्फत प्रवर्द्धन गर्दा दुवै देशले लाभ लिन सक्छन्।'

नेपाल र भारत दुई देशबीच खुला सिमाना रहेकामा यसलाई भारतले सैनिक सुरक्षाको दृष्टिकोणले हेर्ने गरेको र नेपालले राजस्व तथा भन्सारसँग जोडेर हेर्ने गरेको काठमाडौं विश्वविद्यालयका सहप्राध्यापक उद्धव प्याकुरेलले बताए। सुपारी र केराउको अवैध व्यापारको विषय उठाउँदै यस्ता विषयलाई दुवै देशको सहकार्यबाट नियन्त्रण गर्न सकिने भए पनि त्यसको प्रयास हुन नसक्नु दुःखद भएको उनको भनाइ छ। 'दुई देशबीच व्यक्ति-व्यक्तिबीचको सम्बन्धलाई बढावा दिन सके सुरक्षा चुनौती व्यवस्थापन गर्न सकिन्छ,' उनले भने।

रुग्ण आयोजनाको व्यवस्थापनमा भौतिक मन्त्रालयको चासो

पहिला संघमा रहेका योजना पछि प्रदेशमा जाँदा बजेट विनियोजनमा समस्या

कान्तिपुर संवाददाता (काठमाडौं)

लामो समयदेखि काम नभएर रुग्ण बनेका सडक योजनाको व्यवस्थापन गरिने भएको छ। त्यसका लागि तयारी भइरहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ। अहिले यस्ता योजना बजेट नभएर अधुरा बनेका छन्। पहिला संघमा रहेका योजना पछि प्रदेशमा जाँदा बजेट विनियोजनमा समस्या भएर काम अघि बढ्न नसकेको बताइएको छ।

रुग्ण योजना समस्या बनेको भौतिकमन्त्री देवेन्द्र दाहालले स्विकारे। 'यसबारे निर्माण व्यवसायी र मन्त्रालयबीच सहमति भएर कसरी रुग्ण योजनाको व्यवस्थापन गर्ने भन्नेबारे छिट्टै निर्णय गर्ने गरी योजना बनाइरहेका छौं,' उनले भने, 'रुग्ण योजना सधैं राख्न हुँदैन, यसलाई समाधान गर्नतिर लाग्नुपर्छ, त्यहीअनुसार योजना बनाइरहेका छौं।'

भौतिक मन्त्रालयसँग सम्बन्धित निर्माण व्यवसायीहरूको कामको भुक्तानी गर्ने क्रममा रहेको र त्यसका लागि रकम आइसकेको उनको भनाइ छ। बजेटमा योजना धेरै राखिए पनि त्यसअनुसारको बजेट नहुँदा समस्या भएको भौतिकमन्त्री दाहालले जनाए।

'६५३ वटा पुल बनाउने भनेर रातो किताबमा राखिएको छ, त्यसका लागि ७९ लाख रुपैयाँ छुट्याइएको छ,' नेपाल पूर्वाधार पत्रकार समाजको तेस्रो वार्षिक साधारणसधा तथा दोस्रो अधिवेशन उद्घाटन गर्दै शुक्रबार मन्त्री दाहालले भने, 'जब कि ८/१० करोडभन्दा कम्तीमा पक्की पुल नै बन्दैन। सानो कल्भर्ट बनाउन पनि करोड रुपैयाँभन्दा बढी लाग्छ।' धेरै आयोजनाका लागि थोरै बजेट छुट्याउँदा काम सक्न समस्या हुने गरेको उनको भनाइ छ।

सरकारले आर्थिक रूपमा बढी लाभ आउने आयोजनामा लगानी गर्नुपर्नेमा सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देलले जोड दिए। 'यस्ता आयोजनालाई सरकारले प्राथमिकता दिनुपर्छ,' उनले भने, 'त्यहीअनुसार काम पनि गर्नुपर्छ।'

निर्माण क्षेत्रलाई चलायमान बनाउन सरकारले अहिलेसम्म गरेको कामका भुक्तानी दिनुपर्ने नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताए। 'सरकारले अत्यावश्यकबाहेक नयाँ आयोजनामा जोड दिनुभएन,' उनले भने, 'पुराना ठेक्का आपसी समझदारीमा व्यवस्थापन गर्नुपर्छ।' सार्वजनिक खरिद नियमावली पटक-पटक संशोधन गर्दा निर्माण उद्योगमा जटिलता थपिएको उनले सुनाए।

नेपालको पचासौं वर्षसम्म पनि सडक पुग्न नसक्ने ठाउँमा जलविद्युत् आयोजनामार्फत सडक पुगेको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। 'अहिले प्राविधिक कारणले दुई-चार दिन समस्या हुँदा लोडसेडिङ सुरु गर्‍यो भनेर हल्ला आइरहेको छ, लोडसेडिङ हुँदा रमाउने जमातले यस्तो हल्ला गरिरहेको छ,' उनले भने, 'लोडसेडिङ भएको छैन, ४५६ मेगावाटको तामाकोशी जलविद्युत् आयोजनामा गत असोजको बाढीमा क्षति पुगेर निर्माण भइरहेको छ, कालीगण्डकी जलविद्युत् आयोजनाको एउटा युनिट बन्द छ। मर्मतको काम भइरहेको छ। यस्तो अवस्थामा पनि हामीले लोडसेडिङ हुन दिएका छैनौं।'

भारतबाट बिजुली आयात नगरे अहिले पनि लोडसेडिङ हुने अवस्था रहेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले जनाए।

डीडीसीले उठाउनुपर्ने...

लैनचौरबाट २ करोड ८ लाख ३५ हजार रुपैयाँ असुल्नुपर्नेछ। लैनचौरमा कार्यरत पेम्बा तामाङ, गोविन्दबहादुर गुरुङ, लाक्पा दोर्जे लामा, तुलसीप्रसाद काफ्ले, सुवास राई र प्रेमप्रसाद पराजुलीले २ करोड १४ लाख रुपैयाँको क्षति पुर्‍याएको डीडीसीले जनाएको छ। गुरुङले ५० लाख २२ हजार अपचलन गरेकामा उनीबाट ५ लाख ६५ हजार मात्र उठिसकेको छ। अन्य कर्मचारीबाट पनि बक्यौता असुल्न बाँकी छ।

काठमाडौं दुग्ध वितरण आयोजना बालाजुका कर्मचारीबाट पनि १ करोड ४६ लाख ३६ हजार रुपैयाँ असुल्न बाँकी छ। यहाँका २४ कर्मचारीले १ करोड ६८ लाख ४५ हजार क्षति पुर्‍याएको डीडीसीको दाबी छ। उनीहरूबाट २२ लाख ९ हजार रुपैयाँ असुली भए पनि १ करोड ४६ लाख ३६ हजार बक्यौता असुल्नुपर्नेछ।

विराटनगर दुग्ध वितरण आयोजनाका कर्मचारीबाट २२ लाख १३ हजार रुपैयाँ असुल्न बाँकी छ। यहाँका १० कर्मचारीले ३२ लाख २७ हजार रुपैयाँको क्षति गरेका थिए। त्यसमध्ये १० लाख १४ हजार रुपैयाँ असुल गरिए पनि बाँकी प्राप्त नभएको डीडीसीको भनाइ छ।

जनकपुर दुग्ध वितरण आयोजना ढल्केवरका कर्मचारीबाट २ लाख ३४ हजार रुपैयाँ असुल्नुपर्नेछ। यहाँका ५ कर्मचारीले ८ लाख ९९ हजारको नोक्सानी गरेका थिए। नेपालगन्ज दुग्ध वितरण आयोजना कोहलपुरका कर्मचारीबाट पनि असुल्नुपर्ने बक्यौता रकम १४ लाख ६४ हजार छ। यहाँका ३ कर्मचारीले १८ लाख ८१ हजार रुपैयाँको नोक्सानी गरेका थिए। धनगढी दुग्ध वितरण आयोजना अत्तरियाका कर्मचारीबाट ९९ हजार रुपैयाँ असुल्नुपर्ने डीडीसीले जनाएको छ। यहाँका एक कर्मचारीले १ लाख ६९ हजार रुपैयाँ क्षति पुर्‍याएको बताइएको छ।

हेटौंडा दुग्ध वितरण आयोजनाका कर्मचारीबाट पनि २० लाख ८८ हजार असुल्नुपर्नेछ। यहाँका ९ कर्मचारीले २९ लाख १८ हजार रुपैयाँको क्षति पुर्‍याएका थिए। उनीहरूबाट ८ लाख ३० हजार रुपैयाँ उठाइए पनि २० लाख ८८ हजार बक्यौता छ।

हेटौंडा दुग्ध वितरण आयोजनाबारे महालेखापरीक्षकको कार्यालयले पनि प्रश्न उठाएको छ। हेटौंडा दुग्ध वितरण आयोजनाबाट २०७९/८० मा १ करोड २० लाख रुपैयाँ बराबर घोटाला भएको महालेखापरीक्षकको कार्यालयको ६१ औं वार्षिक प्रतिवेदनमा उल्लेख छ। दूध तथा दुग्ध पदार्थ बिक्रीबापत एक डिस्ट्रिब्युटरसँग लिनुपर्ने रकम बैंक दाखिला नहुँदासमेत बैंक दाखिला देखाई नगद हिनामिना गरिएको प्रतिवेदनमा जनाइएको छ।

'बैंकको विगत वर्षदेखिको हिसाब हेर्दा १ करोड २० लाख घटी दाखिला गरिएको छ। सञ्चालक समितिको २०७८ चैत २८ को निर्णयबाट २०७९ वैशाख १९ मा निज डिस्ट्रिब्युटरविरुद्ध केन्द्रीय अनुसन्धान ब्युरोमा उक्त रकम र ब्याजसहितको क्षतिपूर्ति असुल गर्न जाहेरी दिइएकामा जिल्ला अदालतमा विचाराधीन छ,' प्रतिवेदनमा भनिएको छ, 'डीडीसीले साल्ट ट्रेडिङ कर्पोरेसन, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र एक डेरी सप्लायर्सबाट चेकमार्फत प्राप्त ४५ लाख निजको लिनुपर्ने हिसाबमा घटाई समायोजन गर्नुपर्नेमा बिक्री शाखामा कार्यरत कर्मचारीसँग लिनुपर्ने नगद हिसाबमा मिलान गरेको छ। सम्बन्धित कर्मचारीबाट उक्त रकम ब्याजसमेत असुल गर्नुपर्दछ।'

अहिले कारोबार नरहेका फर्म एवं कम्पनीबाट पनि डीडीसीले सवा करोड रुपैयाँ बक्यौता उठाउन छ। उक्त रकम २०७३ असारदेखिकै बक्यौता हो। नेपालगन्ज दुग्ध वितरण आयोजनामा कारोबारमा नरहेका फर्म-कम्पनीहरूको आसामी ३ लाख ५६ हजार रुपैयाँ रहेको डीडीसीले जनाएको छ।

धनगढी दुग्ध वितरण आयोजनामा १० लाख १० हजार, जनकपुर दुग्ध वितरण आयोजनामा २९ लाख ८६ हजार र लैनचौर दुग्ध पदार्थ बिक्रीवितरण आयोजनामा ३९ लाख ७३ हजार रुपैयाँ आसामी उठाउन छ। हेटौंडा दुग्ध वितरण आयोजनाबाट ६१ हजार, विराटनगर दुग्ध विकास आयोजनाबाट १५ लाख २५ हजार, काठमाडौं दुग्ध वितरण आयोजनाबाट १२ लाख ९१ हजार रुपैयाँ र पशु आहारा उत्पादन कारखाना हेटौंडाबाट आसामी रकम २ लाख ४६ हजार बक्यौता उठाउनुपर्ने डीडीसीको भनाइ छ। आसामी रकमका विषयमा पनि महालेखापरीक्षकको कार्यालयले प्रश्न गरेको छ।

डीडीसीले १२ सय सहकारीमार्फत काभ्रे, सिन्धुपाल्चोक, इलाम, मोरङलगायत ४६ जिल्लाबाट दूध उठाउँछ

'कारोबारमा नरहेका विभिन्न शाखा कार्यालयअन्तर्गत विगत वर्षदेखि आसामी ९९ लाख असुल गर्न बाँकी छ। धरौटी वा बैंक जमानतभन्दा ६ करोड ६० लाख बढी उधारो बिक्री देखिन्छ,' महालेखाको प्रतिवेदनमा भनिएको छ, 'तोकिएको दरभन्दा घटी मूल्य मखन बिक्री गरी ४८ लाख नोक्सानी पुर्‍याएको रकम विगतका वर्षदेखि नै असुलिएको छैन। वित्त तथा लेखा शाखाबीचको बिक्रीमा देखिएको फरक १ करोड १५ लाखको हिसाब मिलान गरिएको छैन।'

यीबाहेक नियमित कारोबार गरिरहेका फर्म-कम्पनीसँग पनि १६ करोड ७८ लाखभन्दा बढी बक्यौता छ। स्रोतका अनुसार कर्मचारी र आसामीबाट रकम असुल्न २०७९ पुसमा सबै आयोजनालाई पत्र पठाइएको थियो। त्यतिबेलै आयोजनाहरूलाई ७ दिनको म्याद दिइए पनि अहिलेसम्म बक्यौता उठेको छैन।

कर्मचारी र आयोजनाबाट बक्यौता उठाउन नसकेको डीडीसीले कतिपय किसानलाई साढे ६ महिनायताकै पैसा दिएको छैन। किसानलाई तिर्नुपर्ने बक्यौता रकम करिब ७० करोड रहेको डीडीसीले जनाएको छ। डीडीसीले करिब १२ सय दुग्ध उत्पादक सहकारीमार्फत काभ्रे, सिन्धुपाल्चोक, इलाम, मोरङ, पाँचथर, बुटवल, कपिलवस्तु, तौलिहवालगायत ४६ भन्दा बढी जिल्लाबाट दूध संकलन गर्छ। १२ सय सहकारीमा करिब २ लाख किसान परिवारको संलग्नता रहेको बताइएको छ।

कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेडको
४ औं वार्षिक साधारण सभाको सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०६)

मिति २०८१/०८/२८ गते बसेको यस कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेडको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा देहायमा उल्लेखित मिति, स्थान र समयमा देहायका बिषयहरु उपर छलफल / निर्णय गर्न बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ। वार्षिक साधारण सभाका दिन निम्न मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

सभा हुने मिति : २०८१/०९/२८
समय: बिहान १०:०० बजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, तिनकुने, काठमाडौं

छलफलका बिषयहरु :
१. आ.ब. २०८०-८१ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.ब. २०८०-८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोहि अवधिको वितिय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.ब. २०८१-८२ का लागी लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट
साधारण सभासँग सम्बन्धित अन्य जानकारीको लागी यस लि. को प्रधान कार्यालयमा सम्पर्क गर्नु हुन शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ।

Malaysia मा बैदेशिक रोजगारको अवसर
Company: Sem Wah Development Enterprise Sdn. Bhd.
पूर्व स्वीकृती मितिः २०८१/०९/५ चलानी नं. ६०२२९९४९ LT.No. 315575

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Plantation Worker	11	साधारण	1500	४५,३५०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ बर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने / रोजगारदाता कम्पनीले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,३०८।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	निःशुल्क

अन्तरवार्ता २०८१ पौष १३ गते (28 Dec., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ।

गुरुङ्ग म्यानेजमेन्ट ओभरसिज प्रा. लि. श्रम ईजाजत नं.: ४०४/०६०/०६१
बसुन्धारा, काठमाडौं, नेपाल, फोन : ४९८६९३६, ९८५११९४७३९, ९८५११९४७४१

APEX COLLEGE Building Human Capital. Affiliated to Pokhara University

एपेक्स कलेज लिमिटेडको
साधारणसभाको सूचना

श्री आदरणिय शेयरधनी महानुभावहरु,

उपरोक्त सम्बन्धमा यस एपेक्स कलेज लिमिटेडको मिति २०८१/०९/०३ गतेका दिन बसेको सञ्चालक समितिको वैठकको निर्णयानुसार कम्पनीको साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरुमाथि छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साधारणसभाका दिन निम्न लिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

सभा हुने मिति : २०८१/०९/२८
सभा हुने स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय।
सभा सुरु हुने समय : बिहान ९:३० बजे।

छलफलका प्रस्तावहरू:
१. सञ्चालक समितिको प्रतिवेदनको सम्बन्धमा।
२. आ. व. ०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सम्बन्धी प्रस्ताव।
३. आ. व. ०८१/०८२ को लेखापरीक्षकको नियुक्ति सम्बन्धी प्रस्ताव।
४. सञ्चालक समितिको गठन सम्बन्धी प्रस्ताव।
५. अन्य।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
विकास सहायता समन्वय महाशाखा
नागढुङ्गा सुरुङ्ग मार्ग आयोजना
बबरमहल, काठमाण्डौं

सडक मार्ग आंशिक रुपमा बन्द हुने जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/०६

यस आयोजना अन्तर्गत Hill Slope रोकथाम सम्बन्धि कार्य गर्न त्रिभुवन राजमार्गको धादिङ्ग सिस्नेखोला सडक खण्ड मिति २०८१/०९/०७ देखि मिति २०८१/०९/१३ गते बिहान ११ बजे देखि दिउँसो २ बजे सम्म आंशिक रुपमा सडक मार्ग बन्द रहने भएकोले एम्बुलेन्स र सूरक्षा निकायका बाहेकका सवारी साधन संचालनमा आंशिक रोक लगाइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। उक्त अवधिमा लेन अनुशासनको पालना गरी सवारी बिश्राममा राख्न हुन समेत अनुरोध छ। यसबाट हुने असुविधाप्रति यस आयोजना क्षमाप्रार्थी छ।

आयोजना निर्देशक

कान्तिपुर पब्लिकेशन्स लिमिटेडको
४ औं वार्षिक साधारण सभाको सूचना
(प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०६)
कान्तिपुर पब्लिकेशन्स् लिमिटेड

मिति २०८१/०८/२८ गते बसेको यस कान्तिपुर पब्लिकेशन्स लिमिटेडको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा देहायमा उल्लेखित मिति, स्थान र समयमा देहायका बिषयहरु उपर छलफल / निर्णय गर्न बस्ने भएको हुदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ। वार्षिक साधारण सभाका दिन निम्न मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

सभा हुने मिति : २०८१/०९/२८
समय: दिउसो १:०० बजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं

छलफलका बिषयहरु :
१. आ. ब. २०८०-८१ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.ब. २०८०-८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोहि अवधिको वितिय विवरणसँग सम्बन्धित अनुसुचिहरु छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. आ.ब. २०८१-८२ का लागी लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट
साधारण सभासँग सम्बन्धित अन्य जानकारीको लागी यस लि. को प्रधान कार्यालयमा सम्पर्क गर्नु हुन शेयरधनी महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ।

एपेक्स कलेज लिमिटेड
मध्य बानेश्वर, काठमाण्डौ।

गाडी बिक्रीका लागि बोलपत्र आह्वानको सूचना

यस कलेजको नाममा रहेको बा १५ च ९५९३ (इ. नं. SJG4C13684 च्यासिस नं. MA1TA4SJXG2C29177) नम्बरको महिन्द्रा स्कोरपियो गाडी जे-जस्तो अवस्थामा छ सोही अबस्थामा बोलपत्रको माध्यमद्वारा बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. उक्त गाडीको न्यूनतम मूल्य ने.रु. २०,५०,०००। (बिस लाख पचास हजार मात्र) कायम गरिएको छ।
२. इच्छुक बोलपत्र दाताले २०८१ पौष १४ गते सम्ममा बिहान ८ बजेदेखि दिउसो ३:०० बजेसम्म बोलपत्र पेश गरिसक्नु पर्नेछ।
३. यस कलेजमा दर्ता भएका बोलपत्रहरु २०८१ पौष १६ गते दिउसो १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कलेजमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले बोलपत्र खोल्न बाधा पर्नेछैन।
४. बिक्री हुने गाडी हेर्न चाहने बोलपत्रदाताले ९८४१०७४५०९ नम्बरमा राम काजी खड्कासँग सर्म्पक गरी समय मिलाउनु पर्नेछ।
५. बोलपत्र खोल्ने दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कलेज खुलेको दिन बोलपत्र खुल्ने दिन मानिने छ।
६. छनौट भएको बोलपत्रदाताले छनौट भएको मिति बाट सात दिन भित्रमा गाडी खरिद गरी लिनुपर्नेछ।

एपेक्स कलेज लिमिटेड

Radisson

REQUEST FOR SEALED QUOTATION

Sealed quotations are invited from interested suppliers, for the supply and delivery of the following items, for the year 2025.

Group A - **Dairy Products**
Group B - **Fresh Vegetables**
Group C - **Fresh Fruits**
Group D - **Groceries, Canned Food Spices & Others**
Group E - **Beverages (Mineral Water)**
Group F - **Meat, Fish, Sea Foods & Poultry Products**
Group G - **Office Stationeries**
Group H - **Printed Items**
Group I - **Guest Supplies**
Group K - **Chemicals & Cleaning Supplies**
Group L - **Cut Flowers & Plants**
Group M - **Rental - Audio / Video Equipments**
Group N - **Staff Transport**
Group O - **Paints, Hardware & Plumbing Items**
Group P - **Electrical, Mechanical items**

Sealed quotation should be submitted before 27th December, 2024, w/ proper documents, at the Purchase Dept. in the prescribed form, which can be collected between 11.00 and 16.00 hours, from 24th Dec. 2024, upon payment of Rs. 2,000 per group (nonrefundable).

The management of the hotel reserves the right to accept or reject any offer in part or full without assigning any reason whatsoever.

Other details can be obtained from the office of the:
The Purchase Manager
Radisson Hotel Kathmandu
Lazimpat, Kathmandu, NEPAL
Tel: 511818 Extn: 1208 / 1209

हिमालयन डिष्टिलरी लिमिटेडको चौविसौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

कम्पनी ऐन २०६३ को दफा ८४(४) को प्रयोजनको निमित्त प्रकाशित विवरण

(पहिलो पटक प्रकाशित : २०८१/०९/०६)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८१ साल मंसिर २३ गते आइतबार दिनको ३:०५ बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको चौविसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल र निर्णय गर्नका लागि निम्न मिति, स्थान तथा समयमा बस्ने निर्णय भएको व्यहोरा अनुरोध छ।

छलफलका विषयहरु :

क. सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने।

२. कम्पनीको आ.व.२०८०/०८१ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि.को आ.व. २०८०/०८१ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ५ प्रतिशतले हुने नगद लाभांश रु १३,३६,२६,१६५।७५ (अक्षरुपी तेह्र करोड छत्तिस लाख छब्बिस हजार एक सय पैंसठी रुपैंया पच्चहत्तर पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने।

५. आ.व.२०८१/०८२ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका SAR Associates, Chartered Accountants लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका SAR Associates, Chartered Accountants नियुक्तीका लागि योग्य हुनु हुन्छ)।

६. Passion Cooler नामक ब्राण्ड लगायतका RTD ब्राण्डहरु उत्पादनका लागी श्री बिजय डिष्टिलरी प्रा. लि. सँग Trademark Licensing Agreement गर्ने।

ख. विषेश प्रस्तावहरु:

७. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको १५ प्रतिशत (कायम १० शेयरमा १.५ बोनस शेयर) का दरले हुने रु. ४०,०८,७८,४९७।२५ (अक्षरुपी चालिस करोड आठ लाख अठ्हत्तर हजार चार सय सन्तानब्बे रुपैंया पच्चिस पैसा मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्विकृत गर्ने।

८. कम्पनीको साविकको अधिकृत पूर्जी रु.३,००,००,००,०००।०० (अक्षरुपी तीन अरब मात्र) बाट रु. रु. रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) कायम गर्न स्विकृत गर्ने।

९. साविकको चुक्ता पूंजिं रु.२,६७,२५,२३,३१५।०० (अक्षरुपी दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) लाई वृद्धि गरी रु. ३,०७,३४,०१,८१२।२५ (अक्षरुपी तीन अरब सात करोड चौतिस लाख एक हजार आठ सय बाह्र रुपैंया पच्चिस पैसा मात्र) कायम गर्न स्विकृत गर्ने।

१०. साविकमा कायम भएको अधिकृत पूर्जी र चुक्ता पूर्जीमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्न स्विकृत गर्ने। ।

११. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने।

१२. आ.व.२०८१/०८२ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने।

१३. विविध।

मिति : २०८१ पौष २८ गते, सोमवार (तदनुसार १२ जनवरी सन् २०२५)

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, विरगन्ज महानगरपालिका वार्ड नं.२१, लिपनिविर्ता, पर्सा।

समय : विहान ठिक १०:०० बजे।

साधारण सभा सम्बन्धि जानकारी :

१. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तीका सभास्थलमा सभा हुने दिन विहान ८:०० वजे देखि सभा संचालन रहे सम्म खुल्ला रहने छ। सभामा उपस्थित हुदा सुरक्षाको उपकरणहरु प्रयोग गरी सभास्थलमा उपस्थित भई दिन हुन अनुरोध छ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले हितग्राही खाता खोलिएको (डिम्याट)/शेयर प्रमाण पत्र वा आफनो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाईने छैन।

३. शेयरधनी महानुभावहरुको जानकारीका लागि यस कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंग प्रकाशित गरिएको छ। संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको Website: www.himalayandistillery.com मा पनि हेर्न सकिने गरि राखिएको छ।

४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ती गर्दा प्रोक्सी पत्र साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै विरगन्ज, पर्सा स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी दर्ता गराउनु पर्नेछ। प्रोक्सी दर्ता गरि सके पछि सो वदर गराउन चाहेमा सो को सूचना २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफैं संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाईने छैन। सम्पूर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ। प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वतः रद्द हुनेछ।

५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि(प्रोक्सी) तोक्न सक्नेछ।

६. संयूक्त नाममा शेयर रहेको भए शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ।

७. प्रतिनिधि (प्रोक्सी)नियुक्त गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ती पत्रमा सो संस्था वा कम्पनीको छाप सहित अधिकृत ब्यक्तिको दस्तखत भएको हुनु पर्नेछ। संस्थागत शेयरधनी बाहेक अरुले यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा कम्पनीको अर्को शेयरधनीलाई मात्र गर्नु पर्नेछ।

८. शान्ती सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला, व्याग आदि नल्याई दिनुहुन अनुरोध गर्दछौं। सभामा सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले साधारण सभाकक्षमा प्रवेश गर्दा सवैको झोला, व्याग, आदि जाच गर्न सक्नेछन्।

९. विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा सात दिन अगावै छलफलको बिषय खोलि कम्पनी सचिव मार्फत् लिखित रुपमा संचालक समितिका अध्यक्षलाई जानकारी दिनु पर्नेछ।

१०. सभामा आफ्नो मन्तब्य वा जिज्ञासा ब्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले सभाध्यक्षले तोकेको समयमा एक एक गरि पालो पालो मन्तब्य वा जिज्ञासा ब्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ।

११. शेयरधनीले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिकाका एकल सदस्य वा सामुहिक रुपमा वा संचालक समितिको निर्देशनमा कम्पनी व्यवस्थापनका प्रतिनिधिहरुले जवाफ दिनेछन्।

१२. वार्षिक साधारण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता किताव मिति २०८१ साल पौष १९ गतेका दिन बन्द हुनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा दर्ता किताब बन्द हुनु भन्दा अगाडी कारोवार भई शेयर खरिद गरेका र नियमानुसार शेयर नामसारी भई आएका शेयरधनीहरु तेहिसौं वार्षिक साधारणसभामा भाग लिन र सो सभाबाट निर्णय भए बमोजिम नगद लाभांस तथा बोनस शेयर पाउन योग्य हुने यसै सूचनाबाट अवगत गराईन्छ।

आज्ञाले,
कम्पनी सचिव

हिमालयन डिष्टिलरी लिमिटेडको आ.व. २०८०/८१ को संक्षिप्त आर्थिक विवरण
कम्पनी ऐन २०६३ को दफा ८४(४) को प्रयोजनको निमित्त प्रकाशित विवरण

(प्रस्तुत संक्षिप्त वार्षिक आर्थिक विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनको संक्षिप्त मात्र हो।)

आदरणीय शेयरधनी महानुभावहरु,

यस हिमालयन डिष्टिलरी लिमिटेडको चौबिसौं वार्षिक साधारण सभाको प्रयोजनार्थ आ.व. २०८०/०८१ को यस कम्पनीको सहायक कम्पनीहरु सहितको एकिकृत वासलात, नाफा नोक्सान हिसाव, एकिकृत अन्य विस्तृत आम्दानीको विवरण, एकिकृत नगद प्रवाह विवरण लगायत कम्पनीको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको यस सक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत् जानकारी गराउदछौं।

क. आ.व. २०८०/०८१ को कम्पनीको कारोवारको सिंहावलोकन मूख्य रुपमा वित्तीय सूचकहरु निम्नानुसार रहेका छन्। (रुपैयाँमा)

विवरण	आ.व.२०८०/८१	आ.व.२०७९/८०	वृद्धि/(ह्रास) प्रतिशत (%)
खुद विक्री	२,०८,१४,९६,९९८	२,९७,०५,१३,५९५	-३०%
बिक्री लागत	८५,८२,०८,०७६	१,२०,१०,५०,३९७	-२९%
कुल नाफा	१,२२,३२,८८,९२२	१,७६,९४,६३,१९८	-३१%
अन्य आम्दानी	६,६३,८४,०२१	१,०५,०८,३७२	५३२%
संचालन तथा अन्य खर्च	७९,३५,९५,७१३	८८,५९,३४,२०१	-१०%
कर खर्च	१३,१०,२८,५०२	२३,३५,१३,५३८	-४४%
खुद मुनाफा	३६,५०,४८,७३०	६६,०५,२३,८३०	-४५%
कुल दायित्व	२३,५४,९६,९८८	२८,२९,३९,१५५	-१७%
चुक्ता पूजिं	२,६७,२५,२३,३१५	२,४२,९५,६६,६५०	१०%
नगद र बैंकमा रहेको जम्मा रकम	२,२३,९२,०२,९२५	५४,६०,४७,३२२	-३१०%

उपरोक्त तालिका अनुसार २०८० अषाढ मसान्तको तुलनामा २०८१ अषाढ मसान्तमा कम्पनीको खुद बिक्रीमा ३०% ले हास आएको छ भने कम्पनीको खुद मुनाफा रकममा समेत ४५ % ले कमी आएको छ।

ख. प्रतिवेदन मिति सम्म चालु आर्थिक वर्षको उपलब्धि :

चालु आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा यस कम्पनीको खुद बिक्री रु. ७३,४५,४४,६०१ भएको छ।

ग. लेखा परीक्षकको मन्तब्य

कम्पनीले माथी प्रस्तुत गरेको संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणबाट संक्षेपीकरण गरिएको हो। कम्पनीको आ.व. २०८०/८१ को एकिकृत वासलात, एकिकृत नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको एकिकृत नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा लेखा परीक्षकबाट सामान्य लेखाका सिद्धान्त अनुसार यथार्थ परक रहेको राय सहितको प्रतिवेदन निम्नानुसार रहेको छ।


G. Paudyal & Associates
Chartered Accountants
INDEPENDENT AUDITOR'S REPORT
TO THE SHAREHOLDERS OF
HIMALAYAN DISTILLERY LIMITED
Report on the Audit of the Consolidated Financial Statements
Page 1 of 3
Page 2 of 3
Page 3 of 3

घ. २०८१ साल अषाढ मसान्त सम्मको एकिकृत वित्तिय अवस्थाको विवरण (वासलात)

In NRs.

Description	Notes (Group / Company	Group: As at Ashad 31, 2081 (July 15, 2024	Group: As at Ashad 31, 2080 (July 16, 2023)	Company: As at Ashad 31, 2081 (July 15, 2024)	Company: As at Ashad 31, 2080 (July 16, 2023)
ASSETS					
NON-CURRENT ASSETS					
a) Property, plant and equipment	3A	52,00,95,814	49,29,02,512	48,48,87,884	45,86,11,822
b) Capital work-in-progress	3B	31,14,30,554	34,743	31,14,30,554	34,743
c) Intangible assets	3C	10,59,857	10,06,264	10,59,857	10,06,263
d) Right to use assets	3D	1,26,35,108	21,16,239	1,26,35,108	21,16,239
e) Investments	-/4	-	-	10,11,00,000	10,11,00,000
f) Advance for investments in equity instruments	-/5	-	-	1,00,00,000	-
g) Other non-current assets	4/6	4,37,14,724	4,28,09,060	4,37,14,724	4,28,09,060
Total non-current assets		**88,89,36,057**	**53,88,68,818**	**96,48,28,127**	**60,56,78,127**
CURRENT ASSETS					
a) Inventories	5/7	32,61,55,027	44,72,24,251	32,61,55,027	44,72,24,251
b) Financial assets					
Trade receivables	6/8	2,16,303	1,96,21,76,573	2,16,303	1,96,21,76,573
Cash and cash equivalents	7/9	1,24,00,60,121	47,01,01,773	1,23,92,02,925	46,95,91,315
Other Bank Balances	8/10	1,00,00,00,000	7,64,56,007	1,00,00,00,000	7,64,56,007
Other Financial assets	9/11	1,44,88,612	43,92,488	1,44,88,612	43,92,488
c) Other current assets	4/6	8,73,72,232	9,95,64,519	8,73,72,232	10,37,89,339
Total current assets		**2,66,82,92,295**	**3,05,99,15,611**	**2,66,74,35,099**	**3,06,36,29,973**
TOTAL ASSETS		**3,55,72,28,352**	**3,59,87,84,429**	**3,63,22,63,226**	**3,66,93,08,100**
EQUITY AND LIABILITIES					
EQUITY					
a) Equity					
Share capital	10/12	2,67,25,23,315	2,42,95,66,650	2,67,25,23,315	2,42,95,66,650
b) Other equity					
Reserves and surplus	11/13	60,34,50,963	85,46,68,290	68,28,94,227	92,52,37,160
Total equity		**3,27,59,74,278**	**3,28,42,34,940**	**3,35,54,17,542**	**3,35,48,03,810**
NON-CURRENT LIABILITIES					
a) Financial liabilities					
Borrowings	12/14	-	-	-	-
Lease Payables	13/15	1,24,05,204	17,42,797	1,24,05,204	17,42,797
b) Deferred tax liabilities	14/16	2,89,43,492	2,98,22,338	2,89,43,492	2,98,22,338
Total non-current liabilities		**4,13,48,696**	**3,15,65,135**	**4,13,48,696**	**3,15,65,135**
CURRENT LIABILITIES					
a) Financial Liabilities					
Borrowings	12/14	-	-	-	-
Lease Payables	13/15	12,81,373	6,78,287	12,81,373	6,78,287
Trade payables	15/17	3,06,99,488	11,53,03,794	3,06,99,488	11,53,03,794
Other financial liabilities	16/18	7,06,28,065	1,95,70,609	6,62,23,077	1,95,25,410
b) Other current liabilities	17/19	13,61,60,699	14,34,61,902	13,61,57,297	14,34,61,902
c) Current tax liabilities (net)	18/20	11,35,753	39,69,763	11,35,753	39,69,763
Total current liabilities		**23,99,05,378**	**28,29,84,354**	**23,54,96,988**	**28,29,39,155**
TOTAL EQUITY AND LIABILITIES		**3,55,72,28,352**	**3,59,87,84,429**	**3,63,22,63,226**	**3,66,93,08,100**

२०८० साल श्रावण १ देखि २०८१ साल अषाढ ३१ सम्मको एकिकृत नाफा/ नोक्सान विवरण

In NRs.

Description	Notes (Group / Company	Group: As at Ashad 31, 2081 (July 15, 2024)	Group: As at Ashad 31, 2080 (July 16, 2023)	Company: As at Ashad 31, 2081 (July 15, 2024)	Company: As at Ashad 31, 2080 (July 16, 2023)
Revenue from operations	18/19	**4,15,52,36,993**	**5,65,47,87,998**	**4,15,52,36,993**	**5,65,47,87,998**
Less: excise duties		2,07,37,39,995	2,68,42,74,403	2,07,37,39,995	2,68,42,74,403
Net sales revenue		2,08,14,96,998	2,97,05,13,595	2,08,14,96,998	2,97,05,13,595
Less: cost of goods sold	19/20	73,70,51,029	1,03,20,29,081	73,70,51,029	1,03,20,29,081
Less: manufacturing expenses	20/21	12,11,57,047	16,90,21,316	12,11,57,047	16,90,21,316
Gross profit		**1,22,32,88,922**	**1,76,94,63,198**	**1,22,32,88,922**	**1,76,94,63,198**
Total income from operations		**1,22,32,88,922**	**1,76,94,63,198**	**1,22,32,88,922**	**1,76,94,63,198**
Employee benefit expenses	22/23	19,00,33,598	23,08,66,395	19,00,33,598	23,08,66,395
Administration and other expenses	23/24	7,17,34,352	7,36,55,411	7,15,21,720	7,34,35,700
Selling and distribution expenses	24/25	47,85,03,632	52,66,33,722	47,85,03,632	52,66,33,722
Operating profit		**483,017,341**	**938,307,670**	**48,32,29,974**	**93,85,27,381**
Non-operating income		5,77,22,260	1,05,08,372	6,63,84,021	1,05,08,372
Depreciation and amortization	25/26	5,21,93,107	5,04,88,080	5,21,93,107	5,04,88,080
Finance costs	25/26	13,43,656	45,10,304	13,43,656	45,10,304
Profit before tax		**48,72,02,838**	**89,38,17,658**	**49,60,77,231**	**89,40,37,369**
Income tax expenses					
Current tax	26/27	13,02,70,079	23,06,55,503	13,02,70,079	23,06,55,503
Deferred tax	26/27	-8,78,846	-25,75,177	-8,78,846	-25,75,177
Prior Period Tax Expenses		16,37,269	5433212	16,37,269	54,33,212
Profit for the year		**35,61,74,336**	**66,03,04,119**	**36,50,48,730**	**66,05,23,830**
Other comprehensive income					
Items that will not be reclassified to profit or loss:					
(i) Remeasurements of Defined Benefit Obligations		-	-	-	-
(ii) Income tax credit/(charge) relating to these items		-	-	-	-
Other comprehensive income		**-**	**-**	**-**	**-**
Total comprehensive income for the year		**35,61,74,336**	**66,03,04,119**	**36,50,48,730**	**66,05,23,830**
Profit is attributable to:					
Owners of Himalayan Distillery Limited		35,61,74,336	66,03,04,119	36,50,48,730	66,05,23,830
Non - Controlling Interests		-	-	-	-
		35,61,74,336	**66,03,04,119**	**36,50,48,730**	**66,05,23,830**
Other comprehensive income is attributable to:					
Owners of Himalayan Distillery Limited		-	-	-	-
Non - Controlling Interests		-	-	-	-
Total comprehensive income is attributable to:					
Owners of Himalayan Distillery Limited		**35,61,74,336**	**66,03,04,119**	**36,50,48,730**	**66,05,23,830**
Non - Controlling Interests		-	-	-	-
Earning per equity share (face value of Rs. 100 each)					
Basic EPS	28/30	**13.33**	**24.71**	**13.66**	**24.72**
Diluted EPS	28/30	**13.33**	**24.71**	**13.66**	**24.72**

२०८० साल श्रावण १ देखि २०८१ साल अषाढ ३१ सम्मको एकिकृत नगद प्रवाह विवरण

In NRs.

	Description	Group: As at Ashadh 31, 2080 (July 16, 2023)	Group: As at Ashadh 32, 2079 (July 16, 2022)	Company: As at Ashadh31, 2080 (July 16, 2023)	Company: As at Ashadh 32, 2079 (July 16, 2022)
A	CASH FLOW FROM OPERATING ACTIVITIES				
	Profit before tax	48,72,02,838	89,38,17,658	49,60,77,231	89,40,37,369
	Adjustments for :				
	Depreciation and amortisation	-	-	5,21,93,107	5,04,88,080
	Asset Write Off	5,21,93,107	5,04,88,080	8,43,639	-
	(Gain)/loss on sale of property, plant and equipment (net)	(9,75,174)	(7,18,865)	(96,36,935)	(7,18,865)
	Gain/(loss) on Disposal of Right to Use Assets	-	(5,98,968)	-	(5,98,968)
	Interest expense	13,43,656	45,10,304	13,43,656	45,10,304
	Operating profit before working capital changes	**53,97,64,427**	**94,74,98,209**	**54,08,20,699**	**94,77,17,921**
	Adjustments for :				
	(Increase)/decrease in inventory	12,10,69,223	(23,98,96,779)	12,10,69,223	(23,98,96,779)
	(Increase)/decrease in trade receivables, loans and other assets	1,97,94,13,476	(85,00,40,739)	1,97,83,77,379	(85,01,78,668)
	Increase/(decrease) in Other Bank Balances	(92,35,43,993)	(2,46,09,415)	(92,35,43,993)	(2,46,09,415)
	Increase/(decrease) in lease payables	-	-	-	-
	Increase/(decrease) in trade payables, other liabilities and provisions	(9,34,05,647)	(2,57,65,932)	(9,77,68,838)	(2,57,61,245)
	Increase/(decrease) in Other Financial Assets	(1,00,96,124)	1,36,683	(1,00,96,124)	1,36,683
	Cash generated from operation	**1,61,32,01,362**	**(19,26,77,974)**	**1,60,88,58,346**	**(19,25,91,503)**
	Reversal of Provision for Tax	-	15,18,066	-	15,18,066
	Income tax paid	(13,47,41,357)	(23,58,14,582)	(13,47,41,357)	(23,58,14,582)
	Net cash from operating activities	**1,47,84,60,004**	**(42,69,74,490)**	**1,47,41,16,989**	**(42,68,88,019)**
B	CASH FLOW FROM INVESTING ACTIVITIES				
	Purchase of property, plant and equipment & intangible assets	(35,41,59,548)	(1,61,09,470)	(34,86,19,631)	(1,61,09,474)
	Sale of property, plant and equipment	18,66,731	20,76,493	1,03,23,092	20,76,493
	Disposal of ROU Assets				
	Investment in Equity instrument of subsidiaries	-	-	(1,00,00,000)	-
	Net cash generated from / (used in) investing activities	**(35,22,92,817)**	**(1,40,32,977)**	**(34,82,96,539)**	**(1,40,32,981)**
C	CASH FLOW FROM FINANCING ACTIVITIES				
	Increase/(decrease) in short term loan	-	-	-	-
	Repayment of term loan	-	-	-	-
	Payment of Lease Liablity	(11,44,338)	(5,63,863)	(11,44,339)	(5,63,863)
	Dividend paid	(35,37,20,845)	(14,88,35,701)	(35,37,20,845)	(14,88,35,701)
	Interest paid	(13,43,656)	(45,10,304)	(13,43,656)	(45,10,304)
	Net cash generated from / (used in) financing activities	**(35,62,08,839)**	**(15,39,09,868)**	**(35,62,08,839)**	**(15,39,09,868)**
	Net increase / (decrease) in cash and cash equivalents	**76,99,58,348**	**(59,49,17,336)**	**76,96,11,611**	**(59,48,30,869)**
	Cash and cash equivalents at the beginning of the year	47,01,01,773	1,06,50,19,110	46,95,91,315	1,06,44,22,185
	Cash and cash equivalents at the end of the year	**1,24,00,60,121**	**47,01,01,773**	**1,23,92,02,925**	**46,95,91,315**
	Cash and cash equivalents comprise of:				
	Cash on hand	57,163	83,166	55,555	81,958
	Balance with banks in current accounts	1,24,00,02,958	47,00,18,608	1,23,91,47,370	46,95,09,358
	Total	**1,24,00,60,121**	**47,01,01,773**	**1,23,92,02,925**	**46,95,91,315**

हिमालयन डिष्टिलरी लिमिटेड, विरगञ्ज महानगरपालिका वडा नं. – २१, लिपनि विर्ता, पर्सा, नेपाल

नेपाली फुटबललाई रुवाउने हार

उमेर समूहको महिला फुटबलमा पहिलो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेलेको नेपाललाई भुटानले फराकिलो अन्तरले हरायो

हिमेश (काठमाडौं)

यो हार यस्तो रह्यो, जसले नेपाली फुटबललाई रूवाउने छ। यो यस्तो नतिजा रह्यो, जसले नेपाली फुटबललाई नराम्रोसँग झस्काउने छ। दशरथ रंगशालामा शुक्रबार नेपाल र भुटान भिडेका थिए। यो महिला यू-१६ को मैत्रीपूर्ण अन्तर्राष्ट्रिय खेल थियो। महिलाको उमेर समूहमा नेपालले खेलेको यो नै पहिलो मैत्रीपूर्ण अन्तर्राष्ट्रिय खेल हो। त्यसैले यो एक अर्थमा ऐतिहासिक पनि रह्यो। तर, यसले स्पष्ट के पनि देखाएको छ भने नेपाली फुटबल साँच्चै कता जाँदै छ।

भुटानले नेपाललाई हराउन मात्र हराएन, नराम्रोसँगै हरायो। स्कोर भुटानको पक्षमा रह्यो ५-१। केही वर्षअगाडिसम्म कसैले यस्तो स्कोरबारे चर्चा गर्थ्यो भने त्यो ख्यालठट्टा मात्रै हुन सक्थ्यो। तर अब नेपालले महिलाको उमेर समूहको फुटबलमा पहिलो पटक ९० मिनेटभित्र भुटानसँग पहिलो हार बेहोरेको छ। नेपाली खेलाडी स्वयं भने यो नतिजामा स्तब्ध रहे। खेल सकिनेत्तित्तिकै लगभग सबै खेलाडी मैदानमै रुन थालेका थिए। प्रशिक्षक सुलभजंग राणालाई खेलाडी सम्हाल्नै गाह्रो भएको थियो।

उनलाई भन्नुपरेको थियो, 'रुने हो भने अबदेखि फुटबल पनि नखेल्नु।' पछि मिडियासामु प्रस्तुत हुनेक्रममा उनले नेपाली फुटबल समर्थकसँग सबैभन्दा पहिले माफी मागे। उनले यथार्थ स्वीकारे, भुटानी महिला फुटबल धेरै राम्रो भएको छ। यस्तो नतिजा किन आयो त? उत्तर भने प्रस्ट छ। भुटानी टिमले यही एक खेलका लागि भनेर दुई महिना अगाडिदेखि लगातार अभ्यास गरिरहेको थियो। भुटानी खेलाडी सबै एकेडेमीका थिए। नेपाली टिमको तयारी १० दिनको पनि थिएन।

'हामीले तयारी नै गर्न पाएनौं, १० दिनमा हुने नै के हो र?,' प्रशिक्षक राणाले भने, 'प्रशिक्षकमा सुरुमा ध्यान दिन भनेको फिटनेसमै मात्र हो। यसकै लागि भनेर पनि समय पुगेन। त्यसैले खेलाडी घाइते भइरहे।' सम्भवतः यही कारणले नेपाली टिमको प्रदर्शन निकै कमजोर रह्यो, खेलाडीहरू प्राविधिक रूपमा निकै तल्लोस्तरका देखिए। नेपाल पहिलो हाफमै तीन गोलले पछाडि रहेको थियो। यसले पनि देखाउँछ, भुटानी टिम खेलमा कति हाबी रह्यो।

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

अन्तर्राष्ट्रिय युवा मैत्रीपूर्ण फुटबलअन्तर्गत शुक्रबार दशरथ रंगशालामा भिड्दै यू-१६ का भुटान र नेपाल (नीलो) का खेलाडी।

भुटानले २५ औं मिनेटमा कुन्डेन सोनामको गोलमा अग्रता लिएको थियो। लगत्तै ३६ औं मिनेटमा छिरिङ ल्हामोले दोस्रो गोल थपिन्। छिरिङले नै ४० औं मिनेटमा तेस्रो गोल गरिन् र भुटान ३-० ले अगाडि बढ्यो। खेलले ६६ औं मिनेट छुँदा कुन्डेनले चौथो गोल गरिन्। युगेन सोमोले ८४ औं मिनेटमा पाँचौं गोल गरिन्। तर, यो पेनाल्टीबाट सम्भव भएको थियो। खेल सकिन चार मिनेटअघि सबिना तामाङले नेपालका लागि गरेको गोल सान्त्वनामात्र बन्यो।

खेलपछि भने भुटानी प्रशिक्षक सरब ग्याल्मो स्वाभाविक रूपमा खुसी रहे। उनले भनिन्, 'प्रशिक्षकका रूपमा यो मेरो पहिलो अनुभव हो र यसमै भुटान प्रभावशाली रूपमा विजयी रह्यो। त्यसैले हामी सबै खुसी छौं। हामीले यही एक खेलका लागि भनेर दुई महिनादेखि नियमित तयारी गरिरहेका थियौं।' यसैक्रममा उनले दाबी पनि गरिन्, भुटानी महिला फुटबल सही दिशातर्फ अग्रसर छ। अबको दिनमा भुटानी महिला फुटबल अझ राम्रो हुनेछ। अब आइतबार नेपालको यू-१९ महिला टोलीले भुटानको यू-१९ टोलीसँग खेल्नेछ।

यू-१९ एसिया कप क्रिकेट

वर्षाबाट प्रभावित खेलमा नेपाल पराजित

स्याग

मलेसियामा भइरहेको एसीसी महिला यू-१९ एसिया कप क्रिकेटमा शुक्रबार बंगलादेशविरुद्ध ब्याटिङ गर्दै नेपाली खेलाडी।

काठमाडौं (कास)- नेपाल शुक्रबार एसीसी महिला यू-१९ एसिया कप क्रिकेटको फाइनल पुग्न असफल भएको छ। मलेसियाको वायुमास ओभलमा वर्षाले प्रभाव पारेको खेलमा पराजय भोग्दा नेपाली यू-१९ टोली फाइनल पुग्न सकेन। सुपर फोरको अन्तिम खेलमा नेपालले बंगलादेशसँग ९ विकेटले पराजय भोगेको थियो।

वर्षा कारण खेल ११ ओभरमा घटाइएको थियो। टस हारेर पहिला ब्याटिङ गर्ने निम्तो पाएको नेपालले ११ ओभरमा ८ विकेट गुमाई ५४ रन जोडेको थियो। बंगलादेशले ९.५ ओभरमा १ विकेट गुमाई ५८ रन बनाएर लक्ष्य पूरा गरेको हो। ओपनर फाहोमिदा चोयाले ३ चौकासहित अविजित २६ र अर्को ओपनर मोसामत इभाले १८ रन जोडेका थिए। १ छक्का प्रहार गरेकी इभा नेपालकी कुसुम गोदारबाट बोल्ड भइन्। सुमैया अक्तरले दुई चौकासहित अविजित १० रन बनाइन्।

नेपाली इनिङ्समा ओपनर सावित्री धामीले बनाएको ११ रन नै ठूलो स्कोर थियो। कप्तान पूजा महतोले ९ र एलिसा यादवले ८ रन बनाए भने चार ब्याटर रनआउट भए। नेपाली इनिङ्समा एलिसाले २, सावित्री र पूजाले १-१ चौका प्रहार गरेका थिए। सबैभन्दा धेरै १३ बल सामना गरेकी ज्योत्सनिका मरासिनीले ५ रन बनाइन्।

सुपर चारबाट पहिलो स्थानमा रहेर भारत फाइनल पुगेको छ। भारतले ७ अंक जोड्यो। बंगलादेश ६ अंकसहित फाइनल पुगेको छ। फाइनल आइतबार हुनेछ।

अघिल्लो दुई खेलमा पनि वर्षाका कारण अंक बाँडेको नेपालको खातामा ४ अंकमात्र रह्यो। श्रीलंकाले ३ अंकमात्र जोडेको थियो। यसै पतियोगितामा नेपालले पाकिस्तानमाथि ९ विकेटको ऐतिहासिक जित पाएको थियो। नेपाली महिला टिमले टेस्ट राष्ट्रमाथि जित पाएको यो पहिलोपल्ट थियो।

भारतले शुक्रबारै श्रीलंकालाई ४ विकेटले हराएको थियो। श्रीलंकाले निर्धारित २० ओभरमा ९ विकेट गुमाई ९८ रन बनायो। त्यसलाई भारतले १४.५ ओभरमा ६ विकेट गुमाई १०२ रन बनाएर पूरा गरेको थियो।

नेपाली महिला टोली अघिल्लो महिना यूएईमा सम्पन्न आईसीसी यू-१९ महिला ट्वान्टी-२० विश्वकपको एसिया छनोट जितेसँगै एसीसी यू-१९ एसिया कप र आईसीसी यू-१९ विश्वकपका लागि छनोट भएको थियो। जनवरीमा हुने यू-१९ विश्वकपको समूह 'डी' मा अस्ट्रेलिया, बंगलादेश र स्कटल्यान्डसँगै परेको छ। नेपालले जनवरी १८ मा बंगलादेश, २० मा स्कटल्यान्ड र २२ मा अस्ट्रेलियासँग खेल्ने तालिका छ।

छोटकरी

एपीएफलाई आईजीपी सिल्ड

काभ्रे (कास)- नेपाल पुलिस स्कुल साँगाको आयोजनामा भएको ३० औं अन्तर मावि आईजीपी फुटबल रनिङ ट्रफी प्रतियोगिताको उपाधि नेपाल एपीएफ स्कुल कीर्तिपुरले जितेको छ। एपीएफले आयोजक नेपाल पुलिस स्कुल रातोलाई ३-० ले हराएको थियो। एपीएफका विकास बोहरा र अविन बस्यालले १-१ गोल गरे भने एक गोल आत्मघाती थियो। विद्यालयस्तरको पुरानो स्पर्धामा आईजीपी ट्रफीसहित विजेताले ६० हजार जितेको थियो। एपीएफका दिपेश गुरुङ म्यान अफ द म्याच भए। एपीएफकै अविन बस्याल सर्वाधिक गोलकर्ता र पवन बुढा उत्कृष्ट गोलकिपर चुनिए। उत्कृष्टलाई नगद र ट्रफी प्रदान गरियो। दोस्रोले ४० हजार र तेस्रो भएको पुलिस स्कुल धरानले २० हजार पाए। विजेतालाई प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले ट्रफी प्रदान गरे।

स्युचाटार क्रिकेट लिग हुने

काठमाडौं (कास)- तारकेश्वर युवा क्लबको आयोजनामा स्युचाटार क्रिकेट लिग (एससीएल) पुस १२ देखि हुने भएको छ। प्रतियोगितामा १६ टिमको सहभागिता रहने प्राविधिक संयोजक रवीन्द्र गुप्ताले शुक्रबार पत्रकार सम्मेलनमा जानकारी गराए। लिगकम नकआउट आधारमा टी-१० फर्म्याटमा हुनेछ। हरेक टिममा १० खेलाडी हुनेछन्। विजेताले १ लाख र उपविजेताले ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। प्लेयर अफ सिरिजलाई १० हजार तथा उत्कृष्ट बलर र ब्याटरलाई जनही ५ हजार पुरस्कार प्रदान गरिने छ। प्रतियोगिता सञ्चालन गर्न करिब १३ लाख रुपैयाँ खर्च हुने आयोजक क्लबका अध्यक्ष सन्तोष बुढाथोकीले बताए। खेल नागार्जुन नगरपालिकास्थित स्युचारटारको तारकेश्वरकै मैदानमा हुनेछ।

एन्जल्स हार्ट र न्युटन फाइनलमा

काठमाडौं (कास)- एन्जल्स हार्ट र न्युटन प्रथम हिमरश्मि कप यू-१९ कलेज/स्कुल उपत्यकाव्यापी छात्र भलिबल प्रतियोगितामा शुक्रबार फाइनल पुगेका छन्। एन्जल्स हार्टले जय मल्टिपल क्याम्पसलाई २५-१५, २४-२६, २५-२२, २५-२२ को सेटमा हरायो। न्युटनले आयोजक हिमरश्मिलाई २५-१३, २५-१९, २०-२५, २५-१७ ले हरायो। सेमिफाइनल 'बेस्ट अफ फाइभ' का आधारमा खेलाइने छ। बिहीबारै क्वाटरफाइनलमा एन्जल्स हार्ट, हिमरश्मि, जय मल्टिपल र न्युटन विजयी भएका थिए।

ओलिभलाई भलिबलको ट्रफी

काठमाडौं (कास)- थन्डर बोल्ट्स कप खेलकुदअन्तर्गत यू-१८ भलिबलको ब्वाइजतर्फ माउन्ट ओलिभ स्कुल च्याम्पियन बनेको छ। फाइनलमा ओभिलले नेपाल पुलिस स्कुललाई हरायो। फुल्चोकी मावि तेस्रो भयो। क्रिकेटतर्फ एलआरआईले आयोजक जेम्स स्कुललाई ४ विकेट, भीएस निकेतनले टेक्सस कलेजलाई ५ रनले पराजित गरे।

जुम्ली युवामा क्रिकेट क्रेज

डीबी बुढा (जुम्ला)

जुम्लामा क्रिकेट क्रेज बढेको छ। नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिताहरू खेल्न थालेपछि जुम्ली युवाहरूमा क्रिकेट खेल्न थालेका हुन्। अहिले ठूला खेत, स्कुल मैदानदेखि चौरहरूमा समेत क्रिकेट खेल्न थालेका छन्।

केहीले मात्र क्रिकेट ब्याट ल्याउने गरे पनि अधिकांशले काठको ब्याट बनाएर पनि क्रिकेट खेलिरहेका छन्। जुम्ला चन्दननाथ ४ का महेश हमालले खेतबारीबाटै क्रिकेट खेल्न सिके। २२ वर्षयता उनको ध्यान क्रिकेट खेल्नमै छ।

उनी क्रिकेटको नियमहरू सहपाठीवीच आदानप्रदान गरिरहेका हुन्छन्। जसले गर्दा पनि उनको पुस्ताका युवाहरूले क्रिकेटमा निकै रुचि राख्ने गरेका छन्। महेशले भने, 'पहिले क्रिकेटको नाम मात्र सुनिन्थ्यो। अहिले खेतबारी, खेलमैदानमा क्रिकेट खेलेको देख्न पाइन्छ।'

अहिले युवाहरू यू-ट्युबको माध्यमबाट क्रिकेट र तिनका खेलाडीप्रति चासो राख्न थालेका छन्। नेपालमा नेपाल प्रिमियर लिग चलिरहँदा चिया चौतारीमा क्रिकेटको निकै चर्चा हुन थालेको छ। महेशले भने, 'अहिले क्रिकेटको मात्र चर्चा भइरहेको छैन। राम्रो खेल्ने खेलाडीको पनि खुबै चर्चा हुन्छ।'

कसले उपाधि जित्ला भन्ने उत्सकुतामा उनीहरूको चासो बढेको छ। टिमको प्रदर्शन, खेलाडीको व्यक्तिगत प्रदर्शनको चर्चामा समेत जुम्ली युवाको राम्रो बहस हुने गरेको पाइन्छ। धेरै रन बनाउने र विकेट लिने खेलाडीबारे पनि छलफल हुन्छ।

जुम्ला सिंजाका १६ वर्षे अनुप खत्री प्रायः आफैले तयार गरेको ब्याट लिएर साथीहरूसँग खेतमा खेलिरहेका हुन्छन्। उनले क्रिकेटप्रति चासो राख्न थालेको एक वर्ष जति भयो। क्रिकेट र नाम कहलिएका क्रिकेटरबारे अध्ययन गर्छन्। अनुपले भने, 'क्रिकेटमा पनि राम्रो भविष्य देख्दैछु। तर यहाँ खेल्न लायक पूर्वाधार नहुँदा समस्या छ।'

उनका अनुसार कर्णाली प्रदेश सरकार र जुम्लाका स्थानीय सरकार क्रिकेटप्रति उदासीन छ। खेलक्षेत्र र

पूर्वाधार विकासमा चासो देखाउन सकेका छैनन्। अनुपले भने, 'खेलकुदका पूर्वाधार बनाउने हो भने जुम्लामा पनि राष्ट्रिय स्तरको क्रिकेट खेलाडी जन्माउन सकिन्छ।'

जिल्ला खेलकुद विकास समितिमा जिल्ला क्रिकेट संघ दर्ता भएको छ। तर, क्यानमा दर्ता हुन नसक्दा क्रियाकलाप अघि बढेको छैन। भीमबहादुर थापाको नेतृत्वमा बनेको संघले सामान्य खालका प्रतियोगिता खेलाइरहेको छ। अध्यक्ष थापाले भने, 'जुम्लाको दूरदराजमा क्रिकेटको क्रेज बढेको छ तर क्रिकेट खेल्दा चाहिने अत्यावश्यक सामग्री नहुँदा समस्या छ।'

पछिल्लो समयमा जुम्लाबाट कर्णाली प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा पनि सहभागिता जनाउन थालिएको छ। गत साउनमा सुर्खेतमा भएको प्रतियोगितामा जुम्लाले भाग लिएको थियो।

'कुनै स्थान त ल्याउन सकेनौं,' क्रिकेट खेलाडी महेश हमालले भने, 'तर जुम्लामा पनि क्रिकेट पुगेको सन्देश दिन सक्यौं।' उनका अनुसार पछिल्लो पुस्ताको क्रिकेटप्रतिको क्रेज लोभलाग्दो छ। तर पूर्वाधार नहुँदा कठिनाइ छ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा आईसीसीका प्रतियोगिताहरू खेल्न थालेपछि दुर्गममा पनि क्रिकेट पुगेको हो। अहिले कर्णाली प्राविधिक शिक्षालयको मैदान, टुँडिखेल र सीमाचौरमा बेलाबखत क्रिकेट प्रतियोगिताहरू हुने गरेका छन्। कहिले नेपाली सेना र कहिले विद्यार्थीसँग खेल हुने गर्दछ।

जिल्ला क्रिकेट संघका अध्यक्ष थापा वैशाखमा जिल्लास्तरीय प्रतियोगिता गर्ने तयारी भइरहेको बताउँछन्। अहिले सानो पुरस्कार राशिका खेलहरू भइरहेका छन्,' उनले भने, 'जुम्लालाई नै क्रिकेटमय बनाउने गरेर खेलकुद आयोजना गर्ने जमर्को छ।'

क्रिकेटका लागि स्थानीय सरकारले पनि साथ दिनुपर्ने उनीहरूको माग छ। 'जिल्लास्तरीय क्रिकेट मैदान हुन सकेमात्र प्रदेश र केन्द्रस्तरमा प्रतियोगितामा भिड्न सक्ने जनशक्ति उत्पादन गर्न सकिन्छ,' अध्यक्ष थापाले भने, 'प्रायः स्कुल लेवलका विद्यार्थी क्रिकेटप्रति उत्साहित छन्। अब नयाँ ढंगले क्रिकेटलाई संस्थागत गर्दै लैजाने तयारी छ।'

आयुषा र विश्वविशेष विजेता

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

यू-९ ब्वाइज सिंगल्समा खेलेपछि सहंश बस्नेत र कयान चालिसे।

काठमाडौं (कास)- आयुषा जिसी र विश्वविशेष डल्लाकोटी २२ औं जयकर मेमोरियल राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा यू-१२ मा उपाधि जितेका छन्। सातदोबाटोस्थित टेनिस कोर्टमा शुक्रबार गर्ल्स सिंगल्स फाइनलमा आयुषाले अनुश्री धोजुलाई ६-१, ६-४ ले हराएर उपाधि जितिन्। ब्वाइज सिंगल्सतर्फ विश्वविशेषले आरित मल्ललाई ६-१, ६-० ले पराजित गरेका थिए।

यू-९ ब्वाइज सिंगल्समा सहंश बस्न्यातले कयान चालिसेलाई ४-५, ५-३, ७-५ ले हराएर उपाधि जितेका छन्। यू-१४ गर्ल्स सिंगल्सको सेमिफाइनलमा सिभाली गुरुङले अनुश्री धोजुलाई ६-१, ६-० ले हराएर फाइनलमा स्थान बनाएकी छन्। फाइनलमा उनले अन्नाबेला मल्लविरुद्ध खेल्नेछिन्। अन्नाबेलाले भने आयुषा जिसीलाई ६-०, ६-० ले सहजै हराइन्।

यू-१४ ब्वाइजतर्फ असभसम्राट हाडा र व्रिजेश अर्यालबीच फाइनल प्रतिस्पर्धा हुनेछ। यू-१० ब्वाइज सिंगल्समा सहंश बस्न्यातले भिरल अग्रवालविरुद्ध फाइनल खेल्नेछन्। बाँकी सबै इभेन्टको फाइनल शनिबार हुनेछ।

चर्च ब्वाइज फाइनलमा

झापा (कास)- चर्च ब्वाइज युनाइटेड शुक्रबारको खेलबाट झापा कप फुटबल प्रतियोगिताको फाइनल पुगेको छ। बिर्तामोडस्थित डोमालाल रंगशालामा भइरहेको प्रतियोगितामा सिरहाको सलहेश युवा क्लबलाई १-० गोलले पराजित गर्दै चर्च ब्वाइज उपाधि नजिक पुगेको हो। चर्च ब्वाइजका लागि निर्णायक गोल विदेशी खेलाडी अर्मान्डले गरेका थिए।

खेलको ८१ औं मिनेटमा सलहेशका दुई डिफेन्डरलाई बिट गर्दै अर्मान्डले दायाँ बार च्यापेर गरेको प्रहारले पोस्टभित्र छिरेको थियो। चर्च ब्वाइजका पहिलो रोजाइका खेलाडी अनन्त तामाङ, मनीष जर्घामगर र एरिक विष्ट बेन्चमा थिए। तर, टिमले उत्कृष्ट प्रदर्शन गर्दै फाइनल यात्रा तय गरेको हो।

सलहेश पटक-पटक अवसर पाए पनि गोल गर्न भने चुकेको थियो। खेलको १२ औं मिनेटमा अभि लामाले चर्चका दुई डिफेन्डर बिट गर्दै गरेको प्रहार बाहिरियो। खेलको ५२ औं मिनेटमा प्रदीप लामाको प्रहार गोलरक्षक क्रिसल मोक्तानले पञ्च गरेर बचाए। ६९ औं मिनेटमा अभिको अर्को प्रयास पनि विफल भएपछि सलहेश सेमिफाइनलबाट बाहिरियो।

चर्च ब्वाइजका गोलकर्ता अर्मान्ड प्लेयर अफ द म्याच भए। उनले १० हजार रुपैयाँ पुरस्कार पाए। शनिबार राष्ट्रिय जागृति क्लब सुनसरी र एनआरटी क्लबबीच दोस्रो सेमिफाइनलमा प्रतिस्पर्धा हुनेछ।

तस्बिर : पर्वत पोर्तेल/कान्तिपुर

बिर्तामोडस्थित डोमालाल रंगशालामा शुक्रबार चर्च ब्वाइज युनाइटेड र सलहेश युवाका खेलाडी प्रतिस्पर्धा गर्दै।

अण्डाको उपभोक्ता मुल्य
प्रतिगोटा रू २२/५० मात्र
नेपाल लेयर्स कुखुरापालक संघ
चावहिल, काठमाण्डौ

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान

ekantipur.com
कान्तिपुरको साप्ताहिक परिशिष्टांक
कोसेली
शनिबार, ६ पुस २०८१

सेताम्मे हिमाल, उजाड पहाड

डर र रोमाञ्चक भावमा लोबुचे हिमाल चुचुरो पुग्दा अनुभूत भयो- म स्वर्गको टुक्रामा उभिएर पृथ्वी नियालिरहेको छु। जलवायु परिवर्तनको असरबाट पृथ्वीलाई बचाउन हाम्रा हिमाल जोगाउनुपर्छ।



देश-दर्शन

प्रकाश लामिछाने

बिहान ६:४५। माइनस ३५ डिग्रीभन्दा कम तापक्रम। मुखबाट निस्केको बाफ मेरो दाह्रीमा ठोक्किएर सेकेन्डभरमै जमिसकेको थियो अनि पन्जा लगाएको हातले दाह्री मुसार्दा त्यो बालुवाजस्तै साह्रो र खस्रो बनिसकेको थियो। लोबुचे हिमालको चुचुरो देखेपछि आँखाबाट अचानक बरररर आँसु निस्किए, मुखबाट अनायसै शब्द फुत्किए 'यसपालि बडा अचम्मै भो, 'हिमाल आरोहण' को कथा सुनिन्थ्यो, तर चढ्ने आँट थिएन। महामन्त्रीज्यू, तपाईंले हौस्याउन थाल्नुभएको २ वर्ष चानचुन भयो, यसपालि नपत्याउँदो तरिकाले हिमालै आरोहण पो गरियो! ६,१४५ मिटर उचाइको लोबुचे हिमाल चढियो त गाँठे!'

चुचुरो पुग्नासाथै खुसीले एकअर्कालाई गला लगायौं। सधैं मुन्टो उचालेर मात्रै हेर्नुपर्ने भएभरका हिमाल आज लोबुचेको चुचुरोबाट शिर बराबर आँखाकै दूरीमा उभिएका थिए।

•••

यात्राको पहिलो दिन, २१ मंसिर २०८१। कीर्तिमानी आरोही सेभेन समिटका मिङ्मा शेर्पा अनि पदयात्राका पथप्रदर्शक लाक्पा शेर्पा एयरपोर्टभित्र हामीलाई पर्खिरहेका थिए। कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मासँगै पुगें म। टिकेटिङको प्रक्रिया पूरा गरिसक्दा खबर आयो, 'खराब मौसमका कारण लुक्ला एयरपोर्ट बन्द छ।'

यात्राको पहिलो दिन नै लामो समय कुर्नुपर्दा 'लौ साइत मिलेन कि' भन्ने पिर लागेको थियो। तर, अन्ततः अपराह्न १.३० बजे लुक्ला पुगेपछि साइतलाई सोभ्याउनतर्फ हामी लाग्यौं।

सेभेन समिटका साहुजी मिङ्मा शेर्पाले चार दिनपछि २५ मंसिरमा दिङ्बोचेमा भेटिने गरी हामीलाई काठमाडौंबाट बिदाइ गरेका थिए। मिङ्माका भान्जा, कीर्तिमानी पर्वतारोही लाक्पा शेर्पा हाम्रो सारथि बनेर लुक्लाबाट अघि लागे। सगरमाथा आरोहण मात्र होइन, एकै सिजनको १६ दिनभित्रमा ३ पटक मकालु हिमाल आरोहण गरेर गिनिज बुकमा नाम लेखाएसँगै 'मकालु लाक्पा' उपनामले चिनिँदा रहेछन् उनी। मामा मिङ्माका साथीहरू भनेर उनले हामीलाई सुरुदेखि नै 'मामा' पुकारे। हामीलाई पनि 'गाइड' होइन 'भान्जा' लिएर हिंड्दा बढी आत्मीय अनुभूति हुने नै भो।

लुक्लाबाट हामीसँग थपिए अर्का युवा- धन तामाङ। लुक्लामै एउटा हेलिकोप्टर कम्पनीमा काम गर्नबाहेक पर्वतीय सहयोगी श्रमिकका रूपमा पनि यात्रा गर्दारहेछन् उनी। दिउँसो करिब २.०० बजे लुक्लाबाट सुरु भयो ३ 'मामा-भान्जा' सहित ४ जनाको खुम्बु पदयात्रा। बास बस्न २८०० मिटर उचाइको फाक्दिङ पुग्नु थियो। आज पहिलो दिन न लामो यात्रा न उचाइको चिन्ता। केही टिकटक क्लिप्स् र फोटो क्लिक्स् लिंदै साँझ ढल्नुपूर्व फाक्दिङ पुग्यौं।

केही महिनाअघि हिमताल फुटेर आएको बाढीपछि थाकेर, सुइयँ सुस्केरा हाल्दै, सुसाउँदै बगिरहेको दूधकोशी जस्तो पर्यटकको सिजन सकिएर केही होटलहरू बन्द भइसकेको फाक्दिङमा हामीले एउटा मात्रै खुलेको होटल भेट्टायौं, 'शेर्पा गाइड लज।'

•••

यात्राको दोस्रो दिन, २२ मंसिर! फाक्दिङबाट बिहानै हिंडेर मोन्जो हुँदै जोरसल्ले पुग्यौं। बाटोमा मोन्जो निवासी ७० वर्षीया एक आमा भेटिनुभयो- आङफुटी शेर्पा। विश्वजीले आमाबाट 'आशीर्वाद लिउँ है' भन्दा उहाँले भन्नुभयो, 'को हौ, के गर्छौ थाहा छैन तर जो हौ राम्रो काम गर।' आमाको आशीर्वाद ग्रहणपछि दूधकोशी किनारको बाटो अघि बढ्यौं।

केही महिनाअघिको बाढीले दूधकोसी किनारबाट खुम्बु पदयात्रा गर्ने बाटो भत्काइदिएकाले सहज यात्राका लागि अर्को खच्चड हिंड्ने मुख्य बाटो जान भनिँदोरहेछ। हामी भने खोला किनारकै बाटो हिंड्ने भयौं। ठाउँठाउँमा भत्किएको, कतै उठेर भित्तो समाउँदै कतै बसेर घिस्रिँदै दूधकोशी किनारैकिनार केही घण्टामा हिलारी पुलछेउ पुगियो, जहाँबाट तारानाथ शर्माले लेख्नुभएको 'घनघश्याको उकालो' भन्दा कडा उकालो बाटो छिचोल्नुपर्छ नाम्चे पुग्न।

६ वर्षमा त्यहाँ पनि परिवर्तन आइसकेछ। हिलारी पुलको तल्लो पुलमा हाई अल्टिच्युड बन्जीजम्प स्टेसन खुलिसकेछ। पदयात्राको बाटो फराकिलो र चिटिक्कको बनिसकेछ। सायद डोजर चलाउन दिइन्थ्यो भने यहाँसम्म ट्र्याक्टर त पक्कै आइसक्थ्यो होला अहिलेसम्म। तर, चौरीखर्कदेखि माथि पदयात्रालाई जोगाइराख्न स्थानीय खुम्बुवासीले डोजर चलाउन दिएका छैनन्। जुन खुम्बुक्षेत्रको आजसम्मको सुन्दरता पनि हो।

नाम्चेको उकालो उक्लिँदै गर्दा बाटोमा नाउर, थार, डाँफे जस्ता जीवजन्तु र चराचुरुङ्गीहरू देखिए। नदेखियून् पनि किन? आखिर यो यिनकै संरक्षणका लागि बनाइएको सगरमाथा राष्ट्रिय निकुञ्जकै आवादी पनि त हो। डेढ घण्टा फ्याँफ्याँ गर्दै उक्लेपछि नाम्चेको तल्लो भाग आइपुग्यो।

तल्लो नाम्चे कट्नेबित्तिकै नाम्चे बजारको सुन्दर दृश्य देखिइहाल्यो। हिउँदको समय साढे ४ बजे नै घाम अस्ताइसक्ने नाम्चेमा झिलिमिली बिजुली बल्न थालिसकेको थियो। 'टुरिस्ट सिजन' सकिएकाले नाम्चे ठमेल जस्तो ठेलमठेल त थिएन, तर ठमेलभन्दा कम झिलिमिली थिएन। बाटोमा एकजना सानी नानी भेटिइन्। उनले मलाई पटकपटक पल्याकपुलुक् हेर्दै अघि बढिन्। नाम सोधें। उनले जवाफ दिइन्, 'सारिका शेर्पा'।

मेरो अपेक्षाभन्दा भिन्न नाम थियो त्यो। सोलुखुम्बुको नाम्चेमा कुनै शेर्पाकी छोरीको नाम छिरिङ, डोल्मा या याङ्जेन यस्तै केही अपेक्षा गरेको, तर उनी थिइन्, सारिका। यो नामले अचम्मित थिएँ, तर तत्कालै सम्झिएँ- नौ वर्षअघि मेरो एक जना साथीले टिपिकल नाम राख्छु भनेर छोरीको नाम गौंथली राखिदिएछ। 'अहिले छोरीले यो कस्तो नाम राखिदिएको भनेर फेर्न दिनदिनै कचकच गर्छे' भनेर सुनाएको कुरा।

हिमालमा जलवायु मात्र होइन, मानिसको नाम राख्ने तौरतरिकामा पनि परिवर्तन आइसकेछ। म यस्तै सोच्दै अघि बढ्दै थिएँ। उनै सारिका नानीले मलाई फ्याट्ट सोधिन्, 'तपाईं केटी हो?'

म अचम्मित भएँ, 'किन?'

उनले भनिन्, 'त्यति लामो कपाल छ त।'

'अनि त्यसो भए केटीको यति लामो दाह्री पनि देखेकी थियौ?'

मैले यसो भनेपछि, 'ए ला हो त' भन्दै नानी बेस्मारी कुदिन्।

•••

यात्राको तेस्रो दिन मंसिर २३। आज हाम्रो बसाइ नाम्चेमै दोहोरिँदै थियो। हिमाल यात्रामा हाई अल्टिच्युडका कारण बिरामी नहोइयोस् भनेर 'अक्लाइमेटाइजेसन' का लागि आजको बसाइ यहीं हुँदैथियो, तर हामीलाई लाक्पाले ३,४४० मिटरको नाम्चेबजारबाट ३,८८० मिटरको उचाइमा अवस्थित संसारमै कहलिएको होटल एभरेस्ट भ्युमा पुऱ्याएर ओह्राल्दै थिए।

करिब ५ घण्टामा सक्यौं चानचुन ८ घण्टा लाग्ने यो दिनको यात्रा। यात्रामा हामीले स्याङ्बोचे र होटल एभरेस्ट भ्युबाट लुक्ला, फाक्दिङ, नाम्चेमा भएका केही कुराकानीहरू सम्झिँदै थामसेर्कु, आमादब्लम, नुहुत्से, लोहुत्से, सगरमाथा, पुमरी लगायतका हिमालको दृश्यपान गऱ्यौं। बीचैमा विश्वजीले सोध्नुभयो- 'साँच्ची सुरुमा हामीले आरोहण गर्ने भनेको आइल्यान्ड पिक कता रे?'

लाक्पाले बादलले छेकिँदै गरेको दिङ्बोचेको कुनो देखाउँदै भने, 'ऊ त्यतातिर पर्छ।'

हाम्रो यात्राको सुरुमा मिङ्माको योजना अनुसार आइल्यान्ड पिक चढ्ने कुरा थियो, तर यात्राको ३ दिनअघि मात्र थाहा भयो, 'इम्जात्से भनेर चिनिने यस हिमालको त हाइक्याम्प, बेसक्याम्प सबैतिरबाट क्याम्प उठाइसकेको छ। साथै डोरीहरू पनि पुराना भइसकेका छन्।'

यात्रा आरम्भ हुने ३ दिनअघि मात्र यस्तो कुरा सुनेर आरोहण गर्नुपर्ने हिमाल नै फेरिँदा कस्तो कस्तो त लागिरहेकै थियो, तर लोबुचेको पहिचान अझ स्थापित छ भन्ने तथ्यले भिन्न उत्साह पनि दिएको थियो।

बेलुकीपख नाम्चे फर्किंदा टिममा दुई जना नयाँ सदस्यहरू थपिए- इन्जिनियर सुभाष अधिकारी र पदम शर्मा। सुभाषसँग त मैले यो देशका धेरै जिल्ला तथा उचाइहरूमा सँगै पाइला चालेको थिएँ। पदमजीसँग पहिलो यात्रा थियो। दुई जना नयाँ पर्वतारोहीका स्वभाव भिन्नभिन्न थिए। एउटा धेरै बोल्न रुचाउने अर्का कम बोल्ने। एउटा टन्न खाए पिएजस्ता अर्का अठार दिनको अनशनबाट भर्खर उठेजस्ता।

पदमार्गमा अभ्यस्त सुभाषका लागि बाटो आफ्नै घरछेउको गल्ली जस्तै थियो भने पदमजीका लागि चन्द्रलोकको बाटोजस्तै के हो, कसो हो भन्ने केही थाहा छैन। यात्राको पहिलो दिनमै आधाउधी मुभस्प्रे सकाएर जसोतसो पदमजी नाम्चे आइपुगे। हामीलाई साथीहरूको एकखाले चिन्ता त छँदैथियो, हामीभन्दा धेरै चिन्ता हाम्रो मुख्य पथप्रदर्शक लाक्पालाई थियो। उनी भन्दै थिए- 'अक्लाइमेटाइजेसन पनि भएको छैन, खुट्टा पनि एकैदिनमा गएजस्तो छ। पदम सर त जान सक्नुहुन्न जस्तो लाग्यो हौ मामा।'

मैले लाक्पा भान्जालाई सम्झाएँ, 'धेरै चिन्ता नलिनुस्। हामी जोखिम मोल्दैनौं। जो जहाँसम्म जान सक्छ त्यहाँसम्म जाने हो। सके हिमाल चढ्ने हो नसके हिमाल हेर्ने हो अनि फर्किने हो। यसमा कसैले चित्त दुखाउनेछैन।'

यति भनेपछि भान्जाले सम्पूर्ण टिमलाई यात्राको विस्तृत विवरण सुनाए र प्रोटोकलबारे बताए। भोलिदेखि थप अल्टिच्युडको यात्रा हुने हुँदा मद्यपान लगायतका कुरालाई नाम्चेमै विसर्जन गरेर अघि बढ्न पनि आग्रह गरे।

•••

यात्राको चौथो, पाँचौं र छैटौं दिन मेरा लागि भूगोलका हिसाबले खासै नौला थिएनन्। आइसकेको ठाउँ, उही बाटो। बाटोमा पटकपटक सुनिइरहने उस्तै हेलिकोप्टरको भटटटटटटटट आवाज! अघिल्ला ३ दिनदेखि नियमित सुनिरहेको उही दूधकोशीको स्वाँस्वाँवाला सुसेली। विश्वजी र पदमजीका लागि भने यी सबै पहिलो अनुभव थिए। खासगरी विश्वजी बाटोमा चौरीदेखि डाँफे भेट्दा होस् या नाउरदेखि थार देख्दा, उत्साही हुनुहुन्थ्यो। कुनै पथप्रदर्शक या श्रमिक भेटिए पनि गफगाफ गरिहाल्ने। स्थानीयवासी भेटिँदा त झन् लामो कुराकानी हुने नै भयो। पर्यटक या पदमार्गी भेटिँदा 'अब कतिबेरमा तेङ्बोचे, दिबुचे, दिङ्बोचे, थुक्ला वा लोबुचे आउँछ' भनेर सोधिरहने- तपाईंको घर कुन देश हो? नेपाल आएको कति पटक हो? पहिलो पटक कहिले आएको? राम्रो के कुरा लाग्यो? सुधार्नुपर्ने कुरा के के छन्? विश्वजीका यी प्रश्नहरूको सामना बाटोमा भेटिने लगभग सबै पर्यटक वा पदमार्गीले गरे नै। बीचमा मैले र सुभाषले, 'थाकेर फर्किएका कतिपय पर्यटकलाई यस्ता प्रश्नले इरिटेड बनाउन सक्छ, यसो अनुहार हेरेर नमस्ते भन्दा मुस्कुराउनेहरूसँग मात्र कुराकानी गर्नुहोला है' भनेर सम्झायौं पनि।

यात्राको चौथो र पाँचौं दिन हाम्रा लागि उच्च पर्वतीय क्षेत्र, त्यहाँको जनजीवन र रहनसहनसहित समस्या बुझ्ने दिनकै रूपमा रह्यो। यसका साथै थामसेर्कु, आमादब्लम, चोलात्से, आइल्यान्ड पिक, तबुचे, पुमरी, मकालु लगायतका हिमालको अवस्थालाई नजिकबाट दृश्यावलोकन गर्ने र स्थानीयवासीसँग व्यापक संवाद गर्ने अवसरका रूपमा लियौं पनि।

यात्राका क्रममा चौथो दिन बिहान नाम्चेदेखि हिंड्दै गर्दा एक जना पाको उमेरका विदेशी नागरिकले हाम्रो ध्यान खिचे। विश्वजीले उनीसँग छोटो कुराकानी गर्नुभयो। उनी बेलायतका नागरिक रहेछन्, उमेर ७० वर्ष। सन् १९९४ मा पहिलो पटक नेपाल आएयताको ३० वर्षमा यो उनको २२ औं नेपाल भ्रमण रहेछ। हिमालको विकटता र चिसो मौसममा पनि उनमा देखिएको पदयात्राको ऊर्जाको प्रशंसा गर्दै हामी अघि बढ्यौं।

चौथो रात ३,८७० मिटर उचाइको दिबुचेमा बास बस्न पुगेका हामी पाँचौं रात भने ४,४०० मिटरभन्दा उचाइको स्थान दिङ्बोचेमा बास बस्दै थियौं। पाँचौं दिनको बाटोको यात्रा खासै लामो नभएकाले तस्बिर र भिडियोहरू खिच्दै, भेटेसम्मका मानिससँग संवाद गर्दै अघि बढ्दै थियौं। बाटोमा फेरि उनै ज्येष्ठ नागरिक भेटिए। विश्वजी, म र सुभाष थियौं। मैले अनुमान गरें यो मानिस पक्कै श्रीमती र छोराछोरी नभएको हुनुपर्छ। नत्र यो उमेरमा पक्कै एक्लै ट्रेकिङ गर्ने थिएन। विश्वजीले उनीसँग फेरि कुराकानी गर्ने चाहना राख्नुभयो।

७० वर्षीय ती बेलायती नागरिकको नाम रहेछ- जेम्स ह्यान्ड्रीक्स। छोटो भेटघाटमा बडा बिन्दास तरिकाले हामीसँग खुलेर उनले सुनाए, 'मेरो न छोरा छन्, न छोरी, न श्रीमती!'

'उसोभए परिवारमा को को छन् त?'

'एक जना भाइ र एक जना बहिनी।'

'पटकपटक हिमाल नै किन त?'

उनले भने, 'हिमाल मात्र हैन। म दक्षिण एसियामा कहिले गोवाको समुद्र तटतिर हुन्छु त कहिले हिमाल। यताको जनजीवन मलाई निक्कै प्यारो लाग्छ। यता आएर जिन्दगीलाई मैले मज्जैले र मस्तीले भोगिरहेको छु।' छुकुङसम्म जाने योजनामा रहेका उनीसँग अब भेट नहुने भएकाले हामीले हृदयदेखि कामना गऱ्यौं, 'सकुशल रहोस् उहाँको यो यात्रा।' अचम्म के भने त्यो उमेरका पदयात्रीसँग कोही गाइड पनि थिएन।

साँझ पर्दै थियो। यात्राको यो पाँचौं रात हिजोभन्दा आज थोरै असहज हो कि जस्तो लाग्दैथियो। यद्यपि भर्खरै एउटा नृत्यवाला टिकटक बनाएर बास बस्ने होटल छेउमा पुग्दै गर्दा छुट्टै ऊर्जा चाहिँ थियो नै। आमादब्लम हिमालको काखको पराकिलो त्यो दिङ्बोचे उपत्यकामा झिसमिसे साँझपख एक जना आमा भेटिनुभयो- आङ्सोना शेर्पा। विश्वजीलाई देख्नेबित्तिकै कांग्रेस महामन्त्री भन्ने चिनिहाल्नुभो सायद वा कसैले उहाँलाई सुनाएको थियो क्यार! ती हँसिली आमासँग आमादब्लम हिमाललाई पृष्ठभूमिमा पारेर तस्बिर खिचियो। हिमाल चढ्न हिंडेका युवाहरू देखेपछि भन्नुभो- निकै गाह्रो छ, तर सक्छ होला!

झोला थन्क्याएर दिनभरको थकान मेट्न एकैछिन सुस्ताएका मात्र के थियौं, दुई जना प्रहरीहरू देखा परे। महामन्त्री दिङ्बोचे आएको खबर उनीहरूले पक्कै पनि पाएको हुनुपर्छ। उनीहरूमध्ये एक जनाले सुभाषसँग र अर्को एक जनाले लाक्पासँग यात्राको गन्तव्य, विवरण, उद्देश्य, फर्किने रुट आदिबारे सोध्न थाले। सायद हाइप्रोफाइल व्यक्ति पनि भएको र बेमौसमको पदयात्रा जस्तो लागेर पनि उनीहरूले यो प्रश्न गरेका हुन सक्छन्। बाटोमा हामीले पनि धेरै पसल तथा होटल मात्र नभई आवासीय घरहरूमा समेत ताला लागेको देखेर अचम्म मानेका थियौं। खास कारण मंसिर मसान्त भइसकेकाले एक त चिसो पनि अब ह्वात्तै बढ्छ र पर्यटकीय सिजनसमेत सकिइसकेको हुँदा यसरी सबैतिर ताला लागेको हो भन्ने थाहा पाइयो।

प्रहरी साथीहरू हामीले लोबुचे हिमाल चढ्ने कुरा थाहा पाएपछि झन् अचम्मित भए। अनि उनीहरूले हिमाल आरोहणका सामग्रीहरू, सेफ्टी प्रोटोकल आदिबारे सोध्न थाले। हामीले यी सबै कुरा हाम्रो गाइड लाक्पालाई सोध्न भन्यौं। लाक्पाबाट आवश्यक सूचना लिइसकेपछि उनीहरू हामीलाई शुभकामना दिन आए। सोही क्रममा विश्वजीले उनीहरूको आफ्नोबारे सोध्नुभयो। सोध्दै जाँदा थाहा भयो- माथिल्लो खुम्बु क्षेत्रको यो एकमात्र अस्थायी प्रहरी चौकी रहेछ, दरबन्दी ४ जनामात्र। त्यसमा पनि दुई जना छुट्टीमा रहेछन्। नियमित सुरक्षाबाहेक हिमाल आरोहणका क्रममा आएका वा पदयात्राका क्रममा हराएका वा समस्यामा परेकाको खोजउद्धार कार्य यही टिमले हेर्नुपर्ने रहेछ।

यति कुरा गर्दैगर्दा हामीले बाटोमा 'गाइड' बेगर एक्लै 'रिस्की' यात्रा गरिरहेका ती बेलायती नागरिक जेम्सलाई सम्झियौं। 'गाइड' बेगर हिमालमा ट्रेकिङ जाने अनुमति उनलाई राज्यको कुन निकायले दियो होला? हामीले सोध्दा 'एक्लै यात्रा गर्छु म त सधैं' भनेर उनले हामीलाई ढाँटेका त पक्कै होइनन्। यदि त्यो उमेरको व्यक्तिलाई सोलो ट्रेकको अनुमति कुनै निकायले दिएको हो भने त्यो अत्यन्तै गलत हो। हिमाल यात्राको जोखिममा बर्सेनि कैयौंको मृत्यु भएको समाचार आइरहँदा, यस्तो कमजोरी किन? यसबारे महामन्त्रीले तत्कालै फिल्डबाटै प्रहरीको साधनस्रोतको सीमिततताबारे प्रहरी प्रमुख वसन्त कुँवर र सोलुखुम्बुका सिडिओ अनोज घिमिरेलाई ध्यानाकर्षण गराउनुभयो। सिडिओले दिएको जानकारीअनुसार खुम्बु क्षेत्रमा चिसो या अल्टिच्युडका कारण पदयात्रीको नियमित मृत्यु हुने कुराले हाम्रो पनि आङ सिरिङ्ग भयो।

यसबीच हामीलाई काठमाडौंबाट हेलिकोप्टरमार्फत् लुक्ला पठाएका मिङ्मा पनि दिङ्बोचे आइपुगेका थिए। हामीसंग दिङ्बोचेबाट जोडिने सल्लाह बमोजिम उनी २५ गते हेलिकप्टरमा त्यहाँ आइपुगेका थिए।

बाँकी पृष्ठ घ मा

लोबुचे हिमाल चुचुरोमा विश्वप्रकाश शर्मा, प्रकाश लामिछाने, पदम शर्मा, मिङ्मा शर्मा र मकालु लाक्पा शेर्पा।

> बर्सेनि दर्जनौं भरिया भारी बोकेर हिमाल चढ्छन्, तर घर फिर्दैनन्। अनिश्चित आम्दानी र जिन्दगीको भारी बोकेका भरिया हिमाली पर्यटनका खास पिलर हुन्।

जादुगर जाकिर

जाकिरको भौतिक शरीर नरहे पनि उनका जादुयी औंलाका दिव्य ताल सधैं गुञ्जिरहनेछन्

सम्झना

उपेन्द्रराज पाण्डेय

गत आइतबार साँझपख केही आत्मीय मित्रहरूसँग भलाकुसारीमा थिएँ। गफैगफमा राजनीति र खेलकुदका प्रसंग उठे। त्यत्तिकैमा नेपालमा हुने गरेका साहित्य महोत्सव र वक्ताहरूका बारेमा एकछिन भुलियो। जयपुर साहित्य महोत्सवको कुरा पनि निस्कियो। अन्तर्राष्ट्रिय साहित्य महोत्सवहरूमा लेखक-कलाकारहरू पाठक, स्रोता वा दर्शकप्रति निकै विनम्र हुने प्रसंग सुनाएँ मैले। जयपुर साहित्य महोत्सवको तीन संस्करणको अनुभव ताजै छ मसँग। २०१८ को संस्करणमा त्यस्तै विनम्र देखिए मसहुर तबलावादक उस्ताद जाकिर हुसेन। जयपुर साहित्य महोत्सवमा एकैपटक ७/८ ठाउँमा विभिन्न सत्र सञ्चालन हुन्छन्। जाकिरको सत्र छ भनेपछि अरू सत्र मलाई वास्तै भएन। बेलुका घर आएर मोबाइल स्क्रोल गर्दा उनै जाकिरको निधनको खबर देखें। सन् १९५१ मा बम्बैमा जन्मिएका जाकिरको निधन अमेरिकाको सान फ्रान्सिस्कोमा भयो। उनको पुस्तक खोजें र जयपुर साहित्य महोत्सवमा उनको प्रस्तुति सम्झिने प्रयास गरें।

जयपुरमा जाकिरको सत्र थियो, 'अ लाइफ इन म्युजिक' अर्थात् संगीतमा एउटा जिन्दगी। सत्र-सञ्चालक थिए महोत्सव निर्देशक सञ्जय के रोय, वक्ता उनै जाकिर र नसरिन मुन्नी कबिर। नसरिन मुन्नी कबिरले लामो समय लगाएर जाकिरसँग कुराकानी गरेर पुस्तकाकार दिएकी छन्। पुस्तक हो 'जाकिर हुसेन : अ लाइफ इन म्युजिक'। साहित्य महोत्सवमा जाकिरले कैयौं दिग्गज संगीतकारहरूसँगको संगत र सहकार्यको अनुभव मात्रै सुनाएनन्, वाद्ययन्त्रप्रतिको समर्पण र प्रेम पनि सुनाए। उनले भनेका थिए, 'जसै तपाईं कुनै वाद्ययन्त्र छुनुहुन्छ, उसको आत्मा तपाईंसँग रहन्छ।' झन्डै १ घण्टाको कुराकानीपछि जाकिर र नसरिन एउटा स्टलमा आए। मैले पुस्तक किनिसकेको थिएँ। त्यसैले अटोग्राफ लिने लाइनमा अग्रपंक्तिमा उभिन पाएँ। जाकिर र नसरिन दुवैको हस्ताक्षरको साक्षी भएँ। त्यत्तिकैमा जाकिर आफैंले सोधिभ्याए, 'कहाँ से हो भाइ ?' मैले नेपाल भनेपछि त्यत्रो टाढाबाट जयपुर साहित्य महोत्सवमा आएको भनेर चकित भए। त्यसै वर्षको अन्त्यतिर भारतीय दूतावासले जाकिरलाई काठमाडौं ल्याएको थियो। भारतीय दूतावास परिसरमा जाकिरले संगीत अनुरागीहरूलाई झङ्कृत बनाएका थिए।

जाकिर हुसेनको जन्म सांगीतिक परिवारमै भएको थियो। उनका बुवा थिए चर्चित तबलावादक उस्ताद अल्ला रक्खा, पञ्जाब घराना। संगीतमा पहिलो गुरु उनले बुवालाई मान्छन्। बुवाको अमिट प्रभाव जाकिरमा परेको थियो। नसरिनसँगको कुराकानीमा जाकिरप्रति अल्ला रक्खा कति संवेदनशील थिए भन्ने झल्किन्छ। जिन्दगीभर एकपल्ट मात्र बुवाको कुटाइ खाएका छन् जाकिरले। त्यो पनि क्रिकेट खेल्दा माझीऔंला भाँचिएका बेला। तबला बजाउने औंला भाँचिस् भनेर बुवाले थप्पडै हानेका थिए। तर जाकिरको गहभरि आँसु देखेर अल्ला रक्खाको मन पग्लियो। झ्याप्पै छोरालाई अँगालो हाले। नजिकैको चाट पसलमा लगे र दहीपुरी खुवाए।

जाकिरलाई बुवाले जहिले पनि 'उस्ताद बन्ने प्रयास नगर, राम्रो संगीतकार बन्ने प्रयास गर' भन्थे। 'मेरा तो हो गया उस्ताद अल्ला रक्खा, अभी दूसरा उस्ताद अल्ला रक्खा तो क्या होगा। फायदा क्या है ?' उनी सधैं छोरा आफूभन्दा राम्रो, नयाँ र अलग केही गरोस् भन्ने चाहन्थे। त्यसो त जाकिर पनि बुवाको कार्बन-कपी बन्ने कहिल्यै सोचेनन् र बनेनन् पनि। दुवैलाई थाहा थियो : कार्बन कपी बन्नु भनेको 'रद्दीको टोकरीमा फालिनु' हो।

परिवारमा धेरै पढेलेखेको कोही नभएकाले बेलाबेला आमाकै जोडबलमा इंग्लिस-मिडियम स्कुलमा जाकिर पढेका थिए। तर बुवा भने भन्ने गर्थे, 'अरे तू उसको क्यों स्कूल भेज रही है ? वह तो तबला बजाएगा, रियाज करने दो। स्कूल में जाकर क्या करेगा ?'

स्कुल पढ्दादेखि नै उनले बजाउन थालेका थिए। किशोरवयमा त उनी चर्चित भइसकेका थिए। यतिसम्म कि पढाइ बिग्रिन्छ भनेर उनी रेलयात्राका क्रममा रिडिङ लाइट बोकेर हिँड्थे। स्कुले जीवनमै उनले पटना, हैदराबाद, औरंगाबाद र अहमदाबादलगायतका सहरका कन्सर्ट तताइसकेका थिए।

जाकिर निकै पढाकु पनि हुन्। उनी आइज्याक एसिमोभ, डिलन टमस, किट्स र वर्ड्सवर्थ मन पर्ने लेखक हुन्। त्यस्तै धेरैको रोजाइमा रहेको ओर्सन वेल्सनिर्देशित 'सिटिजन केन' उनको मनपसन्द फिल्म थियो।

लामो समयसम्म तबलावादकहरू छायामा पारिए। जाकिर पुराना दिन सम्झँदै भन्छन्, 'पहिले तबलावादकहरूलाई बम्बैबाहिरका कार्यक्रममा रेलबाट आउन भनिन्थ्यो जबकि मुख्य कलाकारहरू जहाजमा जान्थे।' जाकिरका बुवा उस्ताद अल्ला रक्खाकै पालामा तबलावादकहरूलाई समान व्यवहार गर्न थालियो। सबै कलाकारहरू जहाजमा जान थाले। तबला र तबलावादकको मानसम्मान बढ्नुमा उस्ताद अल्ला रक्खा, पण्डित समता प्रसाद र पण्डित किशन महाराजको योगदान उल्लेख्य छ। उस्ताद अल्ला रक्खा प्रेस कन्फरेन्समा तबलावादनका बारेमै कमै बोल्न रुचाउँथे बरु उनी भन्ने गर्थे, 'मलाई खासै बोल्न आउँदैन जे बोल्छन् मेरै हात बोल्छन्।'

सुरुमा पैसा समस्या नै थियो। तबला बजाएर अल्ला रक्खाले खासै पैसा कमाउँथेनन्। तबलावादकलाई अरू

> कुर्ता-पाइजामामा चिटिक्क सजिएर जाकिरले कर्ली-कपाल झट्काउँदै दर्शकतिर हेरेर मुसुक्क मुस्कुराउँदा हलमा तालीको गडगडाहट सुनिन्थ्यो। लयबद्ध प्रस्तुतिमा साभिनय तबलावादन हेर्न-सुन्न पाउनु रोमाञ्चक क्षण हुन्थ्यो।

कलाकारलाई जति पारिश्रमिक दिइन्थेन। प्रसिद्धि भए पनि पैसा थिएन। जाकिर बाल्यकालको सम्झना सुनाउँछन्, 'ठूलठूला घर र कार देख्ने भनेको त फिल्ममा मात्र हो।' हुन पनि १९६० को दशकमा अल्ला रक्खाले ५ सय वा १ हजार रुपैयाँ पारिश्रमिक पाउँदा मुख्य कलाकारले १५ हजार पाउँथे।

बिहेमा नबजाउने जाकिर

हालै अनन्त अम्बानी र राधिका मर्चेन्टको बिहेमा विश्वका चर्चित कलाकार सहभागी भए। ब्याकस्ट्रिट ब्वायजदेखि रिहाना, केटी पेरीदेखि जस्टिन बिबरसम्मका कलाकारले बिहेमा प्रस्तुति दिए। तर जाकिरले भने झन्डै ३० वर्षयता यस्ता विवाह र निजी समारोहहरूमा बजाउन छाडेका थिए। नजिकका आफन्त र साथीभाइको सानो जमघट वा कलाकारहरूको वार्षिक तिथिमा हुने प्रस्तुति भने अपवादका रूपमा रहेका थिए। उनी भन्थे, 'निजी समारोह, व्यावसायिक कार्यक्रम र विवाहमा म बजाउँदिनँ। यस्ता कार्यक्रममा मान्छेहरू घुलमिल, कुराकानी र खानपिउनकै लागि आउने गर्छन्। संगीत सुन्ने तरिका यस्तो हो जस्तो मलाई लाग्दैन।'

एकैदिन दिदी र बुवालाई गुमाउँदा

सन् २००० फेब्रुअरी २ का दिन जाकिरको परिवारले भयंकर नियति भोग्यो। जाकिर र उनका भाइ फजल क्यालिकटमा कन्सर्टका लागि हिँडेका थिए। बम्बै एयरपोर्टमा पुग्दा दिदी रजियाले भनिन्, 'मेरो मोतियाविन्दुको अपरेसन हुँदैछ।' जाकिरले भने, 'दिदी म एक-दुई दिनमा फर्किहाल्छु त्यसपछि अपरेसन गरौंला नि।' तर रजियाले सामान्य अपरेसन हो चिन्ता लिनुपर्दैन भनिन्। एनेस्थेसिया दिने भएकाले रजियाले केही खाएकी थिइनन्। तर अपरेसनको प्रक्रिया सुरु गर्ने बेला रजियाले असहज महसुस गरिन्। अपरेसन तत्काल नगर्ने भनियो। त्यसपछि उनले केही खाइन्। फेरि अपरेसन गर्ने भनेपछि उनलाई एनेस्थेसिया दिइयो। दुर्भाग्यवश ! खाना उनको श्वासनलीमा पुग्यो। क्लिनिकका चिकित्सकहरूलाई थाहा त थियो के भयो भन्ने तर उनीहरूले बचाउन सकेनन्।

बम्बैस्थित घरमै रहेका भाइ तौफिकले जाकिरलाई सम्पर्क गरे। उनीहरूको कन्सर्ट सकिइसकेको थियो। तौफिकले भने, 'रजिया दिदी हामीमाझ रहनु भएन अब।' जाकिरले भने, 'हामी आइहाल्छौं, राम्रोसँग सबैको ख्याल राख्नू।' उनीहरू त्यसै दिन फर्कन चाहन्थे तर एयरपोर्ट बन्द भइसकेकाले सम्भव भएन। अर्को दिन क्यालिकटदेखि कोचीसम्म उनीहरू गाडीमा आइपुगे। कोची एयरपोर्ट पुगेर उनीहरूले घर फोन गरे। उताबाट अर्को दुःखद् खबर सुनाइयो, 'अब्बा पनि बित्नुभयो।' अल्ला रक्खा रजियासँग अत्यन्त नजिक थिए। जब रजियाको निधनको खबर सुने, उनी निशब्द भए। उनी कोहीसँगै बोलेनन्। एक पटक जाकिरको कोठामा छिरे। देखेनन्, अनि बाथरुम छिरे, निस्कने बेलामा हृदयाघात भयो। डाक्टर आउँदा निकै ढिला भइसकेको थियो। फजल र जाकिर घर आइपुग्दा घरमा बुवा र दिदीको शव थियो। 'कुनै घरमा यस्तो कसरी हुन सक्छ ? यस्तो हुनै सक्दैन,' जाकिरले भनेका छन्। (अ लाइफ इन म्युजिक, पृ.५४-५५)

संगीत : एक संवाद

उस्ताद जाकिर हुसेन संगीतलाई संवादका रूपमा लिन्छन्। जुगलबन्दी होस् वा दर्शक स्रोता हुन्, संगीतकार संवादमै हुन्छन्। 'संगीत एउटा त्यस्तो अनुसन्धान हो किनकि यसमा संवाद हुन्छ,' उनी भन्ने गर्थ्। जाज ब्यान्ड होस् अन्य भारतीय कलाकारसँगको प्रस्तुति, उनले घण्टौं उनीहरूको संगीत सुन्नमा बिताउँथे।

जुगलबन्दीमा कलाकारहरूको भावभंगिमाले दर्शकस्रोतालाई मोहित तुल्याउँछ। साथै ताल र सुरबाटै उनीहरू संवाद गर्छन्। उस्ताद विलायत खान र बिस्मिल्लाह खानहरू सानो मेहफिलमै रमाउँथे। उनीहरू एकअर्कालाई सोध्ने गर्थे, 'अरे मियाँ, यह दादा उस्ताद की चीज है। यह मैं सुना रहा हूँ, सुनो। इसमें देखो, यह सुर कैसे लग रहा है ?'

बुवा उस्ताद अल्ला रक्खासँग मात्र होइन, जाकिर हुसेनले बडे गुलाम अली, आमिर खाँ, ओमकारनाथ ठाकुरसँग पनि तबला बजाएका थिए। १६-१७ वर्षको उमेरमै पण्डित रविशंकर र अली अकबर खाँको सांगीतिक संगत गरेका उनले हरिप्रसाद चौरसिया, शिव कुमारका साथै नयाँ पुस्ताका शाहिद परवेज, राहुल शर्मा, राकेश चौरसियालगायतका संगीतकारसँग पनि प्रस्तुति दिएका छन्। त्यस्तै उनले अन्तर्राष्ट्रिय रूपमा पनि जोन म्याक्लोगुलिन, फराओ स्यान्डर्स, डेभ होल्यान्ड, मिकी हार्ट, एड्गर मेयर, प्याट मार्टिनो क्रिस पोटर र बेला फ्लेकजस्ता कलाकारहरूसँग पनि सहकार्य गरेका छन्। पण्डित रवि शंकरले भारतीय संगीतलाई एक मनोरञ्जनात्मक कलाका रूपमा विकास गर्न निकै मिहिनेत गरे। त्यसपछि जाकिर हुसेन, एआर रहमानलगायतका कलाकारले विश्वमञ्चमा भारतीय संगीतलाई विख्यात बनाए। सानफ्रान्सिस्को जाज सेन्टरले जाकिरलाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' दियो। उनीहरूको वेबसाइटमा जाकिरबारे लेखिएको छ, 'जाकिरसँग बजाउन नचाहने कोही छैन। उनी अद्भुत छन्। संस्कृति र सीमा पार गर्न सक्ने क्षमता उनमा छ।'

वाद्यवादक र बाजासँग 'हार्ट टु हार्ट कनेक्सन' हुनुपर्नेमा जोड दिन्छन् धेरै कलाकार। एक पटक पण्डित किशन महाराजलाई प्रस्तुतिअघि कसैले शुभकामना दिए। पण्डितको जवाफ थियो, 'देखेंगे भैया, आज तबला क्या कहता है ?'

कुर्ता-पाइजामामा चिटिक्क सजिएर जाकिरले कर्ली-कपाल झट्काउँदै दर्शकहरूतिर हेरेर मुसुक्क मुस्काउँदा हलमा तालीको गडगडाहट सुनिन्थ्यो। लयबद्ध प्रस्तुतिका साथ साभिनय तबलावादन हेर्न सुन्न पाउनु रोमाञ्चक क्षण नै हुन्थ्यो। ३७ वर्षको उमेरमै पद्मश्री पाएका जाकिर पद्म भूषण र पद्म विभूषणबाट समेत सम्मानित भएका छन्। अन्तर्राष्ट्रिय सांगीतिक क्षेत्रको सबैभन्दा प्रतिष्ठित मानिने ग्रामी अवार्डबाट समेत उनी सम्मानित भएका छन्। उनले यसै वर्ष ३ र २००९ मा १ गरी ४ वटा ग्रामी जितेका छन्।

जाकिरको तबलाको थापले ताजमहल चियालाई समेत 'वाह ताज' का नामले चर्चित बनायो। ताज महलअगाडि छायांकन गरिएको उक्त विज्ञापनले ताजमहल चियालाई मात्र होइन, जाकिरलाई समेत घरघरमा पुऱ्यायो। ५ दशकभन्दा बढी सांगीतिक दुनियाँमा जीवन बिताएका जाकिरको तबलाको थापमा थपक र धमकको यस्तो सन्तुलन हुन्छ कि दर्शकस्रोतालाई मन्त्रमुग्ध पार्न सक्ने क्षमता छ। जाकिरको भौतिक शरीर नरहे पनि उनका जादुयी औंलाका दिव्य ताल भने सधैं गुञ्जिरहने छ। जाकिर हुसेनले हामीलाई सधैं याद दिलाइरहनेछन् कि तबलाको ताल वास्तवमा आत्माको धड्कन हो।

आख्यान र जीवनीको दोछाया

शैलेन्द्र अधिकारीको शैलीमा निजत्व मात्रै छैन, विशिष्ट शिल्प पनि छ जो समकालीन नेपाली साहित्यमा अरूभन्दा भिन्न र आफ्नै भंगिमाले मोहक छ

किताब

घनश्याम खड्का

बुद्ध को हुन् ? उनको सबैभन्दा महत्त्वपूर्ण देशना के हो ? यसबारे खोजबिन गर्नुपरे सानो र छरितो वाक्यले उत्तर दिन सक्दैन। र पनि, दिनैपरे भन्नुपर्ने हुन्छ- बुद्ध सिद्धार्थ गौतम होइनन्, विश्वासले नमान, स्वयंको अनुभवले जान भन्ने उनको देशना छ।

अरूले भने- भगवान्माथि भरोसा गर। बुद्धले भने- तिमी आफैं उज्यालो बन। 'गुरु हुँ' भन्नेहरूले सदा शिष्यलाई आफूप्रति समर्पित हुन सिकाए। श्रद्धा नै प्रथम सर्त थियो तिनको। बुद्धले आफैंमाथि विश्वास गर्न भने। आफ्नो अनुभवमा नउत्रिकन कसैमाथिको विश्वास मात्रले प्रज्ञोदय हुँदैन भन्ने बुद्धवाणी त्यति नै सरल र स्पष्ट छ जति आगोले पोल्छ भन्नुमा छ।

कृष्ण भन्छन्-

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज
अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः

माने, सबै धर्महरूलाई त्याग गरेर मेरो शरणमा आऊ, म तिमीलाई सबै पापकर्मबाट उद्धार गर्छु, चिन्ता नलेऊ।

बुद्ध भन्छन्-

अत्तदीपा विहरथ, अत्तसरणा अनञ्ञसरणा,
धम्मदीपा विहरथ, धम्मसरणा अनञ्ञसरणा

अर्थात्, आफ्नो द्वीप आफैं बन, आफ्नो शरणमा आफैं जाऊ, अर्को कुनै शरण छैन। सत्यलाई तिम्रो द्वीप बनाऊ, सत्यकै शरणमा जाऊ, अर्को कुनै शरण छैन।

यसरी, सारा संसारको धर्म, पन्थ र ज्ञान एकातिर अनि बुद्धको वचन अर्कोतिर भएजस्तो हामी पाउँछौं। किनभने, उनले कुनै गुरु र शास्त्रको अर्तिले होइन अतितमा भएको तर प्रचलनमा नरहेको स्वयं मुक्तिको मार्गलाई आफ्नै तपोबलले पहिल्याए। र, हृदयाकाशमा बनेको त्यसको मानचित्रलाई अरू असंख्य नरनारीको जीवनमा पनि थपक्कसँग सारिदिए। तब यहाँ प्रश्न उठ्न सक्छ- यसो गर्न सक्ने आधार उनलाई केले दियो ? उत्तर सरल छ- उनको बुद्धत्वले दियो। प्रश्न त फेरि पनि छ- त्यो बुद्धत्व कहाँ थियो त पहिले ? त्यो उनीसँग जन्मजन्मान्तर थियो जसरी सबै प्राणीसँग त्यो छ।

हरेक तोरीको गेडामा तेल भएजस्तो र प्रत्येक रात्रिको गर्भमा सूर्यको चम्किलो किरण रहेजस्तो, प्रत्येक सत्वसँगै बुद्धत्व अहरणीय ढंगले रहेको छ। सिद्धार्थ गौतमले त्यो खोजे र कहाँ रहेको रहेछ भनेर बुझे। त्यही बुझेको हुनाले नै उनी बुद्ध भए। त्यसैले बुद्ध कुनै मानिसको नाम होइन। यो एक अवस्था हो हुनुको, जहाँ हामी सबको गन्तव्य निश्चित छ। मात्रै प्रश्न समयको हो। कोही खोजको तीव्रता र चित्तको निर्मलताको कारण यसै क्षण बुद्ध हुन सक्ला, भइरहेको होला। कोही चाहिँ जमिनमुनिको जलराशीलाई पत्रैपत्रले ढाकेजस्तो क्लेस र चैतसिकको हजारौं लेपनले हृदयको त्यो नैसर्गिक उज्यालोलाई ढाकेकाले बुद्ध हुनबाट सयौं जन्म पर होलान्। तर, सबै नदीले समुद्र भेटेजस्तो सबै जीवले एक दिन आफ्नो स्वाभाविक अवस्थाको अनुबोध गर्नेछन्। त्यो अवस्था नै बुद्धत्व हो। त्यसैले, प्रत्येक सत्व भविष्यको बुद्ध हो। ऊ बुद्धत्वको सदा अधिकारी छ। त्यसैले बुद्धले भने- अप्प दीपो भव।

यसरी, आफैं उज्यालो नबनेसम्म सत्य आलोकित नहुने सत्य एकातिर विद्यमान छ भने अर्कातिर मानिस कुनै गुरु, शास्त्र वा पन्थको विचार समातेर त्यसैले दुःखमुक्त गर्ला भन्ने विश्वासमा पर्दा ठगिन पुगेको तथ्य अर्कोतिर छ। यसरी मानिस यताउता नभड्कीकनै सिधासिधा सत्यको साक्षात्कार गर्न सकून् भनेरै बुद्धले आखिरी क्षणमा भने- तिमी आफ्नो आफैं सहारा होऊ, कोही तिम्रो सहारा छैन। सत्य नै तिम्रो शरण हो, अरू कुनै शरण छैन।

पछिल्ला वर्षहरूमा मूलधारको साहित्यमा बौद्ध दर्शनका छिटपुट पुस्तक प्रकाशन हुने उपक्रम सुरु भएको छ। र, त्यस प्रक्रियामा निकै प्रबलताका साथ सामेल हुन आइपुगेका छन्- लेखक शैलेन्द्र अधिकारी। उनको हालै प्रकाशित पुस्तक 'अर्हत्' यही तथ्यको प्रमाण हो। पूर्वीय ज्ञान-मीमांसामा चासो राख्ने जो कसैलाई थाहा भएको विषय हो, 'अर्हत्' सँग मिल्दोजुल्तो अर्को एक पदावली पनि प्रचलित छ, 'अरिहन्ता'। यहाँ अरि भनेको शत्रु हो र हन्ता भनेको वधिक। जसले शत्रुलाई माऱ्यो ऊ नै अरिहन्ता कहलाउँछ। खास अरिहन्ता को हो ? गहिरो रूपले भन्नुपर्ने हुन्छ, अर्हत् नै अरिहन्ता हो। किनभने, मनुष्यको मूल शत्रु अर्को मनुष्य होइन, अपितु ऊ स्वयंभित्रको क्लेश र चैतसिकहरू हुन्, जसले संसारमा आवागमन र अजस्र दुःख निस्पादको हेतु प्रत्यय जुटाउने काम अहोरात्र गरिरहेको हुन्छ। क्लेशादी आवरणले गर्दा नै आफूभित्रको बोधिचित्तलाई र बुद्धत्वलाई चिन्न सक्दैन मनुष्य। अनि अनवरत दुःखमा परिनै रहन्छ। सिद्धार्थ गौतमले तपोवलले यो देखे। र, सधैं दुःख दिइरहने शत्रु अर्थात् 'अरि' लाई ज्ञानको अग्निले 'हन्त' गरे अर्थात् मारिदिए, भष्म पारे। र, उनी दुःखबाट मुक्त भए अर्थात् निर्वाणमा उपलब्ध भए। चित्तको यो अवस्थामा



> जीवनी मानेर पढ्दा आख्यानजस्तो र आख्यान मानेर पढ्दा जीवनीजस्तो देखिन्छ- अर्हत्

पुगेकालाई नै 'अर्हत्' भनिएको हो। त, पुस्तक 'अर्हत्' 'अरिहन्ता' बुद्धको जीवनीबारे मूल रूपले केन्द्रित हुनु स्वाभाविक नै हुने भयो।

'अर्हत्' का पानाहरू पल्टाउँदै जाँदा पाठकलाई स्वाभाविक रूपले के बोध हुँदै जान्छ भने बुद्धको ८० वर्षको जीवनलाई लेखक अधिकारीले प्रशस्त अध्ययन, खोजबिन र जाँचबुझका साथ आख्यानमा उतारेका छन्, जो पढ्नमा रसयुक्त र गुन्नमा गुणयुक्त छ। अप्रचलित संस्कृत शब्दहरूको सघन प्रयोग भए पनि अभिव्यक्तिमा देखिएको निखार र वाक्य गठनमा आएको छरितोपनले पुस्तक कतै पनि बोझिलो लाग्दैन। एक लेखकका रूपमा अधिकारीको शैलीमा निजत्व मात्रै छैन, विशिष्ट शिल्प पनि छ जो समकालीन नेपाली साहित्यमा अरूभन्दा भिन्न र आफ्नै भंगिमाले मोहक छ।

पुस्तकको अन्त्यमा ९ पृष्ठ लामो 'अर्हत्' मा प्रयुक्त नयाँ जस्ता लाग्ने शब्दहरूको अर्थसहितको सूचीले पाठकलाई क्लिष्ठताबाट छुटकारा दिलाउन मद्दत दिलाउँछ। पुस्तक मूलतः बुद्धको जीवनी हो, जो अधिकारीले आफ्नै ढंगले आख्यानीकृत गरेका छन्। होलोग्रामको मूर्ति एकछेउबाट हेर्दा गणेशको जस्तो र अर्को छेउबाट हेर्दा कुमारको जस्तो देखिएकै शैलीमा अर्थसूची बाहेकको कुल २९९ पृष्ठको यो पुस्तक जीवनी मानेर पढ्दा आख्यानजस्तो र आख्यान मानेर पढ्दा जीवनीजस्तो देखिन पुग्छ। पुस्तक बुद्धको मृत्यु संस्कारबाट सुरु हुन्छ, जसको पहिलो वाक्य यस्तो छ- कुशिनगरमा प्रकाशितात्मा गौतम बुद्धको महापरिनिर्माण भयो।

बुद्धले शरीर छाडेपछि उनको मृत्युमा पुऱ्याउनुपर्ने विधि, शास्त्रोचित रीत र श्रद्धानत भिक्षु, भिक्षुणी, श्रमण, उपासक तथा उपासिकाहरूको ठूलो समूहले अचानकसँग अनुभव गरेको एक रिक्तता र त्यसलाई सम्बोधन गर्न २५ वर्षसम्म बुद्धको छायाझैं उनिसँगै बिताएका मुख्य सेवक आनन्दले गरेको बुद्ध स्मरणको गाथा उपन्यासको मूल संरचना हो। आनन्दले बुद्धसँग गरेका संवाद, आफ्नो जीवनकालमा हजारौं हजारलाई बुद्धले दिएको देशना र त्यसलाई आनन्दले सम्झन खोज्दा भएको धर्म संगायन र अन्य ध्यान लाभ गरेका तथा अर्हत्वको अवस्थामा पुगेका भिक्षुहरूको सामूहिक स्मरणलाई संकलन गर्दा तीन टोकरी जति ग्रन्थ तयार भयो, जसलाई तीन अलगअलग नाम दिइएको छ- विनय पिटक, सुत्त पिटक र अभिधम्म पिटक। दुःख मुक्तिका लागि बुद्धले सिकाएको आर्य अष्टाङ्गिक मार्ग- सम्यक स्मृति, सम्यक् संकल्प, सम्यक् वाणी, सम्यक् कर्म, सम्यक् आजीव, सम्यक् अभ्यास, सम्यक् स्मृति र सम्यक् समाधिलाई मुख्य तीन वर्गमा बाँड्न सकिन्छ- शील, समाधि र प्रज्ञा। शीलले आउन सक्ने दुःखलाई रोक्छ, समाधिले भइरहेको दुःखलाई रोक्छ र प्रज्ञाले दुःखको जडसमेत उखेलेर त्यसलाई सधैंका लागि अन्त गर्छ। यसरी, शील, समाधि र प्रज्ञाको यथोचित सन्तुलनले जसको जीवनमा पनि बुद्धत्वको आविर्भाव गराउन सक्छ भन्ने बौद्ध दर्शन छ। यो दर्शनलाई त्रिपिटकमध्येको विनय पिकटले शील र सुत्त तथा अभिधम्म पिटकले समाधि र प्रज्ञाको उद्बोधन गर्ने बुद्ध वचनहरू संग्रहित गरेको छ।

शैलेन्द्र अधिकारीको आख्यानमा आनन्दको वाणीमा बुद्ध आफैंले आएर आफ्नो जीवनको इतिवृत्तान्त कहेका छन् र त्यस कथनीमा विनय तथा सुत्त पिटकका प्रसङ्ग अधिकतर छन्। साना साना अध्यायहरूमा बुद्धको जन्मदेखि मृत्युसम्मको अवधिमा भएका मूलमूल घटनाको संस्कृतनिष्ठ प्राञ्जल शैलीमा आख्यानीकरण गरेर शैलेन्द्रले तथागतको जीवनलाई एक दृष्टिकोणबाट बुझ्न सहयोग पुऱ्याउने सामग्री नेपाली साहित्यलाई दिएका छन्, जो महाखडेरी भएको बौद्ध वाङ्मयमा एक सार्थक योगदान अवश्य नै हो। यसका लागि उनको कर्म स्तुत्य छ।

बुद्धको परिनिर्वाणपछि उनको उपदेशलाई सुन्नेहरूको बुझाइका आधारमा विभिन्न मतालम्बीहरूको विकास भयो। त्यसमध्ये माध्यमिक, योगाचार, सौत्रान्तिक सर्वास्तिवाद मुख्य हुन्। माध्यमिक र योगाचार महायानभित्रका सूत्र यान र तन्त्र यान जोडिएको छ। सौतान्त्रिक र सर्वास्तिवाद हिनयान अर्थात् थेरवादसँग सम्बन्धित छ। बुद्धको देशना र जीवनीलाई हेर्ने यी शाखा र सम्प्रदायबीच केही अलग दृष्टिकोण छ। जस्तो कि महायानीहरूले बुद्धलाई 'अर्हत्' मात्रै भन्नु अपमान ठान्छन्। योगाचार र माध्यमिक मत अनुसार अर्हत् भनेको त पूर्ण बुद्धत्व हुनुभन्दा अघि एक ढंगले मात्रै दुःखको क्षय भएको अवस्था हो। सिद्धार्थ गौतम जन्मौंजन्मको पुण्य कर्म र सम्यक् संकल्प तथा प्रणिधानको बलले अर्हत् होइन 'सम्यक् सम्बुद्ध' भएका थिए भन्ने महायानी मत छ। सम्यक् सम्बुद्धत्व त्यो अवस्था हो, जसमा आफू मुक्त भइसकेपछि पनि मोक्षको द्वारमा नपसी सबै प्राणीलाई मुक्तिको बाटोमा डोऱ्याउने महासंकल्प हुन्छ, जो एक अर्हत्मा हुँदैन।

लेखक अधिकारीको पुस्तकको शीर्षक नै 'अर्हत्' भएबाट उनको ज्यादा अध्ययन वा झुकाव थेरवाद सम्प्रदायसँग भएको त्यसै प्रस्ट हुन्छ। त्यसअनुसारै उनले बुद्धको जीवनीलाई आफ्नै शैलीले देखाउने प्रयास पुस्तकमा गरेका छन्। हामी हिजो खाएको तरकारी के थियो त बिर्सिसक्छौं भने लेख्य परम्पराको सुरुवाते नभएको पच्चीस सय वर्ष अगाडिको समयमा धर्मचक्र चलाउने शाक्यमुनी बुद्धको जीवनीको ऐतिहासिकता ठीक ढंगले मिल्यो कि मिलेन भन्ने प्रश्न मात्रै बौद्धिक बहसका लागि ठीक हुन पुग्छ। किनभने, यसमा प्रमाणिकता वस्तुष्ठि भेटिन्न। आस्था, तर्क र अनुभवजन्य बुझाइले व्यक्तिपिच्छे फरकफरक पर्न जान्छ उनको जीवन र घटनाक्रमको इतिहास। तर पनि, विवाद नहुने गरी सुललित ढंगमा लेखक शैलेन्द्र अधिकारीले 'अर्हत्' मा बुद्धलाई चित्रण गरेका छन्। यो निकै प्रशंसापूर्ण कृत्य हो।

म देहले महिला, मनले पुरुष

जब म आफैंलाई ऐनामा हेर्थे, साह्रै उदास र निराश हुन्थें । अदृश्य भगवान्सँग सोधिरहन्थें- हे ईश्वर ! किन मेरो शरीर महिलाको र मन पुरुषको बनायौ ?



आफ्नै कथा
एलिना भण्डारी

अध्याय : एक

मेरो जन्म एक बालिकाका रूपमा भयो । परिवारले खुसी भएर मेरो नाम एलिना राखिदिए । मलाई सानैदेखि छोटो कपाल पाल्न र केटाको पहिरन लगाउन मनपर्थ्यो । तर, मेरी ममीले फ्रकलगायत छोरीले लगाउने अन्य एक्सेसरिजहरू किनेर ल्याइदिनुहुन्थ्यो । त्यो फ्रक म एकछिन लगाएजस्तो गर्थे र फुकालिहाल्थें । मलाई उतिबेलैदेखि महसुस हुन्थ्यो कि म अरू केटीभन्दा पृथक् छु, तर किन म फरक छु ? त्यो थाहा थिएन ।

बढ्दै जाने क्रममा झन्झन् मभित्र 'म केटी होइन' भन्ने भाव हुर्किंदै गइरहेको थियो । मभित्रको मेरो मन र मस्तिष्क एक पुरुषकै छ भन्ने कुराले मलाई बढी नै पिरोल्दै गइरहेको थियो किनकि मेरो बाहिरी आवरण त्यतिबेला पनि केटीकै जस्तो देखिन्थ्यो । जब म किशोरावस्थामा पुगें, मेरो महिनावारी हुनुका साथै ममा शारीरिक परिवर्तन आउन थाल्यो । मेरा स्तनहरू बढ्दै जान थाले, शारीरिक बनावट ठ्याक्कै एउटी किशोरीको जस्तै देखिन थाल्यो । आफूमा आएको त्यस्तो परिवर्तन म आफैंले स्वीकार्न सकिरहेको थिइनँ । मेरो मन र मस्तिष्कमा ठूलो अन्तरद्वन्द्व हुन थाल्यो, किन मेरो मन र मस्तिष्क पुरुषको र शरीर महिलाको जस्तो छ ?

यी मभित्रका यस्ता द्वन्द्वले मलाई भित्रभित्रै खाएर खोक्रो पारिसकेको थियो । महिनावारीका दिनहरू मेरा लागि निक्कै कष्टकर र काला दिन भएर बित्ने गर्थे किनकि महिनाको २९ दिनसम्म म 'पुरुष हुँ' को भावमा बाँचिरहेको हुन्थें । र, महिनावारीका दिनहरूले पलपल याद दिलाउँथे कि म जन्मिँदा केटीका रूपमा जन्मिएकी थिएँ । यी र यस्ता विविध द्वन्द्व तथा अन्तरद्वन्द्वले मलाई असाध्यै सताइरहेको थियो । ममा के भइरहेको छ ? किन भइरहेको छ ? खुट्याउनै सकिरहेकी थिइनँ । जब म आफूले आफैंलाई ऐनामा हेर्थें म भित्रैदेखि साह्रै उदास र निराश हुन्थें अनि भगवान्लाई धिक्कार्दै भन्थें, किन मेरो शरीर महिलाको र मन पुरुषको बनायौ ? आफ्नै शरीर देखेर घिन लाग्थ्यो । बाहिर हिँडडुल गर्दा कसरी स्तन लुकाउने भनेर हरक्षण दिमागमा चिन्ता हुन्थ्यो । चैत-वैशाखको प्रचण्ड गर्मीमा पनि मागेर लाएजस्तो देखिने ठूला-ठूला साइजका ज्याकेट लगाएर शारीरिक वनावट लुकाउने प्रयास गर्थें । मैले लगाउने लुगा मेरा जीउभन्दा निक्कै ठूला र खुकुला हुने गर्थे । जीवन यसरी नै द्वन्द्व र द्विविधामै अगाडि बढिरहेको थियो, तर मेरो भित्री मनमा भने एउटै मात्र प्रश्न रुमल्लिइरहेको हुन्थ्यो- कहिले मेरो भित्री मन र मस्तिस्क जस्तै बाहिरी शरीर नि हुन सक्ला ?

सात-आठ कक्षा पुग्दासम्म म अत्यन्तै राम्रो पढ्ने विद्यार्थी थिएँ । हाम्रा पाठ्यपुस्तकमा लैंगिक तथा अल्पसंख्यक समुदायबारे यथेष्ट सूचना र जानकारीमूलक ज्ञान थिएन, त्यही कारण होला हामीजस्ता व्यक्तिलाई मान्छेले बेग्लै नजरले हेर्ने गर्थे । साथीभाइ र शिक्षकहरू पनि अनौठो मान्ने गर्थे । त्यति मात्रै नभएर मप्रति गरिने व्यवहारले समेत मलाई फरक महसुस गराउँथ्यो । सायद यस्ता थुप्रै कारण थिए, जसले म पढाइमा केन्द्रित हुनै सकिनँ । मेरो दिमागमा हरपल आफ्नो पहिचान कसरी लुकाउने भन्ने मात्रै ध्याउन्न हुन्थ्यो । स्कुल-लाइफमा साथीहरूबीच विपरीत लिंगीतर्फको आकर्षणको कुरा चल्थ्यो । केटी भएर केटीलाई नै मनपराउने कुरालाई अरूले कसरी हेर्ने हुन् भन्ने ठूलो त्रासले म रातभर सुत्न सक्दिनथें । मनैदेखि प्राकृतिक रूपमा आफसेआफ आएको कुरा लुकाउन धेरै नै सकस भइरहेको थियो किनकि मलाई अरू कसैले केटा बनाइदिएको त होइन नि ।

स्कुल पढ्दा मेरो मुख्य समस्या ड्रेस र ट्वाइलेटमा हुन्थ्यो । स्कुल युनिफर्म स्कर्ट थियो । कपाल लामो हुनुपर्ने, रिबन बाँध्नुपर्ने त सामान्य नै भइहाले । छ, सात कक्षासम्म छोटो कपालमा स्कुल गएको मलाई पछि जबर्जस्ती शिक्षकहरूले लामो कपाल पाल्न लगाए । मेरो मनले भने यी कुरा गर्नै मान्दैन्थ्यो । स्कर्ट लाउनुपर्दा, लामो कपालमा रिबनले चुल्ठो बनाउनपर्दा असाध्यै नमज्जा र असहज महसुस हुन्थ्यो । कुनै केटालाई केटीको लुगा लगाइदिएर हिँडाएजस्तो साह्रै नै लाजमर्दो लाग्थ्यो आफैंलाई ।

मैले आफूलाई मनैदेखि पुरुष ठान्ने हुँदा केटीको ट्वाइलेटमा जान शरम लाग्ने, इच्छै नलाग्ने । फेरि केटाको ट्वाइलेट जाँदा किन केटी भएर केटाको ट्वाइलेट पसेको भनेर बुली गर्ने गर्थे साथीहरू । १२ कक्षासम्म केटीकै पहिचान लिएर बाँचेको मलाई त्यो कष्टकर भोगाइ सयौं जुनीभन्दा पनि लामो लागिरहेको थियो । १२ कक्षा पास गरेपछि म एउटा कन्सल्टेन्सी अफिसमा डाटा इन्ट्री गर्ने काम गर्थें । अफिसका सबैले मलाई केटीकै रूपमा देखेका र चिनेका थिए, मेरो वास्तविक पहिचान कसैलाई थाहै थिएन । तर, कहिलेकसो केटाजस्तै व्यवहार गर्छ भन्ने कुराहरू नआएका भने होइनन् । त्यहाँ मेरा प्रिय साथीहरू भए, ब्लु डायमन्ड सोसाइटीमा इन्टर्नसिप गरेका साथीभाइ । उनीहरूले मेरो बारेमा केही शंका गरे । यो यस्तो समुदायको व्यक्ति हो भन्ने निर्क्योल गरेर मलाई ब्लु डायमन्ड सोसाइटीमा कनेक्ट गराइदिए । म काउन्सिलिङका धेरै सेसनहरूमा बसेको छु । त्यसपछि मात्रै मलाई कन्फर्म भयो कि म 'ट्रान्सम्यान' रहेछु भन्ने ।

वर्षौंदेखि मैले खोजिरहेको पहिचान ब्लु डायमन्ड सोसाइटीमा गएर पाएँ । तब मभित्रको अन्तरद्वन्द्व केही हदसम्म कम भएजस्तो, अलिकति सजिलो गरी श्वास फेर्न पाएजस्तो लाग्यो । मजस्ता मान्छे यो दुनियाँमा म मात्रै नभएर अरू थुप्रै रहेछन् भन्ने अनुभूतिले ममा फेरि एक पटक बाँच्ने आशा जागेर आयो ।

कलेजको पहिलो दिन अझै याद छ मलाई, त्यो दिन मैले सर्टपाइन्ट लगाएको थिएँ, कपाल छोटै थियो । केटीको ट्वाइलेट छिरें, केटा भएर केटीको ट्वाइलेटभित्र छिर्‍यो भनेर सबैले हकारे । त्यो दिन सम्झिँदा अहिले पनि निक्कै नमिठो लाग्छ । पहिलो दिन नै मैले यस्तो तीतो अनुभव गर्नुपर्‍यो ।

अब म प्राइभेट कलेज पढ्दिनँ किनभने मेरो पहिचानलाई लिएर मलाई निक्कै गाह्रो हुन्छ भन्ने ठानेर ब्याचलर सरकारी कलेजमै पढ्ने निधो गरें । र, पशुपति क्याम्स भर्ना भएँ । सोचें नियमित कक्षामा बस्दिनँ, परीक्षा दिन मात्रै जान्छु । स्नातक पहिलो वर्षको परीक्षा दिन जाँदा मेरो परिचयपत्रमा भएको फरक लुक्स देखिने फोटोले अर्को 'इस्यु' आयो । त्यतिबेलासम्म मैले मेरो पहिचान पाइसकेको थिएँ । कपाल निक्कै नै छोटो बनाएको थिएँ । 'फोटोमा देखिने मान्छे तँ होइन' भनेर मलाई परीक्षा हलमा बस्न दिएनन । त्यो दिनदेखि मैले कलेज 'ड्रपआउट' गरें, छोडेको छोड्यै भएँ, फेरि फर्केर कलेज जाने र पढ्ने सपना मारिदिएँ ।

> म नेपालकै प्रथम 'ट्रान्सम्यान' हुँ । एलिना भएर जन्मेकी मैले शल्यक्रिया गरी स्तन र पाठेघर फालें, दाह्री-जुँगा आउने र हर्मोन बढाउने औषधि सेवन गरें । सोच्छु, अहिले म पूर्णरूपमा पुरुष हुँ ।

त्यसपछि म ब्लु डायमन्ड सोसाइटीमा भोलेन्टियरको काम गर्न थालें । निक्कै पछि जागिरका लागि दरखास्त आवाहन निस्कियो । मैले अप्लाइ गरें, पास पनि भएँ । हटलाइन अपरेटरको पदमा मैले ब्लु डायमन्ड सोसाइटीमै जागिर सुरु गरें । सन् २०१५ मा मैले हटलाइन अपरेटरको जागिर सुरु गरेको हुँ । फोनमा आएका जिज्ञासा र गुनासाहरू सुन्दा मलाई लाग्थ्यो, यो समुदायभित्र कत्ति धेरै समस्या रहेछन् । पारिवारिक समस्या, हिंसा, प्रेम र विवाहलगायत थुप्रै विषयमा सोधपुछका फोनहरू आउने गर्थे । मैले सकेसम्म उपयुक्त सूचना र जानकारी दिएर आफ्नो काममा अब्बल प्रदर्शन गर्ने प्रयास गरें । त्यसको करिब ३ वर्षपछि मैले कुनै प्रोजेक्टमा प्रोग्राम असिस्टेन्टको रूपमा काम गर्न थालें । त्यस पदमा रहेर काम गर्न कार्यक्रम कसरी डिजाइन गर्ने, कार्यक्रम अवधारणा कसरी बनाउने लगायतका कुरा सिक्ने मौका पाएँ । अहिले म ब्लु डायमन्ड सोसाइटीमा प्रोजेक्ट कोअर्डिनेटरका रूपमा काम गरिरहेको छु, जुन एलजीबीटीक्यूआई चाइल्ड राइट्समा केन्द्रित छ । यसमा विशेषगरी यो समुदायका बालबालिकालाई विद्यालयमा हुने हिंसा, विभेद, बुलिङ्ग, परिवारमा हुने स्विकारोक्तिका समस्या लगायत राष्ट्रिय बाल नीति समुदायमैत्री हुन पर्‍यो भन्ने जस्ता विषयबारे वकालत गरिन्छ ।

अध्याय : दुई

म नेपालकै प्रथम 'ट्रान्सम्यान' हुँ । काठमाडौंमा एलिना नामकी बालिकाका रूपमा जन्मिएको मैले उमेरसँगै बढ्दै गएको स्तन र पाठेघर शल्यक्रिया गरी फालें । त्यसपछि दाह्री-जुँगा आउने र हर्मोन बढाउने औषधि खान थालें । हाल म पूर्णरूपमा पुरुषको भेषमा हुन्छु । मेरो स्वर पनि पुरुषको जस्तै हस्की भइसकेको छ । युवतीका रूपमा जन्मिए पनि मेरो तन महिलाको र मन पुरुषको थियो । त्यही कारण होला केटीहरूप्रतिको आकर्षण बढ्दै जान थाल्यो । भित्रभित्रै डर लाग्थ्यो, मनमा असाध्यै द्विविधा हुन्थ्यो- म किन अरूभन्दा फरक ? मेरो शरीर र मन एकै किन नभएको ?

बाल्यकालदेखि केटाको जस्तै हाउभाउ र पहिरन गर्ने मैले एकदिन लामो केश काटी टाउको मुडुलो बनाएर घर आएँ । घरका सबै सदस्य तर्सिए । मैले दाइलाई भने, 'तैंले मलाई सहयोग गर्नुपर्छ, म तेरी बहिनी होइन भाइ हो, मलाई भाइजस्तै व्यवहार गर्नू ।' यसमा दाइको भरपुर सहयोग प्राप्त भयो । मेरो बुवाले सधैं भन्ने गर्नुहुन्थ्यो, 'तँ किन सधैं यसरी बेरूपी भएर हिँड्ने गर्छेस् ?' बिस्तारै आमाबुवाले यो कुरा थाहा पाएपछि एकदिन आमाले नमीठो मानेर भन्नुभो, 'तैंले किन यसरी आफ्नो मन र शरीरलाई यत्ति धेरै दुःख दिएको ? म यो सब हेरेर बस्न सक्दिनँ, आफ्नो खुसी गर्नू ।' आमाको यो कुराले मेरो मुटु छोयो ।

आमाको माया र शक्ति अपरम्पार हुँदोरहेछ । अहिले बुवाआमा दुवै मलाई छोराका रूपमा स्वीकार गर्न पाउँदा खुसी हुनुहुन्छ । उहाँहरूको मप्रतिको माया र विश्वासले यो सबै सम्भव बनायो ।

सन् २०१५ तिर म समुदायसँग हटलाइनमा काम गर्ने कुरा माथि नै बताइसकें । त्यहाँ मेरो काम यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायभित्रका अन्योलता, उनीहरूलाई परेका समस्या, सामाजिक बहिष्करणमा परेका तथा एचआईभी प्रभावितहरूसँग संवाद र काउन्सिलिङ गर्नु थियो । त्यतिबेला समुदायसँग त छँदैथियो, त्यसबाहेक महिला आयोग, मानवअधिकार आयोग, स्वास्थ्य सेवा आयोग र विभिन्न सरकारी निकायसँग हाम्रो समुदायबारे वकालत गर्ने काम गर्थें । यो कामले हाम्रो समुदायभित्र आत्मविश्वास बढायो भने समाजमा परिवर्तन लिएर आयो । यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मानिसहरूले बाल्यकालदेखि नै पारिवारिक तिरस्कार, सामाजिक हेय र विभेद भोग्नु परिरहेको थियो ।

स्कुलमा यौनिक तथा लैंगिक अल्पसंख्यकमैत्री वातावरण कसरी सिर्जना गर्ने ? यस्ता बालबालिकाका परिवार र अभिभावककहरूलाई कसरी सचेत र सजग गराउने ? कसरी उनीहरूलाई यो विषय बुझाउने ? यो नीति तथा कार्यक्रमको अवधारणा र कार्यान्वयनमा मेरो पनि भूमिका छ । काठमाडौं, बाँके र दैलेखका स्कुलहरूमा मेरै नेतृत्वमा थुप्रै जनचेतनामूलक कार्यक्रम सम्पन्न भए, यसले सकारात्मक परिणाम पनि ल्यायो । तर, सुरुवाती दिनमा काठमाडौंका नाम चलेका विद्यालयबाट पनि हामी अस्वीकृत भएका थियौं । सहजै स्वीकार गरेका परिवारलाई एकैठाउँमा ल्याएर 'रेन्बो ग्रुप' बनाएका छौं, जसले 'पियर टु पियर' परामर्श दिन्छन् । यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मूल कार्यक्रम गाईजात्रा, गौरव यात्रामा ती परिवार वा अभिभावकलाई रोल मोडलका रूपमा प्रस्तुत गरिन्छ । यौनिक तथा लैंगिक अल्पसंख्यक भन्नेबित्तिकै तेस्रो लिङ्गी महिलाको विषय मात्रै हाइलाइट भएको र यसले अन्यलाई छायामा पारेको मलाई अनुभूति हुन्छ । बालिका भएर जन्मिएका, तर फरक मन बोकेका 'ट्रान्सम्यान'हरू लैंगिक पहिचानको हिसाबले फरक हुंदा झन् दोहोरो-तेहेरो मारमा पर्ने मेरो बुझाइ छ ।

कतिपय बालिकालाई 'करेक्टिभ रेप' (यौनको स्वाद थाहा नपाएर केटाजस्ती भएकी, एकपटक यौन कार्य गरेपछि केटी हुन्छे भनेर परिवारले नै केटा खोजेर यौनसम्बन्ध गराइदिने) घटनादेखि प्रसूतिसम्बन्धी विविध समस्याका कारण मजस्ता कैयौं 'ट्रान्सम्यान'हरू दैनिक मर्दै बाँच्न विवश छन् । मूल कुरा त हामीलाई समान मानवका रूपमा व्यवहार गर्नुपर्‍यो । हरेक ठाउँमा हामीले मात्रै विभेद भोग्नुपर्ने किन ? जागिर खान जाँदा आफूसँग सीप, क्षमता र दक्षता नै भए पनि कतै काम दिइँदैन, किन ? सरकार र समाजले सोच्नुपर्ने होइन र ?

सञ्चारमाध्यमहरूले पनि हाम्रो दुःख-पीडाका कथा र अनौठा तस्बिर छापेर 'पब्लिसिटी'कै लागि मात्रै हामीलाई नलिइदिए हुन्थ्यो जस्तो लाग्छ । हामी पनि मानव हौं, समाज र देश बनाउने नागरिक हौं । हाम्रा मुद्दालाई सही रूपमा उपयुक्त ढंगले उठान र वकालत गरिदिए मुलुकले हामीबाट धेरै लाभ लिन सक्छ भन्ने मेरो बुझाइ हो । अन्य मुलुकमा लैंगिक तथा अल्पसंख्यक समुदायका लागि कै यौं अधिकार स्थापित भइसकेका छन्, तर हामीकहाँ सोचसमेत बदलिन सकेको छैन । हामीलाई पनि अन्य मानिससरह व्यवहार गरी राज्यले आफ्ना नागरिकप्रतिको आफ्नो दायित्व पूरा गरोस् भन्ने हाम्रो चाहना हो । यो समुदायभित्र थुप्रै मुद्दा यथावतै छन्, जसलाई टड्कारो उठान गर्नुपर्ने देखिन्छ । फरक लिङ्ग भएकै कारण पढाइबाट वञ्चित हुनुपर्ने, परिवार र समाजको छिःछिः र दुर्व्यवहार सहनुपर्ने, मानसिक तथा शारीरिक पिडा भोग्नुपर्नेजस्ता अनगिन्ती समस्यालाई सञ्चारमाध्यमले उचित ढंगले उठान गरिदिए यो समुदायले पनि मर्यादित जीवन बाँच्न पाउने थियो । बिकज मिडिया ह्याज द्याट पावर टु चेन्ज द थट्स एन्ड सोसाइटी ।

(लक्ष्मी भण्डारीसँगको कुराकानीमा आधारित)

पुष्पा-२ : पैसा छाप्ने कारखाना

प्रदर्शनको १२ दिनमै 'पुष्पा-२' विश्वव्यापी रूपमा १४ सय करोड भारु कमाउँदै अत्यधिक कमाइ गर्ने भारतीय फिल्मको तेस्रो स्थानमा आइसकेको दाबी गरिएको छ

फिल्म
सुशील पौडेल

एक कुल्ली, जो मालिकको गुलामी गर्नुभन्दा आफैं मालिक बन्ने हेतुले रक्तचन्दन तस्कर बन्छ, दिनदहाडै पुलिसकै सामुन्ने चेकिङ छल्दै ट्रकका ट्रक रक्तचन्दनको अवैध ओसारपसार गर्छ, अकुत पैसा कमाउँछ र तस्करहरूको बनीबनाउ सिन्डिकेट तोड्दै आफ्नै आधिपत्य जमाउँछ । महत्त्वाकांक्षी, निर्भीक, बलशाली र चतुर एउटै व्यक्ति जो सारा राज्य, प्रहरी प्रशासन हल्लाउने ल्याकत राख्छ । सोही चरित्रलाई केन्द्रमा राखेर तीन वर्षअघि प्रदर्शनमा आएको फिल्म थियो- पुष्पा : द राइज । सामाजिक, आर्थिक, दृष्टिले पिछडिएको वर्गमा परे पनि उसको एउटा घमण्ड छ, पुष्पा झुकेगा नही ।

भुइँमान्छेलाई केन्द्रमा राखेर उसको कुल्लीदेखि रक्तचन्दन तस्कर नाइकेसम्मको अवैध यात्राको स्तुत्य गान रहेको 'पुष्पा' ले त्यसबेलै थिएटरमा तहल्का मच्चाएको थियो । फिल्मको केन्द्रीय भूमिकामा पुष्पा बनेर देखिएका अल्लु अर्जुनको अभिनयले त्यस वर्षको नेसनल अवार्ड नै जित्यो । सोही फिल्मको दोस्रो इन्स्टलमेन्ट 'पुष्पा-२ : द रुल' यतिबेला प्रदर्शनमा छ । अघिल्लो संस्करण पुष्पाको उदयमा केन्द्रित थियो भने यस पटक पुष्पाको तस्कर साम्राज्य विस्तारमा आधारित छ ।

फिल्ममा एउटा दृश्य छ, पुष्पाकी श्रीमती श्रीवल्ली (रश्मिका मन्दना) मन्दिरमा पूजा गर्न जाने क्रममा जात सोधिन्छ । आफ्नो पारिवारिक वा वंशको पहिचान नपाएकोमा पीडाबोध गर्ने पुष्पराजलाई श्रीमतीले नै पछि गएर अब पुष्पाको पहिचानका लागि बाबु वा उसको वंशको आवश्यकता नपर्ने बरु पुष्पा आफैंमा एउटा 'ब्रान्ड' बनिसकेको र यही पहिचान रहेको जिकिर गरिदिन्छे । हुन पनि यस पटक ऊ फूलैफूल भएको आफ्नै 'ब्रान्ड'को कपडा लगाएर हिँड्छ ।

अघिल्लो पटकका 'फ्लावर नही फायर' वाला पुष्पा यस पटक भने 'वाइल्ड फायर' बनेर देखापरेका छन् । निर्देशक सुकुमारले पुष्पालाई उग्र देखाउन दृश्यमा जति मिहिनेत गरेका छन्, तुलनात्मक रूपमा उनै लेखक सुकुमार कथामा भने केही कमजोर लाग्छन् । केही कमेडी, केही चरित्रका स्वाङ, भारी भरकम संवाद, ठूलो क्यानभास र गीत, संगीतको तड्काको सहारामा दर्शकलाई रत्याउने प्रयास गरेको भने देखिन्छ । दक्षिण भारतीय फिल्मको शैली रुचाउने र अल्लुका फ्यानका लागि भने पुष्पा-२ रमाइलो लाग्नेछ ।

पुष्पामा एउटा गरिब पात्रले धन कमाउन गरेको मिहिनेतमा जति आरोहअवरोह देखिएको थियो, यस पटक सोही पात्रले अकुत सम्पत्ति कमाएपछि आफ्नो साम्राज्य विस्तारका लागि पैसा र घूसको खोलो बगाइदिएको छ । उसको संघर्ष केवल एसएसपी भंवर सिंह शेखावत (फहद फासिल) वरिपरि नै संकुचित भएको छ । जबकि पुष्पा एउटा फोटो खिच्न नमानेको भरमा मुख्यमन्त्री परिवर्तन गर्नेसम्मको क्षमतामा पुगिसकेको छ । पुष्पाको संघर्षभन्दा भंवरसिंहको इगो ठूलो लाग्छ ।

३ घण्टा २० मिनेट लामो फिल्मको पहिलो हाफको कथानक गति सन्तुलित रहे पनि त्यसपछिको हाफ भने लम्बेतान र सुस्त बनेको छ । केन्द्रीय द्वन्द्वबाट उछिट्टिएर फिल्म पारिवारिक द्वन्द्वतर्फ बहकिँदा दर्शकलाई पट्यार लाग्ने जोखिम पनि उत्तिकै छ । पुष्पालाई खलपात्रका अघि जति हिंस्रक देखाए पनि पारिवारिक पाटो र श्रीमतीका नजरमा सामाजिक र पतिव्रता देखाएर सन्तुलन मिलाउने प्रयास गरिएको छ । तर पनि फिल्ममा रश्मिकाको टाइम स्पेस कम र चरित्र कमजोर लाग्छ । एकाध ठाउँमा गलेको पतिलाई ऊर्जा थप्नुमा बाहेक उनको खास वजनदार चरित्र बनेको छैन ।

फिल्मको मुख्य कमजोरी यसको गति हो । मुख्य कथाबाट बेलाबेला हटेर अनावश्यक उपकथामा फिल्म बहकिएको छ । शेकावतसँगको मुसो र बिरालोको जस्तो खेल, सौतेनी भाइको परिवारसँगको कटु सम्बन्ध, रक्तचन्दन तस्करको सिन्डिकेटभित्रको राजनीति र मुख्यमन्त्रीको सत्ता परिवर्तन, भतिजीको अपहरण लगायतका उपकथाहरू छिरलिएका छन् । कतिपयलाई त पति, पत्नीबीचको कमेडी रोमान्सले पनि दिग्दारी थप्न सक्छ ।

पुष्पा चरित्रप्रधान फिल्म हो । निर्देशकले फिल्मको मुख्य पात्र पुष्पाको क्यारेक्टर आर्कका लागि, उसको स्वाग, संवाद र शारीरिक हाउभाउ तथा शैलीमा जति मिहिन काम गरेका छन्, कथा पटकथामा त्यो तहको मिहिनेत गरेको देखिँदैन । अल्लुले पनि पुष्पाको चरित्र चित्रणमा कुनै कसर छोडेका छैनन् । त्यसो त सोही चरित्रले नै उनलाई नेसनल अवार्डको हकदार बनाइसकेकाले पनि हुनसक्छ, पुष्पाको चरित्रमा अल्लुको लगाव जीवन्त बनेको छ । कतिपय समीक्षकले त उनले फेरि पनि नेसनल अवार्डको हकदार हुने गरी अभिनय गरेको टिप्पणीसम्म गरेका छन् र धेरै हदसम्म यो जायज पनि छ । हुन त, पुष्पाकै बेला अल्लुले उक्त अवार्ड पाउँदा आलोचना गर्ने पनि नभएका होइनन्, कतिपय आलोचक 'पुष्पा' जस्ता मसला फिल्म नेसनल अवार्डको हकदार हुन नहुने जिकिर गर्छन् । तर, पनि अल्लुले पुष्पा बन्नका लागि देखाएको शारीरिक लचकता, भेषभूषा, हाउभाउ, स्वाडदेखि एक इमानदार पतिको स्वरूपसम्ममा आफूलाई मज्जाले ढालिदिएका छन् । त्यसैगरी, जति देखिन पाएकी छन्, रश्मिकाले पनि कसर छोडेकी छैनन् ।

खलपात्रको भूमिकामा सशक्त बनेर आएका फहद फासिल भीमकाय र डरलाग्दो भन्दा पनि लिच्चड र अहंवादी छविमा आफूलाई शतप्रतिशत प्रस्तुत गरेका छन् । यो चरित्रले उनले यसअघिका फिल्म खेलेर कमाएका फ्यानका लागि भने दुखित बनाउन पनि सक्छ । यदि यसोभएमा फेरि कलाकारका रूपमा फहदको थप सफलता मान्न सकिन्छ ।

'पुष्पा' को पहिलो संस्करणको जस्तो यस पटक गीत, संगीतले आम सफलता पाएनन्, तर पनि कोरियोग्राफीलाई निकै मिहिनेतका साथ कलात्मक बनाइएको छ । अल्लुलाई कालीका रूपमा महिला भेषमा उतारिएको कोरियोग्राफी उम्दा छ । अल्लुको उक्त स्वरूप दर्शकका लागि सरप्राइज पनि बन्न सक्छ ।

दक्षिण भारतका बिग बजेट फिल्महरू पछिल्लो समयका पैसा छाप्ने मेसिनका रूपमा रूपान्तरण भइरहेका छन् । 'बाहुबली' होस् वा 'केजीएफ' वा 'पुष्पा' कै सिरिज, सबैले एकपछि अर्कोका व्यावसायिक कीर्तिमानी तोड्दै अघि बढिरहेका छन् । दर्शकले यी फिल्मका कथामा भन्दा स्टाइलमा बढी रुचि र चासो देखाइरहेका छन् । झन्डै ५ सय करोड भारुको लागतमा बनाइएको 'पुष्पा-२' ले अहिले नै बक्सअफिसमा त्यसको दोब्बरभन्दा बढीको व्यापार गरिसकेको छ । प्रदर्शनको १२ दिनमा नै 'पुष्पा-२' ले विश्वव्यापी रूपमा १४ सय करोड भारुको कमाइ गर्दै अत्यधिक कमाइ गर्ने भारतीय फिल्मको तेस्रो स्थानमा आइसकेको दाबी गरिएको छ ।

'पुष्पा : द रुल' लाई लिएर विभिन्न सञ्चारमाध्यममा मिश्रित प्रतिक्रिया आएका छन् । अधिकांशले फिल्मको रन टाइमलाई लिएर लामो भएको प्रतिक्रिया दिएका छन् । 'न्युज १८' ले भने यस फिल्मलाई शतप्रतिशत रेटिङ दिँदै दर्शकलाई कथामा बाँधेर राख्ने क्षमताको कथ्य, लार्जर द्यान लाइफ प्रस्तुति र मास अपिलिङ् मनोरन्जनात्मक फिल्म भएको भन्दै समीक्षा गरेको छ । बलिउड हँगामामा तरण आदर्शले पनि साढे चार स्टार दिँदै बलियो एक्सन, चोटिलो ड्रामा र गहिरो भाव बोकेको अल्लु अर्जुनको पृथक् शैलीको स्वाग बोकेको फिल्म भनी तारिफ गरेका छन् । तर, समीक्षक आनन्दु सुरेशले भने 'पुष्पा : द रुल' लाई एभरेज मात्र रहेको उल्लेख गर्दै फिल्म केवल पुष्पा र उनैमा मात्र सीमित रहेको टिप्पणी गरेका छन् । त्यसैगरी 'इन्डिया टुडे' ले पनि पहिलो संस्करणको तुलनामा 'पुष्पा : द रुल' फितलो बनेको भन्दै कथा निर्माण गर्दै जानुको सट्टा छिटपुट घटनाक्रममा अल्झिएकाले खल्लो बनेको उल्लेख गरेको छ । 'द विक' ले त अझ खरो हुँदै आम चेतनामाथिको भद्दा मजाक बताएको छ ।

बोल्छन् मगर, गाउँछन् खस नेपाली

तिनले गीत गाएका थिए- खस नेपालीमा, बाँकी व्याख्या र कुराकानी खाम/पाङ भाषामा ! सार्केनीहरूले गाउने गीत कहिले खस नेपाली भयो ?

कुइनेटो
नवीन विभास

पाल्पामा माघेसंक्रान्ति मनाउँदै मगरहरू

खारा काटी खुम्चेरिय जिबाङ काटी लाइत मालै
जून छन्जी जुनेली रात, आमा छन्जी माइत मालै

(प्रेमकुमारी पुनको २०८१ कात्तिक २७ को फेसबुक पोस्ट भिडियोमा रोल्पा, ढाडढुङ सराबाङकी सार्केनी बुढामगर (६३) ले गाएको रोल्पाको रैथाने गीत साइँला/साइँली बरैको गीतांश)

आकाशमा जून रहँदासम्म 'जुनेली रात' जसरी आमा छँदासम्म मात्रै 'माइत' भन्ने भाववाला रोल्पा/रुकुमको रैथाने गीत झरेपछि सन्नाटा छायो। मेट्रेक्समा पलेटी कसेर 'साइँला/साइँली बरै' सुनिरहेका र कतिले गला घाँसिरहेका (गला गाँस्ने भन्दाभन्दै गला घाँस्ने) अधबैंसे र बूढी आँखा साउने मूल भए। गीतको बदला सिंगान सर्को तानेको साँक्कसुक्कले सन्नाटा तोड्यो। रोल्पा, ढाडढुङ सराबाङस्थित ढुंगेछाने घरको पहिलो तलामा आयोडिनयुक्त भनिने नुनको प्लास्टिक पोका, जो गीत सुनिरहेजसरी बसेको थियो। चुलोमुन्तिर सिल्पट थाल घोप्टो परी निदाएको थियो भने पहेंलो जर्किन टोलाइरहेको।

छिर्केमिर्के लुंगीमा नीलो धरा कसेकी सार्केनी बुढामगर (६३) उही नुनछेउमा बसी गाइरहेकी थिइन्। उनले पारेको गादाभित्र मखमल चोलोमा तिलहरी तेर्सो ढल्केको थियो। सार्केमार्के कपाले टाउकोमा गुथेकी सार्केनीले गाउँदा नाकमा फुली र कानमा मारुली पिङ खेल्थे।

गीत सुनिरहेका प्रायः सार्केनीभन्दा पाका थिए, जसका माइत जाने बाटा भत्केका थिए। गीत सुन्ने र गाउनेले आफ्नै मातृभाषा मगर खाम/पाङमा व्याख्या गरे। गीतले बोकेको भावमा 'हो' मा 'हो' मिलाए। हुन पनि आमा बितेपछि तिनका माइत हेर्दाहेर्दै नौ डाँडा पारि पुगेका थिए।

फेसबुकमा गीत भिडियो पोस्ट गर्ने सार्केनीकी सहोदर कान्छी बहिनी (पूर्वशिक्षक) प्रेमकुमारी पुन (६१) ले लेखेकी थिइन्, 'जमानाका गायिका माइली नाना र आमाजूहरूले गाएको साइँला बरै गीत (पुरानो भाका) हजुरलाई कस्तो लाग्छ ? सुनेर सेयर र कमेन्ट गर्नुहोला।' भिडियोमा 'साइँला/साइँली बरै' र 'उत्रा' गरी दुई रैथाने गीत थिए।

स्मरणीय त के भने, गीत गाएका थिए, खस नेपालीमा, बाँकी व्याख्या र कुराकानी खाम/पाङ भाषामा ! सार्केनीहरूले गाउने गीत कहिले खस नेपाली भयो ? दुई-चार आखर खस नेपाली बोल्नसमेत कन्नेले कसरी खस नेपालीमा गाए ?

'हाम्रो खाममा गीत गाउने चलन नै थिएन,' फोनमा आफूले सानैदेखि खस नेपालीमै गाएको सार्केनीले सुनाइन्। सहोदर जेठी दिदी चट्टौली (धनकुमारी) सँगै गाउन सुरु गरेकी थिइन्। घाँस/दाउरा/सोत्तर सोहर्न मेलापात जाँदा होस् कि जात्रा जाँदा होस्, जमघटमा होस् कि नुन हाट कोइलाबास (पछि घोराही) जाँदा होस्, गाउँदागाउँदै सार्केनी गाउन माहिर भएकी थिइन्। गाउँदागाउँदै उनी ढाडढुङ वारिपारिबाट गाउन 'रागी' निक्लिइन्। रोल्पा रुकुमतिर रागी भनेको 'असाधारण' हो। गीत गाउन माहिरमात्र रागी होइन, जुनसुकै क्षेत्रकालाई पनि रागी भन्छन्। सार्केनीले खाम/पाङभाषीसँग मात्र होइन, खस नेपाली भाषीसँग पनि गाइन्।

'माइली नाना त बाख्रा भाल्ने बेला (घाम नडुब्दै) देखि गाउन थालेर रातभर र अर्कानां दिन घाम झुल्कँदासम्म पनि गाइकन नथाक्किने,' पुनले आफ्नी माइली दिदी सार्केनीको गायकी गान गाइन्।

सार्केनीको गाउँ ढाडढुङ सराबाङ (उत्तरबाट दक्षिणतिर हेर्ने हो भने) खाम/पाङभाषी गाउँहरूको लहरमा अन्तिम गाउँ थियो। ढाडढुङबाट दक्षिण/पश्चिम राङ्कोट, दक्षिण/पूर्व राङ्सी र पश्चिम चुनबाङमा खसकरण भइसकेको थियो। दक्षिणपूर्व लाग्दैजाँदा भाबाङ पुगेमात्र खामभाषी गाउँ भेटिन्थे। जसको लहर ह्वामा, जङ्कोट, कोर्चाबाङ, कोटगाउँ हुँदै रोल्पा सदरमुकाम लिबाङनजिकका रेउघा, मूलपानी पुगेको थियो। ढाडढुङ उत्तरका मिरुल, थबाङ हुँदै रुकुम (पूर्व)का महत, सीमा, कोल, लुगुम, काँक्री, तकसेरा, हुकाम, मैकोट र ढाडढुङ उत्तरपूर्व जेलबाङ, उवा, सेरम, गाम, घुसबाङ अनि बाग्लुङका निसी भुजीमा खाम/पाङ भाषाले सास फेरिरहेको थियो।

चालीसको उत्तरार्द्धको कुनै एक दिन, सार्केनीको सराबाङ पाल्लोपट्टि उपाबाङ स्कुलको भव्य मेलामा पुगें। पहिलो पालि सुनें, खाम/पाङ बोल्ने तर खस नेपालीमा गाइरहेका। पचासको थालनीतिर रुकुम महत स्कुलको प्रांगनमा पनि उपाबाङकै जस्तो देखें। सत्तरीको थालनीतिर मगर मूलस्थान मानिने मैकोट पुगें। खस नेपालीमै गीत गाए। तकसेरा, लुगुम, जेलबाङ, थबाङ, महत, जङ्कोट, ह्वामा, कोर्चाबाङ, भाबाङ, कोटगाउँ, ढाङ्सी, धबाङ, सेरम खामभाषी गाउँमा खस नेपालीमा गाउने। खाम/पाङ भाषामा गाइने गीत कसरी खसकरण भए, जब बोलचाल गर्ने भाषा जिउँदै थियो।

'खसकुरा (खस नेपाली भाषा) गर्न जान्दैनम्। खस कुरा तर गीत गाउने बेला त खस कुरामै हो,' सार्केनीले सुनाइन्।

रोल्पा राङ्कोट जैपाका मेरा जेई र बाबैले ७१ वर्षको उमेरमा (२०६२) रोल्पाका रैथाने गीत अलबमै गाएका थिए। अलबम, बरै। जसमा सात गीत थिए- साइँला/साइँली बरै, उत्रा, स्यानीमाय, फाँक आदि। मेरो गाउँ जैपाबाट गीतले मात्र होइन, खाम/पाङभाषाले नै डाँडा काटिसकेको थियो। मातृभाषा बचेको भेगका सार्केनीहरूले गाउने गीत र मेरा जेईबाबैले गाएका गीतका अनुहार काटीकुटी उस्तै थिए।

'सिँजा हाट दुल्लु विराट' भन्ने खस राज्य र बाइसे-चौबीसे पालामा पनि खसभाषा दबादबा दोब्रियो। पृथ्वीनारायण शाहको 'गोर्खा विस्तार'ले थालेको 'एक भाषा एक संस्कृति एक धर्म' नीति त राणा र राजा महेन्द्रसम्म आइपुग्दा के के भयो ? व्याख्या जरुरी छैन।

रिदी गण्डकी पश्चिम (रोल्पा, रुकुम र बाग्लुङ) का खाम/पाङभाषी मगर समुदाय छरिएका थिए भने रिदी गण्डकी पूर्वमगर ढुटभाषी। एक भाषा, एक संस्कृति र एक धर्म नीति लागू गर्दा राज्यले पश्चिम भेगमा खसभाषा लाद्न बढ्ता बल गर्‍यो, पूर्वमा हिन्दुकरण गर्न। यसकै कारण थियो, खाम/पाङभाषी सार्केनीका सराबाङहरू थोरै बचेका थिए भने ढुटभाषी मगरका जन्म, बिहे र मृत्युमा बाहुनको उपस्थिति।

मगर आदिवासी जनजातिमा (२०७८ को जनगणनाअनुसार) नेपालको सबभन्दा ठूलो जनसंख्या भएको समुदाय हो भने समग्रमा क्षेत्री (१६.४ प्रतिशत) र बाहुन (१२.३ प्रतिशत) पछि तेस्रो (६.९ प्रतिशत)। मगर समुदायमा सबभन्दा चल्तीका गीत थिए, साइँला/साइँली बरै, साइँला/साइँली जी, नानी/नि ल, लस्के, यानीमाय/स्यानीमाय, उत्रा आदि। जो खसकरण भएका थिए।

गीत त सार्वजनिक थलोमा गाउने चलन थियो/छ। सबैलाई सुनाउने। गाउँका जानभानले पनि खस नेपालीमै गाउन जोड दिए। सदरमुकाम वा अड्डाबाट जाने सरकारी मानिस त खस नेपालीमात्र बुझ्ने भइहाले।

'सबैले बुझ्ने र बोल्ने भाषामा गाऊ भन्ने कुरा हाबी भयो,' मगर संस्कृतिविद् बमकुमारी बुढामगरले मगर भाषामा गीत लोप हुनुको कारण खोज्दै भनिन्, 'खसकुराको प्रभाव पर्‍यो। खसकुरामा गाउँदा स्याब्बास भने। सुइँय सुस्केरा हाले। यस्तो माहोल बन्दै गयो। बाइसे-चौबीसे कालदेखि नै हाम्रो भाषा संस्कृति मास्नेतिर गए नि। हाम्रो भाषामा हस्तक्षेप भयो। यहाँसम्म कि, खसकुरा सकारात्मक र खामकुरा नकारात्मक भन्ने भाष्य नै बनाइयो। अहिले जति बचेको छ, ढुकढुकीले मात्र टिकेको हो।' राज्य संरक्षित खस नेपाली भाषा प्रभावशाली थियो/छ। प्रभावशाली भाषाले प्रभाव जमाएपछि खाम/पाङभाषा निरीह बने। पहिलो मारमा गीत परे।

'अरूलाई बुझाइदिने गरी गाउँछ भने त्यो त शक्तिको कुरा आयो। खाम भाषा प्रभावशाली हुँदो हो त, तिनले आफ्नै भाषामा गाउँथे। अरूले बुझ्दैनन् भनेर खस नेपालीमा गाउनु भनेको हार स्विकार्नु हो। हामी शक्तिहीन भयौं, त्यसैले अरूको भाषामा गाइदिनुपर्ने भयो,' भाषाविज्ञान केन्द्रीय विभाग, कीर्तिपुरमा प्राध्यापनरत डा.तारामणि राईले भने।

खाम/पाङभाषी क्षेत्रमा पनि खस नेपालीकै प्रभाव थियो। रेडियो नेपाल खस नेपालीमै गाउँथ्यो। पछि टेलिभिजनले पनि रेडियोलाई नै पछ्यायो। रेडियो होस् कि टेलिभिजन, तिनले मगर भाषामा गाएनन्। सरकारले मगर भाषामा गीत गाएन। त्यतिमात्र होइन कि, मगरबस्तीलाई आधार इलाका बनाएको माओवादीले पनि जनयुद्धताका क्रान्तिकारी गीत पनि खस नेपालीमै गायो।

'गीतमा बाहिरी प्रभाव पर्छ। जो खाम/पाङभाषाका लोकगीतमा पनि खस नेपाली भाषाको प्रभाव पर्‍यो,' मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्राध्यापनरत डा.जनक राई तर्क थियो। कुनै पनि भाषा कति समृद्ध छ, कति जीवन्त छ भनेर नाडी छाम्ने विभिन्न सूचक थिए। जस्तोः ख्यालठट्टा आफ्नै भाषामा गर्छन् कि अर्कै भाषामा ? आफ्नै मातृभाषामा गाली गर्छन् कि अर्कै भाषामा ? आफ्नै मातृभाषामा गाउँछन् कि अर्को भाषामा ? मेलापात जाँदा मातृभाषामै बोल्छन् कि अर्को भाषामा ?

'माथि उल्लेख गरेका कुरा आफ्नो मातृभाषामा गर्दैनन् भने बुझ्नुपर्छ, त्यो भाषाको पकड गुम्दै छ,' तारामणि तर्क थियो, 'आफ्नो भाषा खाम/पाङभाषामा लोकगीत गाउँदैनन् र खस नेपालीमा गाउँछन् भने खाम/पाङभाषाको पकड गुम्दै गएको र खस नेपाली भाषाको प्रभाव बढ्दै गएको अर्थ लाग्छ।'

खसकरणबाट बचे कसरी ?

नेपालमा 'कोठे लोकगीत' चलनसँगै खाम/पाङमा पनि कोठे लोकगीत रेकर्ड भए। यो लेखमा उल्लेख गरेको लोकगीत भनेको लोकमनले गाउँदै आएका र पुस्तान्तरण सर्दै आएका गीत थिए।

'झोरा र सिङारुमा मिसमास छ। पहिले त आफ्नै भाषामा गाउने रहेछन्। मैले त 'जो मा रे'का गीत पनि मातृभाषा भर्सनमा लेखेको छु,' बमकुमारी बुढामगरले सुनाइन्। घापा, सञ्वा, बाछे, जङ्कोट, कोटगाउँ जस्ता थौ गाउँमा बचेका 'जो मा रे' जनयुद्धसँगै लोप भइसकेको थियो।

अध्येता तिलकले रोल्पा र रुकुममा गरिरहेको खोज र दस्तावेजीकरण प्रसंग सुनाउँदै खसकरणबाट बचेका केही गीत सम्झिए- एक, नचारुको सक्क जैने चालामा गाइने गीत। दुई, असारमा मनाइने भुमेपर्वको तोर झाने (एकापसमा शब्दले हानाहान गर्ने, सवालजवाफ गर्ने)। तीन, चा सराल्ने (धर्तीमा भएका फूल सम्झने हो। लेक र बगरका फूल सराबर गर्ने। चा सराल्ने भनेको चिया घोल्ने भनेको हो)। चार, बिरना कतैने (मानिस मरेको दिनदेखि नचोखिँदासम्म गाउने गीत।) पाँच, झाँक्रीको खिट (झाँक्रीले आफूसँग भएका ज्ञानगुनका कुरा सुनाउनुलाई खिट धाने भन्छन्। त्यही खिटलाई हुकाम मैकोटतिर धुर भन्छन्।)

यी गीत खसकरण हुनबाट कसरी बँचे ?

'मर्दापर्दा गाइने गीत त गीतमात्र होइन, त्यो त मन्त्रजस्तो हो। आफ्नो भाषामा गीत नगाएसम्म संस्कार नै नहुने भयो। मृत्यु संस्कारको त्यो गीत बाध्यकारी भयो। नगाएसम्म संस्कार नै नहुने। त्यसैले गाउनै पार्‍यो, सिक्नै पर्‍यो,' मानवशास्त्री डा.जनकको भनाइ थियो। झाँक्री खिट झाँक्री बस्दाखेरि र भुमेको गीत भुमे पर्वमा मात्र गाइने गीत थिए। अन्य गीतजसरी जमघट हुनेबित्तिकै गाइने लोकगीत थिएनन्।

●●●

शक्तिशाली र मूलधारे भाषाको प्रभुत्व र प्रभाव झेल्न नसकी शक्तिहीन किनाराकृत समुदायका भाषा दिन प्रतिदिन बिलाइरहेको बेला, तपाईंलाई लाग्ला, आफ्नो भाषामा गीत गाउँदैनन् भन्ने तपसिलको कुरा भयो। सबैले बुझ्ने भाषामा 'गाउने' भन्दाभन्दै गीत बिलाएजसरी सबैले बुझ्ने भाषामा 'बोल्ने' भने बमकुमारीले भनेजस्तो ढुकढुकीले बाँचेका आदिवासीका भाषा कति दिन बाँच्लान् ?

पृष्ठ क बाट

सेताम्मे ...

●●●

पूर्वनिर्धारित समयतालिका अनुसार यात्राको छैटौं दिन अर्थात् २६ मंसिरका दिन हामी दिङ्बोचेमै 'अक्लाइमेटाइजेसन' गर्ने योजना थियो। त्यसका लागि दिउँसोतिर त्यहींको नागार्जुन डाँडा पुग्ने र फर्किने मात्र कार्यक्रम थियो। तर, कसैलाई खासै गाह्रो नभएको र बरु अलिकलि माथिल्लो ठाउँमा पुगे दूरी पनि छोटिने सबैको सल्लाहबमोजिम छैटौं रात दिङ्बोचेभन्दा २०० मिटरको उचाइमा रहेको थुक्लामा बास बस्ने योजना भयो।

४६०० मिटर उचाइमा रहेको थुक्ला सगरमाथा बेसक्याम्प, गोरकसेप तथा कालापत्थर जानेहरू र लोबुचे हिमाल तथा चोला पास हुँदै गोक्यो लेक जानेहरू छुट्टिने बाटो पनि हो। परिमार्जित योजना अनुरूप नागार्जुन डाँडाको टुप्पामै नपुगिकन बीचबाटै दिङ्बोचे फर्केर हिमाल आरोहणका क्रममा लगाउनुपर्ने जुत्ता तथा ज्याकेटको साइज नापेर हामीहरू थुक्लाका लागि ब्यागप्याक गर्न थाल्यौं। अत्यावश्यक बाहेकका सामग्रीहरू धनभाइमार्फत फेरिचे पठाउने कि थुक्लामै लैजाने भन्ने विषयमा एकछिन बहस पनि भयो।

धन तामाङ, पदयात्राका श्रमिक भाइ अर्थात् बोलीचालीको भाषामा भरियाभाइ। मिजासिला धनभाइसँगको कुराकानी मार्फत हिमाली क्षेत्रका भरियाहरूको पिडालाई नजिकबाट बुझ्न पाइयो। न आम्दानीको कुनै सुनिश्चितता छ न त लडे, चोटपटक लागे या अन्य हिसाबले बिरामी परे कसले उपचार गर्ने कुनै टुंगो नै छ। बिमाको पनि कुनै सुनिश्चितता छैन। मिङ्मा सुनाउँदै थिए, 'बर्सेनि दर्जनौं भरिया भारी बोकेर हिमाल त जान्छन् तर फर्केर आफ्नो घर पुग्दैनन्। बीचमै हराउँछन्। न उनीहरूको लास भेटिन्छ न त सास नै। यसरी अनिश्चित आम्दानी र अनिश्चित जिन्दगीसहितको भारी बोकेका भरियाहरू यो हिमाली पर्यटनका नभई नहुने पिल्लर हुन्।'

अन्तर्राष्ट्रिय पर्वत दिवसका दिन अर्थात् मंसिर २६ गतेको हाम्रो बसाइ हुँदैथियो सगरमाथाबाट आएको खुम्बु ग्लेसियर अर्थात् दूधकोशीको मुहानछेउको ४,६२० मिटर उचाइको थुक्लामा, माइनस १३ डिग्रीको तापक्रममा मोबाइल फोनको नेटवर्कविहीन अवस्थामा। संयोगले १ हजार रुपैयाँ तिरेपछि केही घण्टा चल्ने इन्टरनेट पाइनेरहेछ। त्यो पनि राति चिसोले ब्याट्री डाउन भएपछि सक्कियो।

परिमार्जित तालिका अनुसार भोलि बिहान त लोबुचे हाइक्याम्पका लागि मुभ हुनुथियो र भोलि नै राति लोबुचे हिमाल आरोहणका लागि हिँड्नु पनि थियो। एउटा जोखिम र डर मिश्रित सपना देखिने कल्पना गर्दै थुक्लाको रात बिताइयो।

●●●

'अहो ! अबको १७ घण्टामा त लोबुचे हिमाल आरोहणका लागि सम्पूर्ण सरसामग्री भिरेर हिँडी पो सकिन्छ त है ?,' सहयात्री सुभाषलाई भनें। 'हामी त जान्छौं जान्छौं बरु पदमजी पो के हो ?,' वास्तवमा अकस्मात् निर्णय गरेर हो या किन हो पदमजीलाई हामी सबैले हिमाल आरोहणमा सिरियस्ली लिएका थिएनौं। सुरुमा 'लुक्लाबाटै फर्किन्छन् नभए नाम्चेबाट त कन्फर्म' भनेका पदमजी दिबुचे, दिङ्बोचे हुँदै थुक्लासम्मै आइपुगेका थिए।

चानचुन ९ बजेतिर थुक्लामै खाना खाएर हामीहरू लोबुचे हाइक्याम्पमा बास बस्ने गरी अघि बढ्यौं। हामीले खाना खाँदैगर्दा दिङ्बोचेबाट क्याम्प बाँध्ने टोली हाम्रा हिमाल आरोहणका सामग्रीहरू लिएर अघि बढिसकेका थिए। पदमजी खाना खासै मिठो हुन छोडेको सुनाउँदै थिए। खाना खाइसकेपछि अत्यावश्यक बाहेक बाँकी सामग्री थुक्लामै छोडेर हामीहरू लोबुचे हाइक्याम्पका लागि अघि बढ्यौं। अलिपर पुगेपछि चोलात्से र ताबुचे हिमालको बीचमा हिमपहिरोले थुनेर बनाएको चोला ताल जमेर ठप्पै भएको देखियो। एकछिन त्यहीं सुस्ताएर कुनै दिन यो हिमताल फुटेमा यसले तल फेरिचेदेखि पाङ्बोचेसम्मका गाउँहरूमा पार्न सक्ने असरका बारेमा कुराकानी गर्‍यौं।

एकछिनमा फराकिलो फाँट आयो। लाक्पा भान्जाले उक्त ठाउँ नै लोबुचे बेसक्याम्प भएको बताए। बेसक्याम्पबाट हाइक्याम्पका लागि उकालो लागियो। अब भने बिस्तारै उचाइको गाह्रोपना महसुस हुँदैथियो। हिजोसम्म १२ किलोको झोला आफैंले बोकेर हिँडिएको थियो, तर अहिले त्यसको आधा हुँदा पनि गह्रौं महसुस हुँदैथियो। दिउँसोको पौने ३ बजे लोबुचे हिमाल हाइक्याम्पमा पुग्यौं।

हावा जोडले चलिरहेको हाइक्याम्पमा छेवैको सानो ताल पनि जमेर ठप्प थियो। हाम्रा लागि बनाइएका टेन्टहरू बसिसक्नुका थिएनन्। मिङ्माले हावा धेरै चलेकोले सबैजना डाइनिङ टेन्टभित्रै सुत्नुपर्ने सुनाए। मिङ्माको निर्देशनलाई पालना गर्दै केहीबेर रेस्ट गर्ने भइयो।

रातको ११ बजे, लाक्पा भान्जाले सबैलाई उठाएर ट्रेकिङ गियरहरू लगाउन भने। बाक्लाबाक्ला डबल मोजा लगाएर झन्डै २-२ केजीका जुत्ता अनि भित्र दिउँसो लगाएका रेगुलर लुगाबाहिर डाउन पेन्ट र डाउन ज्याकेट अनि त्यसबाहिर हार्नेस र हिउँ एरिया भेटिएपछि जुत्तामा फलामका दाँत भएका क्र्याम्पन्स। हातमा डाउन पन्जा र ट्रेकिङ पोल त छँदै छ। यति लगाइसकेपछि बाटोमा दिसापिसाब आइहाले के गर्ने नि ?

बाँकी कुरा देखाजाएगा। यत्ति सोचेर रेडी भइयो।

●●●

मध्यरातको १२ बज्न १५ मिनेट बाँकी हुँदा हाइक्याम्पबाट हाम्रो आरोहण सुरु भयो। चार जना आरोहीहरू- विश्वप्रकाश शर्मा, म, सुभाष अधिकारी र पदम शर्मा। आरोहणका अन्य मुख्य सहयात्रीहरू थिए- मिङ्मा शेर्पा, मकालु लाक्पा शेर्पा, डिमाठेन्डुक शेर्पा र लाक्पा शेर्पा।

सुरुका २ घण्टाजति करिब ८० डिग्रीको भिरालो चट्टानको उकालो अनि बाँकी ५ घण्टाजति हिउँ नै हिउँको यस्तै प्रकारको ८० डिग्रीको भिरालो। डोरीमा झुन्डिँदै, घिस्रिँदै बिहानपख झुल्केघामको उज्यालोसँगै ६:४५ बजे पुगियो लोबुचे हिमालको चुचुरो।

अत्यन्तै जोखिम, डर तर उत्तिकै रोमाञ्चकता यिनै भावहरू बोकेर हिमालको चुचुरोमा पुग्दा यस्तो लाग्यो- स्वर्गको एक टुक्रामा उभिएको छु र पृथ्वीलाई नियालिरहेछु। चुचुरोमा पुगेपछि कतै सेताम्मे हिमाल त कतै उजाड पहाड हेर्दै विश्वजीले भन्नुभयो- जलवायु परिवर्तनको असरबाट यो पृथ्वीलाई बचाउन सबभन्दा पहिले हाम्रा यी हिमालहरू जोगाउनुपर्छ।

जित्ने सूत्र

राजनीति र कूटनीतिमा 'फरेनर्स इम्प्याक्ट' निको मानिन्न, तर खेलकुदमा यसलाई सकारात्मक कदम मानिन्छ

क्रिकेट
हिमेश

जगत टमाटा गुरुले ठीकै भनेका हुन्, 'सुदूरपश्चिम रोयल्समा जे पनि राम्रै राम्रो छ।' टिमै राम्रो। भनेपछि खेलाडी नै राम्रो। समर्थक पनि राम्रो। ती समर्थकले कीर्तिपुरको टीयू मैदानमा गाउने देउडा गीत र नाच दुवै राम्रो। नराम्रो हुन्थ्यो त सुदूरपश्चिमले कसरी समूह चरणको अन्त्यमा शीर्ष स्थान जित्यो ? अनि कसरी क्वालिफायर-वान पनि सजिलै जितेर फाइनल पुग्थ्यो ? यसबीच पनि सुदूरपश्चिमको सबैभन्दा राम्रो चाहिँ के हो त ?

आजभोलि जताततै नेपाल प्रिमियर लिग (एनपीएल) कै चर्चा छ। हामी पनि त्यसकै कुरा गरिरहेका छौं। हिजै मात्र प्रतियोगिता सुरु भएको जस्तो लाग्थ्यो, अब त सकिन पनि लाग्यो। जम्मा जम्मी एकै खेल मात्रै बाँकी छ, फाइनल। उपाधिको भिडन्तमा सुदूरपश्चिमको प्रतिद्वन्द्वी हो, जनकपुर बोल्ट्स। जनकपुर त्यही टिम हो, जसले लिग चरणमा दोस्रो स्थान ओगटेको थियो, सुदूरपश्चिमको ठ्याक्कै मुनि। यस्तोमा यसको अर्थ सिधा छ- फाइनल खेल तिनै दुई टिमबीच हुने भएको छ, जसलाई सबैभन्दा राम्रो दुई टिम भन्न मिल्छ।

प्रतियोगिताको सुरुमै एकखाले अनुमान थियो, यसपल्टको एनपीएलमा त्यही टिम सफल हुनेछ, जसका विदेशी खेलाडी चम्किने छन्। अझ स्पष्ट भन्दा जुन टिममा 'फरेनर्स इम्प्याक्ट' बढी सटीक हुन्छ, त्यही टिमले राम्रो गर्नेछ। भयो पनि यस्तै। त्यसो त राजनीति र कूटनीतिमा 'फरेनर्स इम्प्याक्ट' लाई सायद निको मानिन्न। तर, खेलकुदमा यो राम्रै हो, सकारात्मक।

अब सबैभन्दा पहिले उठाइएको प्रश्नमै जाने हो भने सुदूरपश्चिमको एउटै सबैभन्दा राम्रो पक्ष भनेको उसको लगभग सबै विदेशी खेलाडी चम्कनु हो। लिग चरणमा पुछारतिर परेको टिमको एउटै गुनासो सुनिएको थियो, हाम्रो त विदेशी खेलाडी चल्दै चलेनन्। तर, सुदूरपश्चिमका विदेशी खेलाडी भने मज्जाले चले। तिनको ब्याट पनि चल्यो, बलिङ पनि चल्यो। यसमा सबैभन्दा पहिले नाम आउँछ, सइफ जइब। यी ब्याटिङ अलराउन्डर हुन्।

यी इंग्लिस खेलाडीले ८ खेलमा २ सय ६ रन बनाइसके। अनि ११ विकेट पनि लिएका छन्। त्यसपछि आउँछन्, ब्रान्डन म्याकमुलेन। उनी भने स्कटल्यान्डका हुन्। यिनले भने ८ खेलमा १ सय ८७ रन बनाएका छन्। अनि उनले लिएको विकेट संख्या हो, ६। न्युजिल्यान्डका स्कट कुगेलिन त पूरा प्रतियोगितामै सबैभन्दा बढी विकेट लिने बलरमध्ये एक हुन्, अहिलेसम्म। उनले ८ खेलमा १६ विकेट लिएका छन्। ब्याटबाट उनले धेरै खास केही गर्नु परेकै छैन।

अझ उनीसम्म ब्याटिङको पालै आउँदैन् भन्दा पनि हुन्छ। अर्को विदेशी खेलाडी हरमिन सिंह मेरिकी हुन्। उनले ४ खेल मात्रै खेलेका छन्, तर लिएका छन्, आठ विकेट। यति भन्दाभन्दै सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीको नाम कसरी छुटाउने ? नेपालको घरेलु क्रिकेटका स्टार खेलाडीको एउटा सानो सूची बनाउने हो भने त्यसमा रहेका नाममध्ये यसपल्टको एनपीएलमा सबैभन्दा बढी चम्कने खेलाडी हुन्, तिनै दीपेन्द्र।

यस्तो किन पनि भन्नुपरेका हो भने त्यस सूचीमा पर्ने केही खेलाडी नराम्रोसँग असफल भएका छन्, यसपल्टको एनपीएलमा। जे होस्, कुरा के भन्दा क्रिकेटका कप्तानको ठूलै भूमिका हुन्छ। अझ केहीले त प्रशिक्षकभन्दा कप्तान नै ठूला भन्छन्, क्रिकेटमा। यही काम दीपेन्द्रले मीठोसँग गरिरहेका छन्। क्रिकेटको ठ्याक्कै भाषामा 'लिडिङ फ्रम द फ्रन्ट'। उनी आफैं सबैभन्दा बढी रन बनाउने खेलाडी सूचीमा छन्, उनले ८ खेलमा २ सय १८ रन बनाएका छन्।

यहाँनिर भेट्रान भन्न मिल्ने विनोद भण्डारीलाई पनि छुटाउनु हुन्न। सुदूरपश्चिमका लागि उनले गुनै मान्न सकिने खाले खेल प्रदर्शन गरिरहेका छन्। सबैभन्दा पहिले उनले ओपनरको भूमिका नै दरिलोसँग निभाइरहेका छन्। त्यसकै प्रमाण त हो, उनको ब्याटबाट निस्केको १ सय ९४ रन। जति उनी राम्रो ब्याटिङ गरिरहेका छन्, त्यत्तिकै सटीक विकेटकिपिङ पनि गरिरहेका छन्। यस्तोमा विनोदकै कारण सुदूरपश्चिमलाई टिममा एउटा फरक भूमिकाको खेलाडी छिराउने मौका मिलिरहेको छ।

अब जनकपुरको कुरा। जनकपुरको फाइनल यात्रा त्यति सुमधुर रहेन, जति सुदूरपश्चिमको रह्यो। सुरुआत चाहिँ जनकपुरले राम्रै गरेको थियो, तर पछि उसको प्रदर्शन केही तलमाथि भयो। तर, जनकपुर पनि फाइनलका लागि त्यत्तिकै हकदार हो। यसका लागि पनि उसले आफ्नो विदेशी खेलाडी जिम्मी निसमलाई धन्यवाद दिनैपर्छ। यिनी पनि अलराउन्डर नै हुन्, न्युजिल्यान्डका। यसपल्टको एनपीएल खेल्ने विदेशी खेलाडीमध्ये सम्भवतः सबैभन्दा ठूलो नाम।

यी निसमले ८ खेलमा २ सय ४३ रन बनाएका छन्। त्यतिमात्र नभएर उनले ६ विकेट पनि लिइसकेका छन्। खासमा उनी कति धेरै उपयोगी खेलाडी हुन् भन्ने कुरा क्वालिफायर-टुमा उनको प्रदर्शनले देखाउँछ। त्यस खेलमा प्रयोग भएको पिच आफैंमा ब्याटरका लागि गाह्रो थियो। बल राम्रोसँग ब्याटमा आइरहेकै थिएन। अरू सबै ब्याटर रन बटुल्न असफल रहेको बेला उनले भने मज्जाले ४५ रन बनाए, कर्णाली याक्सविरुद्ध।

अहिले तत्कालका लागि सबैभन्दा बढी लयमा रहेका खेलाडी उनी नै हुन्। त्यसो त उनी ३४ वर्षका भए, माथिल्लो दर्जाको अन्तर्राष्ट्रिय क्रिकेटबाट टाढिएको पनि धेरै भइसकेको छैन। कठिन पिचमा काम लाग्ने भनेकै यिनी जस्ता खेलाडी हुन्, शक्तिशाली ठूलाठूला प्रहार गर्न सक्ने। फेरि नेपालमा खेल्न पाएर उनी खुसी पनि छन्, आफ्नो खेलमा आफैं रमाइरहेका छन्। उनी जत्तिको विदेशी खेलाडीबाट योभन्दा बढी के नै आस गर्ने र ?

जनकपुरका लागि श्रीलंकाली मूलका अर्का अमेरिकी खेलाडी लाहिरू मिलान्थाले पनि ब्याटबाट राम्रै गरिरहेका छन्। सुरुका चार खेलमा असाध्यै राम्रो खेलका यी विकेटकिपर ब्याटर पछिल्लो समय अलिकति रन बनाउन संघर्ष गरिरहेका छन्। तर, उनको सबैभन्दा ठूलो विशेषता हो- उनी जत्ति अरू विदेशी खेलाडी टीयू मैदानसँग अभ्यस्त छैनन्। क्यानाडाका हर्ष थाकेरले पनि ९ खेलमा ११ विकेट आफ्नो नाममा लेखाइसके।

जनकपुरका लागि हाम्रो आफ्नै छुटाउने नहुने नाम भनेको ललित राजवंशी हो। उनले ९ खेलमै १६ विकेट लिएका छन्। कुगेलिनसँगै उनी सर्वाधिक बढी विकेट लिने सूचीको शीर्षमा छन्। बढी रन बनाउने १० खेलाडीको सूची बनाउँदा त्यसमा ६ विदेशी छन्। अनि यस्तै बलरको सूचीमा पाँच विदेशी छन्। त्यो अर्थमा नेपाली र विदेशी खेलाडीको सन्तुलन ठीकठीकै छ। नेपाली क्रिकेटका लागि जति राम्रो विदेशी खेलाडी आयो, त्यति नै राम्रो पनि हुन्छ।

यति धेरै कुरा गरिसकेपछि एउटा सार भने खिच्न सकिन्छ र यसले तयार पार्छ, एनपीएलमा राम्रो प्रदर्शनको सूत्र। त्यो के भने अबका संस्करणमा सुदृढ प्रदर्शन गर्ने हो भने चल्ने खालका तीन/चार विदेशी खेलाडी ल्याउनैपर्ने हुन्छ। यहाँनिर चल्नेको अर्थ नाम मात्रै होइन, बल र ब्याट दुवैबाट खेल्न सक्ने हो र सबैभन्दा ठूलो टिमका लागि योगदान दिन सक्ने पनि। खालि पेन्सन मात्रै पकाउन आउने विदेशी खेलाडी ठीक हुन्न, मज्जाले खेल्न सक्ने नै चाहिन्छ।

यसपल्टको एनपीएलले दिएको 'विनिङ फर्मुला' अर्थात् जित्ने सूत्र यही नै हो।